# प्रदेश सभा
# गण्डकी प्रदेश
# दशौं अधिवेशन
# (बाह्रौ बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति :- २०७९।०२।२९गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको २बजेर २३ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख :-**

माननीय सदस्यहरू, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब मिति २०७९ साल जेठ २४ गते माननीय प्रदेश प्रमुखज्यूबाट सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम माथीको बाँकी छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्ना भनाई राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री जुना देबी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री कोपिला बोहरा।

**माननीय सदस्य श्री जुना देबी नेपाली**

माननीय सभामुखज्यू, माननीय प्रदेश प्रमुखद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम माथि हामी छलफलको क्रममा नै छौं।मानव आवश्यकता भध्ये खानेपानी एक आधारभुत आवश्यकतामा पर्दछ र यो नेपालको संविधानले पनि यसलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। आधारभुत खानेपानी तथा सरसफाई क्षेत्र ३(तिन) वटै तहका सरकारले उच्च प्राथामिकतामा पार्नु यो सुखद पक्ष हो ।यति कुरामा मात्रै सिमीत छैन यो बिषय यस क्षेत्रमा नीजि तथा अन्तराष्ट्रिय क्षेत्रको चाँसो तथा लगानी आकर्षण हुदै जानु म मात्रै यो कुरा भनिरहेको छैन।प्रथम पञ्च बर्षिय योजना बिगतका नीति तथा कार्यक्रमहरुले पनि भनिरहेको छ। बिगत देखिका सरकारले प्रदेशका सबै घरपरिवारलाई

आधारभुत तहको खानेपानी सेवा पुर्याउन सञ्चालित एक घर एक धारा कार्यक्रम आएकै थियो र बर्तमान सरकारले पनि यसलाई निरन्तरता भनि नीति तथा कार्यक्रममा ल्याएको छ र यो विगतको सरकारले पचास प्रतिशत भन्दा बढि काम सम्पन्न गराईसकेको र बर्तमान सरकारले यसलाई अलपत्र पार्ने हो कि भन्ने मेरो मात्रै हैन यो सिङ्गो प्रदेशवासीको आशङ्का बढिरहेको छ।म एउटा घट्ना मात्रै प्रस्तुत गर्न चाहन्छु।कुश्मा नगरपालिका वडानं १० पिपलटारी लिफ्ट खानेपानी आयोजना यो साढे चार बर्ष हुँदा पनि यो खानेपानी योजना सम्पन्न हुन नसक्ने यो कस्तो दुर्दशा आइलाग्यो भन्छु र सरकारले आफ्ना कार्यक्रमहरु सञ्चालित गरिरहँदा खेरी उपलब्धी देखाउन नपर्ने यो कस्तो बिडम्वना हो। म त यो एउटा प्रतिनिधि घट्नाको रुपमा प्रस्तुत गरेको मात्रै हुँ। पाँच बर्षे कार्यकालको अन्तिम बर्षमा हामी छौं।यता विगतका धेरै योजनाहरु यो त एउटा प्रतिनिधी घट्ना मात्रै प्रस्तुत गरे मैले बिगतका धेरै योजनाहरु अधुरा र अपुरा रहेर बजेटमा प्रतिक्षामा यि योजनाहरु रहेका छन।यी र यस्ता अधुरा योजनाहरु सम्पन्न गराउन तिन वटै सरकारको म माननीय सभामुख ज्यू मार्फत गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराउँदछु र सरकारलाई प्रश्न गर्न चाहान्छु विगतका योजनाहरु पुरा गर्ने यो सरकारको ईच्छा शक्ति हराउँदै गएको त होईन बाँकी योजनाहरु सम्पन्न गराउने र सम्पन्न भएका योजनाहरुको दिगो व्यवस्थापन हुने कुरामा तत्परताका साथ अगाढि बढ्न आवश्यक देखिन्छ। प्रादेशिक अर्थतन्त्रलाई सवल बनाउन उत्पादनको क्रियाशिल साधनको रुपमा श्रमको महत्वपुर्ण भुमिका रहन्छ र नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ।दक्ष र व्यवसायिक श्रम शक्तिको विकाश गर्न जरुरी छ। श्रम र उद्यमी बिच सुसम्वन्ध कायम गराउन श्रम र ज्याला बिचको सन्तुलन कायम गर्न कामको आधारमा प्रति घण्टाको दरले ज्याला निर्धारण गर्ने किनकी धेरै कामदारहरु यसबाट आहत भएको छ र ति कामदारहरुलाई राहत पुर्याउनको लागि पनि यो प्रति घण्टाको दरले ज्याला निर्धारण गर्ने यसको व्यवहारीक कार्यन्वयन गर्न आवश्यक देखिन्छ र गाँउमै कमाउन र गाँउमै रमाउनको लागी माटो सुहाँउदो खेति शिप सुहाँउदो पेशाका लागी यस प्रदेशको मुख्य खेतियोग्य जमिनको माटो परिक्षण गरी धान, मकै, कोदो तरकारी आलु, सुन्तला, कागति, स्याउ, अम्वा,नास्पति, लप्सी, फलफुल, खुर्शानी एवंम लगायतका कुनै एक दुई बाली मात्र भन्दा पनि यस प्रदेशमा उत्पादन हुन सक्ने सम्भावनाका र खेति गर्न जस्तै ब्लक जोन क्षेत्र निर्माण गर्न कृषकहरुलाई प्रोसाहन गर्न आवश्यक छ।किसानलाई

आवश्यकता अनुसार निशुल्क कृषि औजार, उपकरण खरिद र उपयोगमा प्रोत्साहन गर्न आवश्यक देखिन्छ र समयमा मल विउको ग्यारेन्टी गर्न आवश्यक छ र यो कृषि उपजको समर्थन मूल्य कायम गरी बजारीकरणमा प्रोत्साहन गर्न आवश्यक छ। मानविय श्रम र सिंचाई कम लाग्ने कृषि प्रविधि र प्रणाली प्रर्वधन गर्न आवश्यक देखिन्छ। प्रत्येक एक वडा एक कृषि उत्पादन तरकारी संकलन केन्द्र स्थापना सञ्चालन गर्न आवश्यक छ। जसबाट आम जनता यसबाट लाभान्वित हुने कुरा देखिन्छ र गाँउ गाँउमा रहेका परम्परागत नहर कुलो लगायतका सिंचाई क्षेत्र मर्मत सम्भार साथै सिंचाई सुविधा नभएको क्षेत्रमा सिंचाई योजनाहरु थप गरी बर्षैंभरी सिंचाई सुविधा पुर्याउन आवश्यक देखिन्छ। हालको कृषि प्रणाली मनसुनमा आधारित अस्थिर र निर्वाहमुखि भएको हुनाले सिंचाईको बिस्तार, यान्त्रिकरण, व्यवसायिककरण गरी भरपर्दो र उच्च उत्पादकत्व दिने कृषि प्रणालीमा रुपान्तरण गर्न आवश्यक देखिन्छ र एउटा यो एक बिद्यालय एक नर्स कार्यक्रम जुन आएको छ।यो सबैले महशुस गर्ने गरी सरकारले कार्यक्रम ल्याएको भन्ने आम जनताले भर पर्ने बिश्वास देखिएको छैन र प्रत्येक विद्यालयमा यो लागु गर्न सकियो भने मात्र यो सरकारको विश्वास हुने छ।नत्र यस्ता कार्यक्रम ल्याउने र एक दुई वटा मात्रै देखाउने उहि देखाउने खसी खाने फर्सि भने जस्तै यस्ता कुरामा पनि सरकारले ध्यान पुर्याउने छ। यो गरिव विपन्नलाई उपचार खर्च मृगौला पिडीत देखि विभीन्न रोग बिरुद्ध लड्न उपचार सेवा प्रदान गर्न यो अस्पतालबाटै यी यस्ता सेवाहरु उपलब्ध हुने गरी वयवस्था मिलाउन आवश्यक देखिन्छ किनकी पहुँच पुग्नेले मात्र यस्ता सेवा सुविधाहरु प्राप्त गर्ने मात्र होईन सबैको सेवा सुविधा सर्व सुलभ छिटो छरितो पुर्याउन आवश्यक छ र यहि बिषयलाई लिएर राजनितीकरण गर्ने र यो राजनिती यस्ता खेल खेल्ने र भोट आँफुतिर तान्ने यस्ता गतिविधीबाट बच्न र बचाउन आवश्यक देखिन्छ।यो परम्परागत सिप व्यवसायीकरण कार्यक्रम ल्याउनको लागी मात्रै ल्याइएको हो की ? जनताले महशुस गर्ने गरी ल्याइएको हो किनकी परम्परागत पेशा व्यवसायमा छाला जुत्ता उद्योग जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्यो भने त्यसलाई आवश्यक पर्ने मेशिनहरु त्यसको साइज त्यसलाई धार मिलाउने देखि लिएर कटीङ गर्ने देखि लिएर थुप्रै मेशिनहरुलाई नै थुप्रै रकम पर्ने हुँदा एउटा कार्यक्रम यो गण्डकी प्रदेश सरकारले छुट्टाएको रकममा एउटा कार्यक्रम पनि सम्पन्न गर्न नसकेको नसकिने त्यस्तो बजेट सरकारले ल्याउँछ भने बाँकी झन परम्परागत पेशा व्यवसायका यस्ता व्यवसाय कसरी प्रर्वधन हुन सक्छन। कुनै पनि पद प्राप्त गर्नु ठूलो

कुरा होइन। त्यो विषयमा कतिको ज्ञान छ भन्ने कुरा महत्वपूर्ण हो की भन्ने कुरा मलाई अनुभुति भइरहेको छ र यस्ता खाले विभिन्न यो जातिय छुवाछुत जस्ता भेदभावका सामाजिक अभियानहरु पनि ल्याउने र यी प्रभावकारी रुपमा कार्यन्वयन भएको मैले महशुस गरेको छैन। आगामी दिनमा प्रभावकारी रुपमा कार्यन्वयन हुने गरी कार्यक्रमहरु सरकारले ल्याउन जरुरी छ भन्दै यो नीति तथा कार्यक्रममा म र मेरो दलको तर्फबाट समर्थन नरहेको कुरा जानकारी गराउँदछु। धन्यबाद, नमस्कार।

**माननीय सभामुख :-**

अब म माननीय सदस्य श्री कोपिल बोहरालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री मिना गुरुङ।

**माननीय कोपिल बोहरा** :-

माननीय सभामुखज्यू, आज हामीले यो नीति तथा कार्यक्रमको गरीमामय सदनमा छलफलको क्रममा छौं र प्रदेश प्रमुखद्वारा भएको जानकारी त्यसैमा छलफलमा छौं र हामी यो नीति कार्यक्रम गर्दै गर्दाखेरी सवै कुरा आएको छ। राम्रो छ। यसमा सवै कुरा आएछ एउटा दुइटा कुरा नआएको मैले चाहेको कुरा मैले भन्न चाहान्छु। सवै यो नीति कार्यक्रममा सवै आएर यसको समर्थन मेरो र मेरो दलको समर्थन पुरा समर्थन छ। पहिला पनि भोगी आएको हामीले नआएको हैन। पहिलाको सरकार हुँदा पनि हामीले कति अनुरोध गरियो । कति दुख भोगियो, कति अनुरोध गरेर, अनुरोध गर्दा पनि केहि समाधान नभएको क्रम पनि छ यहाँ। त्यसमा पनि भोग्दै आएको हामीले अहिले छलफल हामी माननीय माननीयले छलफल गरिराखेका छौं। यसको उत्तर हामीले माननीयहरुले माननीय सदस्यहरुले दिएको उत्तर हाम्रा मन्त्रीज्यूले फर्काउन पर्छ कि। हामीले होइन कि दोहोरी खेल्ने भने जस्तो लाग्छ मलाई त्यो हो कि होईन मलाई थाहा छैन। त्यसैकारण मैले के भन्न चाहन्छु भने एउटा लोकल रक्सीलाई हामीले परिवन्द लगाएका छौं। लोकल रक्सीको हामीले प्याकिङ्ग गराउँदा कसैबाट पनि कुरा आँउछ भन्ने मैले सोचेको थिए र आएन त्यो कुरा नआएको कारणले मैले भन्न चाहे। हो होइन हुन्छ हुन्न। त्यसमा समर्थन गर्नुस माननीय सभामुख द्वारा। मैले अनुरोध गर्छु तर बाहिरको एक हजार देखि एक लाख सम्मको सिसालाई हामीले समर्थन गर्छौं। हाम्रो कोदाको रक्सीले पठन पाठन परिवार यसले जिवित गराएको कोदाको रक्सीलाई हामीले परिवन्द लगाउँछौं। यसलाई के गर्नपर्छ भनेर गर्दा राम्रो हुन्छ कि जस्तो लाग्छ है मलाई। कसैबाट पनि नआएको हुँदा अनि त्यसपछि फेरी

गाँजा खेति छ। गाँजा खेतिलाई पनि हामीले परिवन्द लगाएका छौं। त्यसमा पनि गर्दा के हुन्छ। त्यसलाई पनि अनुरोध गरे मैले माननीय सभामुख मार्फत त्यसलाई पनि गर्दा राम्रो होला जस्तो लाग्छ त्यसैकारणले हामीले अहिले सवै राम्रो छ सवै आएको छ। एउटा किनकी हामी एकल महिलाले, जेष्ठ नागरिकले हामीले भत्ता पाएका छौं। पाउने पनि छौं अहिले नपाए पनि पछि गएर पाउने छौं। जुन अबैध हुनुहुन्छ। मैले पहिला पनि कुरा राखेको थिए यसमा यसको सुनुवाई भएन। त्यो अबैध हुनुहुन्छ , चालिस, पचास बर्ष पछि उहाँहरुले पनि भत्ता पाउने प्रबन्ध गरेर। उहाँ कहिं गएमा त्यसलाई नदिने गराएर त्यसमा नि कुरा राख्दा यसमा नि कुरा राख्दा मैले मेरो र मेरो दलको पुरा समर्थन रहेको सम्पूर्ण आएछ राम्रो आएछ। पहिला पनि यहिनै हो दोहोरी नखेलौं हामी हामी सांसद सदस्य ज्यू दोहोरी नखेल्दा भोली मन्त्रीज्यूले जवाफ दिनुहोला यसलाई त्यहि जवाफमा राम्रो होला जस्तो लाग्छ है। हामी त आँफै आँफैमा दोहोरी खेलेका छौं हामी। साँसद साँसद दोहोरी खेलेका छौं। हामीले उत्तर फर्काएका छौं उहाँको उहाँलाई भनेका छौं। यो प्रतिपक्षले दोषै मात्र लगाउनी। सत्ता पक्षले राम्रो छ भन्ने हो कि दोषै मात्र लगाएपछि पहिला आफ्नो पालामा पनि गठबन्दनकै पालो हो। अहिले पनि गठबन्दन नै हो। गठबन्दन नभएर अहिले गठबन्दनलाई भनीराख्नुहुन्छ मलाई अचम्म लाग्छ। हो कि होइन त्यो गठबन्दन पहिला पनि सिङ्गै एक्लै लड्नु भएको त होइन । पहिला पनि गठबन्दन नै थियो अहिले पनि गठबन्दन नै छ। त्यसको मलाई अचम्म लाग्छ। अब म धेरै त बोल्दिन जति जाने त्यति बोले। अब यसलाई समर्थन कोदाको रक्सी, गाँजा खेति अनि अबैध पुरुष महिला हुनुहुन्छ उहाँलाई भत्ताको व्यवस्था मिलाउनको लागि माननीय सभामुख द्वारा म धेरै धेरै अनुरोध गर्छु। यसैमा मेरो र मेरो पार्टिको समर्थन गर्दै सवै कुरा राम्रो छ मैले अध्ययन गरे कोहि देखे होला कोहि नदेखे होला त्यसमा सवै राम्रो छ। यसैलाई समर्थन गर्दै धन्यबाद, जय नेपाल।

**माननीय सभामुख** :-

माननीय सदस्य मिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री राजिव पहारी।

**माननीय मिना गुरुङ**

माननीय सभामुखज्यू, आ.व. २०७९/८० को यो नीति कार्यक्रम मलाई आज बोल्ने अवसर दिनुभएकोमा म धेरै धेरै  धन्यवाद दिन चाहान्छु। २८६ वटा बुँदामा समेटिएको यो नीति कार्यक्रमलाई अब विनियोजित बजेटले के न्याय दिन सक्छ भन्ने एउटा प्रश्न मेरो दिमागमा उठिरहेको छ ।गण्डकी प्रदेशका जनताले सम्वृद्ध प्रदेश, सुखि नागरिकको हाम्रो नारालाई ध्यानपूर्वक हेरिररहेका छन सुनिरहेका छन। म यो गरिमामय सभामा कुनै शब्दको जुआरी खेल्नलाई चाहादिन तर यथार्त यो हो कि नीति कार्यक्रम बैज्ञानिक र व्यवहारिक भने देखिएन।यसको बिशीष्ठता कहाँ छ? चारवटै दिशातिर अलि छरपस्ट दौडिन लागेको जस्तो देखिन्छ यो नीति र कार्यक्रम अझ म यसलाई एउटा सस्पेन्स नोवलको संज्ञा दिन चाहान्छु।के हुन्छ के हुन्छ पढ्दै जाँदा पढ्दै जाँदा। के होला त यसको अन्त्यमा भने जस्तो मलाई लाग्यो।पढ्दै जाँदा एकदम रोमाञ्चकारी हुन्छ।सस्पेन्स नोवलहरु।त्यस्तै त्यस्तै मलाई अनुभुति भईरहेको छ, यो नीति तथा कार्यक्रमले हाम्रो विगतको सरकारले ल्याएको पञ्चवर्षिय योजना अनि हाम्रो बहुबर्षिय योजनाहरु, बिभीन्न उत्कृष्ट योजनाहरुलाई अलपत्र पारेर जुन किसीमको नारै नाराको चाङ् लगाएर ल्याएको छ।यसबाट जनता भने पक्कै पनि सुन्दाखेरी खुशिनै भएका छन तर समस्या यहाँनेर छ कि तपांई हामी सबै माननीयहरुले छातिमा हात राखेर भन्नुपर्छ के हामीले यो नीति र कार्यक्रमलाई भने जस्तो बजेट ल्याएर भने जस्तो गरेर कार्यन्वयन गरेर भने जस्तै अनुगमन गरेर भने जसरी जनताको त्यो सपनालाई पुरा गर्न सक्छौं त एकपटक सोचनिय विषय छ।माननीय सभामुख ज्यू हामीहरु सबै मिलेर राणा शासन फाल्यौं, पञ्चायति प्रतिगामी शासकहरुलाई फाल्यौं। राजतन्त्रलाई ढाल्यौं। अहिले संघीय लोकतान्त्रिक गणतन्त्रमा आएको पनि पाँच बर्ष पुग्न लाग्यो फेरी पनि हामी दलिय स्वार्थ र व्यक्तिगत स्वार्थबाट माथी उठ्न नसकेको यो नीति कार्यक्रमले झल्काइरहेको छ र यो नीति कार्यक्रम भित्र मात्र गठवन्दनको सरकार नै भन्न रुचाउँछु म पनि गठबन्दनको सरकारकै आकाँक्षहरु बढि यो भित्र छरपस्ट रुपमा देखापर्छ र कतै कतै पानीमा तेल तैरेजस्तो स्वार्थहरु पनि छर्लङ्ग देख्न सकिन्छ।यदी यसलाई अध्ययन गरेर राम्रो सँग बुझ्ने हो भने।विशेष गरेर यो नीति तथा कार्यक्रमलाई विज्ञहरुको तथा राम्रा सल्लाहकारहरुको र मुख्य मन्त्रालयको अभिभावकत्वमा संरक्षणमा वा निगरानीमा निर्देशनमा यसलाई अगाडी नसारेको हो कि भन्ने पनि मलाई कतै कतै शंका उठिरहेको छ। माननीय सभामुखज्यू, यो नीति तथा कार्यक्रममा कति विज्ञहरुको मस्तिष्क रगडियो त भन्ने कुरा  अलि संकास्पद नै देखियो र नीति

कार्यक्रमको लक्ष्यले दिगो लक्ष्यलाई समेट्न सक्दैन भन्ने कुरामा दुई मत छैन।धेरै माननीयहरुले र हाम्रै सत्ता पक्षकै माननीयहरुले पनि यसको बारेमा पुष्टाँई गर्दै आउनु भएको छ।यो कुरा त भविष्यले पक्कै पनि बताउनेछ। माननीय सभामुख ज्यू बजेट तर्जुमा र विनियोजन गर्न हामी विधिवत अगाडी बढेका छौं।त यो खाले कार्यक्रमले बजेट नै कता फ्रिज हुने हो कि वा वजेट झारा टार्ने किसिमको दुई तिन लाखे वजेट वार्ड कार्यालयले बाँडे जस्तो बजेटहरु आयो भने यसले हाम्रो नाक कहाँ लुकाउने त सत्ता पक्षले भन्ने कुरा अहिले म भन्न चाहान्छु।त्यसैले बजेट भनेको पृष्ठमा अंकहरुको श्रंखला मात्र त होईन। यो त हाम्रो मूल्य र मान्यताको मुर्त रुप हो भन्ने कुरा हामीले कदापी भुल्न सक्दैनौं। हाम्रो कार्यकाल पनि सकिन लागेको छ।यस्तो बेलामा यदी यो नीति कार्यक्रममा हाम्रो सिद्धान्त र प्राथामिकतालाई अध्ययन गरेर त्यसैको माध्यमबाट अब बहुवर्षिय योजना अन्तर्गतका अधुरा रहेका योजनाहरुलाई सार्थकता दिन सकेको भए अनि प्राथामिकतामा राखेर हाम्रा योजनाहरु ल्याएको भए कार्यक्रम बनाएको भए र एउटा बैज्ञानिक ढंङ्गको नीति कार्यक्रम बन्न सकेको भए सायद यसमा यस्ता धेरै टिका टिप्पणीहरु उठ्ने थिएनन जस्तो मलाई लाग्छ।माननीय सभामुख ज्यू नीति कार्यक्रमले धेरै कुरा बोलेको छ।बोलेको छैन म भन्दिन सिपको कुरा पनि बोलेको छ।सिपको कुरामा म भन्न चाहान्छु।अहिले सत्ता पक्षका विभागीय मन्त्रीज्यूलाई नै म भन्न चाहान्छु, हाम्रो माननीय सभामुख मार्फत अहिले सिपको कुरा गरिरहँदा खेरी यो सिप विकास तालिममा एउटा अन्धा धुन्दा विज्ञहरुको सल्लाह सरोकारवालाको सल्लाह विना यो सिप विकास तालिमहरु अहिले गण्डकी प्रदेशले बिभिन्न तरिकाबाट अगाडी सारेको मैले महशुष गरेको छु।केन्द्रबाट गण्डकी प्रदेश सम्मको एउटा रोग छ सिप विकास तालिम भित्र आफ्नो पहुँचको कुरा छ। तालिम प्रदान गर्ने जुन किसीमका प्रविधिक शिक्षालयहरु छन त्यसमा अपर्याप्त प्राविधिक सामग्रीहरुको बावजुद पनि तालिमहरु चलाइएको छ।बजेट कहाँनेर थुपार्ने कसरी आफ्नो एउटा शिक्षालयलाई मात्रै दिएर त्यहाँबाट दुरुपयोग भएको छ त्यसको कुनै अनुगमन नगरिकन तालिमहरु सञ्चालन भैरहेको छ।त्यतातिर हाम्रो विभागीय मन्त्रालयको ध्यान जाओस भनेर म भन्न चाहान्छु।हो सिप बिना हामीहरुले स्वरोजगार हाम्रो नागरिक बनाउन सक्दैनौं।स्वरोजगार नभएसम्म सँधै ति मजदुरी गरेर खाने हाम्रा मजदुरहरुको अवस्थालाई हेर्दाखेरी हामीले सम्वृद्ध प्रदेशको सपनालाई साकार गर्न सक्दैनौं।विस्तारै सम्वृद्धि प्राप्त गर्नका लागि यस्ता सिप,कला ज्ञान विज्ञानका कुराहरुमा सरकारको ध्यान पुग्नैपर्छ।श्रमिकको कुरा गरिरहँदा

खेरी हाम्रो विगतको सरकारले एउटा समिति बनाएको थियो त्रिपाटी जसलाई हामीले श्रम सल्लाहकार समिति भन्छौं यो सल्लाहकार समितिले श्रमिकको अनि त्यसभित्र सरकारको अनि व्यवसायिको प्रतिनिधीत्व गरेर श्रमिकको हक हितको लागी र उद्यमशिलताको हक हितको लागि काम गर्छ र सल्लाह गर्छ।मन्त्रालयलाई सल्लाह सुझाव दिने गर्छ।यो समिति अहिले निष्कृय भएर बसेको छ त्यसैले अहिले सिपको कुरा गर्दा यो सल्लाहकार समितिलाई श्रमिकको कुरा गर्दा हाम्रो मन्त्रालयले सिप र श्रमिक भनेको एक अर्काका पुरक हुन।एउटा श्रमिक सँग धेरै सिप हुन्छ त्यसैले गर्दा यहाँ श्रमिक सँग सिप पनि जोडेर हेर्छौं।माननीय सभामुख ज्यू यस्ता धेरै सम्वेदनसिल जनताको सरोकारको विषय देखिइ रहँदा खेरी कुनै पनि सरोकारवाला सित हामी बसेर यो नीति तथा कार्यक्रम ल्याउन सकेनौं कि भन्ने अनुभुति  हामी सवैलाई भएको छ।यसमा हामीले भन्न मिल्न कसैले वा कसैले नमिल्ला।हामि अहिले भन्ने पक्षमा छौं सूझाव दिने पक्षमा छौं।त्यो पाटोमा छौं।हामीले भनिरहेका छौं, स्वास्थ्य विमाको कुरा पनि उठेको छ।स्वास्थ्य विमा जुन अहिले मेन पावरको कमिले गर्दाखेरी त्यति व्यवस्थित हुन सकेको छैन।स्वास्थ्य विमाको क्षेत्रमा काम गर्नेहरुको जनगुनासो छ,  माग पनि छ।यता तिर पनि म ध्यान केन्द्रित गर्न चाहान्छु।यो मृगौलाको डायलसिसको सेवाको कुरा पनि हाम्रो नीति तथा कार्यक्रममा उठेको छ।यो मृगौलाको डायलसिसको कुरा गर्दा केहि निश्चीत अस्पतालमा मात्रै होईन सकभर यसलाइ सवै अस्पतालहरुमा सुविधा व्यवस्था होस भन्ने मेरो माग पनि छ।सुत्केरी पोषिलो खाना कार्यक्रम पैंचालिस दिनको पोषण भत्ता भन्ने कुरा आएको छ। यसलाई मलाइ के लाग्छ भने त्यो भन्दा अझै हामीले पैंचालिस दिने पोषण भत्ता दिनु यदि हामीसँग बजेट छ।हामीले पुर्याउन सक्छौं यो राम्रो कुरा हो तर त्यो भन्दा अझ चेतना अभिबृद्धि कार्यक्रम यसमा ल्याउन जरुरी छ। त्यसको लागि सञ्चार क्षेत्र सञ्चार जगतलाई पनि हामीले सम्बोधन गर्नुपर्छ।अझ यसको बिचमा हामीले ध्यान दिन पर्ने कुरा भनेको सहुलियत कर्जा अहिले महिलालाई उद्यमि महिलालाइ  सहुलियत कर्जा भनिएको छ, होइन यो असहुलियत कर्जा भैरहेको छ।माननीय सभामुख ज्यू, म यहाँ मार्फत सम्पूर्ण बिभागिय मन्त्रीज्यूहरुलाई सरकारलाई म सम्बोधन गर्दै भन्न चाहन्छु। यो असहुलियत कर्जाले महिलाहरुलाई करोडौंको घर  धरौटिमा राखेर दश लाख श्रण पाउने गरेको छ।यो कस्तो किसीमको सहुलियत कर्जा हो।यसलाई पुनर्विचार गरिकन यसको अनुगमन र यसमा के भैरहेको छ यसको अवस्था बुझ्नको लागि पनि आजै यो गरिमामय सभामा अनुरोध गर्न

चाहान्छु। यहि सभाबाट मैले एकपल्ट भनेको थिए। मजदुरहरुले वालुवा उठाएर खाना पाएन। चुल्हो बलेन भनेर त्यसको कुनै जवाफ पनि आएको छैन। यस्ता किसिमका धेरै विषयहरु नीति तथा कार्यक्रममा देखाउनको लागि हात्तिको देखाउने दाँत बनाए जस्तो गरेर ल्याउनु भयो तर चपाउने दाँत अर्कै बनाउने हो भने आजको समाचारले त्यो कुरा पुष्टि गर्छ। जुन आज समाचारमा आइरहेको छ। हामी सत्ता पक्षलाई एक अरब पचपन्न करोड र विपक्षलाई जम्मा तिस करोड भन्ने कुरा पनि स्पष्ट रुपमा देखा परेको छ। त्यसैले यो नीति कार्यक्रम देखाउने दाँत मात्र भएको छ। अन्तिममा योगदानमा आधारित सामाजिक सुरक्षा लागु गर्नुपर्छ यो कुरामा म विशेष जोड दिन चाहान्छु। यो प्रदेश भरी लागु गर्नुपर्छ भने मजदुरहरुलाई प्यानमा ट्रेकिङ गाइड मजदुरहरुलाई प्यानमा ल्याउनु पर्छ भ्याटमा राखेर उहाँहरुलाई धेरै दुख दिने काम भएको छ। यसै गरेर विशेष लैङ्गिक उत्तरदायि बजेट ल्याउनुपर्यो हो। शसक्तिकरणको साथसाथै महिलाहरुलाई उत्पादन उत्पादकत्व बृद्धिमा जोडिन पर्यो। त्यस्ता किसीमका महत्वपूर्ण कार्यक्रमहरु आँउछ भने सायद यहाँहरुको सपना वा यहाँहरुले गर्नु भएको दुःख सार्थक हुन सक्छ। अन्यथा जनताले पनि यसमा पक्कै पनि मूल्याङ्कन गर्नेछ र हामी आज विपक्ष दलमा रहेर बोलिरहँदा हामीले भनेका कुरा एकदिन सत्य प्रमाणित हुन नपरोस भनेर मेरो भनाईलाइ यहि अन्त्य गर्दछु। हवस त धन्यबाद।

**माननीय सभामुखः-**

माननीय सदस्य श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री पियारी थापा।

**माननीय राजिव पहारी**

माननीय सभामुख महोदय, प्रदेश सरकार आफै विधि र थितिलाई सही ढंगबाट आत्मसाथ गरेर अगाडि बढ्न नसकिरहेको अवस्थामा प्रदेश सरकारले माननीय प्रदेश प्रमुख मार्फत २०७९ जेष्ठ २४ गते नीति तथा कार्यक्रम यो सम्मानित सभा समक्ष प्रस्तुत गरेको छ र मैले आफ्ना केहि धारणाहरु राख्नको निम्ति यहाँ उपस्थित भैरहेको छु। यो अहिले नीति तथा कार्यक्रमलाई सरसर्ती अध्ययन गर्दा मैले के पाएँ भने यो गठवन्धन सरकारको अहिले एउटै मात्र काम गठबन्दन जोगाउन नीति तथा कार्यक्रममा सबै कुराको जोडजाम भएभरको सबै कुरा यहाँ हालेको छ । अब यो नीति तथा कार्यक्रम न जनमुखी छ, न वितरणमुखी नै छ, न परिणाम मुखि पनि छ। यो त फगत प्रोपगण्डामुखि छ। प्रदेश

सरकारले १ वर्ष भित्र केही गरेन भन्दा किन गरेको छैन नीति तथा कार्यक्रम हेरन सवै कुरा त्यहाँ छन भनेर त्यो भ्रमित बनाउनको निम्ति ल्याइएको एउटा काल्पनिक उपन्यासको पुस्तक जस्तो मैले यो नीति तथा कार्यक्रमलाई अनुभुति गरेको छु र एउटा तीतो यथार्थता के हो भने माननीय सभामुख महोदय, हामी अहिले गण्डकी प्रदेश सभाको कार्यकालको अन्तिम चरणमा आएका छौं। स्वभाविक प्रकृयाले भन्ने हो भने हाम्रो कार्यकाल माघ ८ गतेसम्म छ, बाहिर चलेको चर्चा परिचर्चा अनुसार मंसिरमा निर्वाचन हुँदैछ भन्ने कुरा सुन्नमा आएको छ। सरकारको आयु हामी प्रदेश सभाको आयु ५-६ महिनाको भन्दा छैन त्यो त नीति तथा कार्यक्रम २० औं वर्ष २५ औं वर्षसम्ममा पनि कार्यान्वयन गर्न नसकिने ढंगबाट यो नीति तथा कार्यक्रम आएको मैले देखिरहेको छु। माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको मुख्य उद्देश्य, लक्ष्य भनेको कसरी यो प्रदेशलाई सम्वृद्ध बनाउने। कसरी यहाँको जनतालाई सुखी बनाउने यहाँका जनताका जे समस्याहरु, अप्ठायाराहरु व्यहोर्न परेको छ तिनलाई कसरी समाधान गर्नु पर्ने त्यो तिर नीति तथा कार्यक्रम लक्षित हुनु पर्ने थियो। अहिलेको तितो यथार्थ के छ। २०७८ साल जेठको चौथो हप्ता प्रति केजी गोलभेडाको मूल्य २५ रुपैयाँ थियो अहिले यो एक बर्षमा अहिले पनि हामी यो जेष्ठ महिनाको चौथो हप्तामा आइपुग्दै नपुग्दै गोलभेडाको प्रतिकेजी मूल्य १५० रुपैयाँ पुगेको छ ।करिव करिव पाँचसय प्रतिशतले मूल्य बृद्धि भएको छ। गोलभेडाको मात्र होइन जनताको दैनिक जनजीविकासँग सम्बन्धित खाद्यान्न लगायतका अन्य सामग्रीहरु सवैको त्यही ढंगबाट मूल्य बृद्धि भएको छ। डिजेट पेट्रोल ग्याँसको अवस्था त्यहि छ। दैनिक उपभोग्य सामग्री र खाद्यान्नको डरलाग्दो मूल्यबृद्धिले जनताको ढाँड भाँचिएको छ। जनताको दैनिक जनजीवन अत्यन्त कष्टकर भएको छ, गण्डकी प्रदेशका जनताको जन जीवनलाई कसरी सहज बनाउनको निम्ती जनतालाई खुशि र सुखी बनाउनको निम्ति यो नीति कार्यक्रमले उत्पादन, उत्पादकत्व वृद्धि गर्नको निम्ति कृषि क्षेत्रमा आधुनिकीकरण व्यवसायिककरण गर्नको निम्ति ठोस र मूर्त रुपमा केहि कुरा आएको छैन। अर्को कुरा माननीय सभामुख महोदय, चालु आ.व. ०७८/०७९ को हालसम्म दश महिनामा अर्थतन्त्र एकदम डावाँडोल अवस्थामा छ । मैले यसको सवै तथ्याङ्क लिएर आएको छु। समयको पावन्दीले मैले बताउन सकिन ।यो अघिल्लो वर्षको सोहि अवधिमा चालु खाता २ खरव ५१ अरब २९ करोडले घाटामा रहेको थियो। अहिले आउँदा अघिल्लो वर्षको सोही अवधिमा आँउदा २ अरव १४ करोडले घाटामा

रहेको चालु खाता चालु आर्थिक बर्षको बैशाख मसान्त सम्म चार अरव सन्ताउन्न करोडले घाटामा रहेको छ। अर्थतन्त्र डावाँडोलको अवस्थामा छ र यसलाई नियन्त्रण गर्नको निम्ती फजुल खर्च घटाउने यो अनावश्यक खर्चहरु घटाउने मितव्ययी भएर जाने ढंगबाट सरकार अगाडि बढ्नु पर्ने हो, ति कुराहरुलाई पनि सम्वोधन गर्ने ढंगबाट अगाडी बढ्नु पर्ने हो । चर्चा परिचर्चा मा आएका छन् पूर्व पदाधिकारीहरुलाई विभिन्न सेवा सुविधा दिन, कानुन बनाउन नीति नियम बनाउनका निम्ति समिति बनाएका अरु कुरा आएका छन। यसले सिंगो संघीयता माथि प्रश्न चिन्ह खडा भएको छ। प्रदेश सभा माथी नै प्रश्न चिन्ह खडा भएको छ। यस्ता विषयहरुमा यो नीति तथा कार्यक्रम मौन रहेको अवस्था छ । अब मूल्य बृद्धि त ७.८७ प्रतिशत पुगेको .छ। गत बर्षको बैशाख महिना सम्ममा त्यो निर्यातका कुरा भन्नुस् अरु कुरा भन्नुहोस यो एकदमै डरलाग्दो अवस्थामा छ । मूलुकको आर्थिक अवस्था अत्यन्त भयाभय अवस्थाबाट गुज्रिरहेको बेलामा कम्तिमा नीति तथा कार्यक्रमहरुले यी विषयहरुलाई सम्बोधन गर्नपर्नेमा त्यो खालको छैन यो त कस्तो छ भने यो नीति तथा कार्यक्रम सवै कुरा समावेश गराएर उँट जस्तो, खिचडी पकाए जस्तो छ त्यो ढंगबाट आएको छ। यहाँ एउटा कुरा छुटेछ नीति तथा कार्यक्रममा सवै कुरा पढे एउटा कुरा समावेश भएको भए अझ राम्रो हुन्थ्यो कि। अब आउने आर्थिक बर्षको मसान्त सम्ममा मुस्ताङको कोरोला नाका देखि नवलपुरको त्रिवेणी नाकासम्म रेल संचालन गरिनेछ भन्ने कुरा छुटेको रहेछ। जम्मै कुरा समेटिएको छ। त्यसरी ल्याइएको छ। त्यति मेहनत गरेर दुख गरेर, त्यति कष्ट गरेर यो नीति तथा कार्यक्रम लिएर आइएको छ। यो कस्तो छ भने दृष्टिविहीनले हात्ती छामेर आ-आफ्नो ढंगबाट व्याख्या गरेजस्तो। जसरि पनि व्याख्या गर्न पर्ने गर्न मिल्ने न निश्चीत उद्देश्य छ, न गन्तव्य छ। न यसले केहि कुरा समात्न सकेको छ, यो प्रष्ट दिशा निर्देश भएको मैले पाएको छैन। त्यसो भएर यो नीति तथा कार्यक्रमको सन्दर्भमा यो कस्तो छ भने भांग्राको टोपि लगाएर गुएलेको फुल सिउरे जस्तो न त्यसमा सुन्दरता छ। न यसमा प्रदेशको मौलिकतालाई यसले आत्मासाथ गर्न सकेको छ। न यसमा वासना आँउछ, न सुगन्ध आँउछ। अनि यो पढौं पढौं लाग्ने खालको छ है। एकदम पढौं पढौं, सुनौं सुनौं लाग्ने खालको किनकि उपन्यास जस्तो, रोमान्टिक खालको । सवै कुरा समावेश गरेको त्यो खालको नीति तथा कार्यक्रममा पाएको छु त्यसो भएर बिरालो बाँधेर श्रद्धा गर्ने खालको नीति तथा कार्यक्रमले हामीले गण्डकी प्रदेशलाई समृद्ध प्रदेश उन्नत प्रदेश गर्न सकिन्न । अघिल्लो सरकारको नक्कल

त केहि केहि गर्न खोजिएको छ तर अक्कल पुर्याइएको छैन। अक्कल पुर्याएर यहाँ आएको छैन त्यसो भएर मेरो खास गरेर माननीय सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु, आग्रह गर्न चाहान्छु। कम्तिमा जनताले सरकार छ भन्ने कुराको अनुभूति गर्ने गरी त्यो आँखाले देख्न सक्ने, कानले सुन्न सक्ने, नाकले सुघ्न सक्ने खालको ढंगबाट कम्तिमा प्रदेश सरकारको नीति तथा कार्यक्रम आएको भए अब यो कार्यकालको अन्तिम बेलामा समर्थन गरेरै जान नि सकिन्थ्यो, चाहेर पनि समर्थन गर्ने खालको छैन किनभने यो प्रदेशको विकाससित जोडिएको छ, प्रदेशको सम्बृद्धि सँग जोडिएको छ, प्रदेशको उन्नतिसँग जोडिएको छ त्यसो भएर यो कुरा छैनन।म विगतको स्मरण मात्रै गराउन चाहन्छु । मलाई कसैको विषयमा जवाफ दिने चाहाना पनि छैन,समय पनि छैन तर विगतको स्मरण के गराउन चाहन्छु भने हिजो हामीले माननीय पृथ्वीसुव्बा गुरुङ नेतृत्वको सरकार हुँदा एक घर एक धारा जसलाई जनताले नजिकबाट एक घर एक धाराको अभियान मार्फत अनुभूति गर्न पाए जनताले सरकारको।आर्को उज्यालो प्रदेश मार्फत अनुभूति गर्न पाए, एक निर्वाचन क्षेत्र एक सडक मार्फत अनुभूति गर्न पाए, यस्ता धेरै कुरामा अनुभूति गर्न पाए । उज्यालो प्रदेश मार्फत अनुभुति गर्न पाए। हरेक कुरामा अनुभुति गर्न पाए।त्यस्का धेरै काम भएका छन। एकाध काम भएनन भनेर त्यसको स्याल हुइया गर्नुको कुनै अर्थ छैन र म स्मरण मात्रै गर्न चाहन्छु।हिजो हामीले अघिल्लो पटक निर्वाचन लड्दा एउटै चुनावी घोषणपत्रको आधारमा निर्वाचन लडेर पार्टी एकता गरेर सरकार बनाएको। धारा १६८ को १ अन्तरगत सरकार बनाएको अहिले धारा १६८ को ५ अन्तर्गत अन्तिम विकल्प अन्तर्गत यो सरकार बनेको छ।म यसमा यो भन्दा धेरै कुरा बताउन गइन, म यत्ति मात्र अनुरोध गर्न चाहन्छु, यसको शिक्षा र स्वास्थ्यका विषयमा केही फराकिलो भएर केहि कुराहरु आएका छन्, पर्यटनको बिषयमा अलिकति कुरा आएका छन। तर हामीले शुरुवात देखिनै उठाएको जस्तो प्राकृतिक श्रोत साधनहरु फेवातालको संरक्षण सम्बर्धन गर्ने कुराहरुमा यो नीति तथा कार्यक्रममा आफैमा एकदम मौन रहेको अवस्था छ ।त्यसो भएर यो नीति तथा कार्यक्रमले प्रदेशको सम्वृद्धि गर्न नसक्ने र प्रदेशको विकास गर्न नसक्ने र यसकै आधारमा बजेट आउने र त्यसले प्रदेशलाई नयाँ ढंगबाट अगाडि बढाउन नसक्ने भएको कारणले यो नीति तथा कार्यक्रमलाई नेकपा एमालेको तर्फबाट मेरो व्यक्तिगत तर्फबाट पनि समर्थन गर्न नसकिने इच्छा चाहाना हुँदा हुँदै समर्थन गर्न नसकिने खालको यो खालको नीति कार्यक्रम

भएकोले म  यसको  समर्थन  गर्न नसकिने कुराको जानकारी गराँउदै  आफ्ना भनाईहरु यहीँ टुंग्याउछु । धन्यवाद, नमस्कार।

**माननीय सभामुख :-**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री हरि बहादुर चुमान ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, यतिबेला हामी निरन्तर  रुपमा आर्थिक बर्ष २०७९/८० सालको नीति तथा कार्यक्रममा छलफलको क्रममा जुटिरहेका छौं । विभिन्न कोणबाट छलफल भइरहेको छ। बिभिन्न स्थितिले हामिले सुझाव सल्लाह पनि दिइरहेका छौं।यो क्रम आज सम्म चलिरहेको छ। वास्तवमा भन्ने हो भने नीति तथा कार्यक्रममा धेरै कुराहरु आएको छ, यी  धेरै कुराहरुलाई हेर्दाखेरी  मैले के मात्र अनुरोध गर्न चाहन्छु भने यो कार्यक्रम देख्दा हुनी, छुँदा  नहुनी त्यस्तो खालको प्रवृत्तिबाट उन्मुक्त होस। देख्दाखेरी त देखिने तर छुँदा खेरी त्यसले अनुभुति गर्न नपाउने भयो भने यसको सार्थकता हुदैन त्यसकारणले गर्दाखेरी यो सार्थक बन्नका  निम्ति  छुँदा पनि हुने अर्थात् बजेट विनियोजन गर्ने विषयमा यी सवै कुरालाई समावेश गरेर लिनका लागि मैले हार्दिक अनुरोध गर्दछु।हार्दिक अनुरोध गर्न चाहन्छु र पनि  मलाई फेरी के थाहा छ भने श्रोत र साधनको अभाव छ।सरकारलाई यी सवै कार्यक्रम पूर्ति गर्नका निम्ति अर्थात यी सवै कार्यक्रम अगाडि  बढाउनका  निम्ति सरकारसँग  आर्थिक स्रोतको कमी छ अर्को कुरा चुनौति पनि छ फेरी परम्परागत रुपमा चलिरहेको वर्षौंदेखि परम्पारवादी रुपमा चलिरहेको प्रशासनिक संयन्त्र समयानुकुल बनाउने विषय पनि गम्भिर चुनौतिको विषय छ । यो दुइटा चुनौतिका बिचबाट गण्डकी प्रदेश सरकारले आफ्नो  नीति तथा कार्यक्रम  ल्याएको छ र यी चुनौतिलाई सामना गर्दै अगाडि  बढनको निम्ति मैले फेरी  अनुरोध गर्न चाहन्छु।बास्तवमा भन्ने हो भने संघीय संरचना आज ओइरो  बिनाको जाँतो जस्तै भइरहेको छ।हामी जवरजस्ती रुपमा ओइरो छैन तैपनि हामी जाँतो घुमाइरहेका छौं तर यसको असर मेरुदण्ड मानिएको मानि खिइएको छ, मानि भनेको अर्थतन्त्र हो।हामीले जबरजस्ती संघीय संरचनालाई जबरजस्ती  घुमाइरहेको छौं हिंडाइरहेका छौं।त्यसले गर्दा हाम्रो अर्थतन्त्र तहसनहस भएको स्थिति छ । मतलव यो कि संरचनालाई थेगाउनको निमित्त  अर्थतन्त्र खिइएको छ, आज चालुगत खर्च अत्याधिक रुपमा बढेको छ।यसको प्रत्यक्ष असर पूँजिगत खर्च माथी परेको

छ। त्यसकारण खर्च न सर्च काशी जानुपर्छ काशी जानै पर्छ भन्ने लहडबाट सवै दललाइ बाहिर निस्कनका निम्ति मैले अनुरोध गर्न चाहन्छु । ओइरो हाल्न त आत्म निर्भर अर्थतन्त्र हुनपर्यो। आन्तरिक राजश्वमा वृद्धि हुनुपर्यो । चालू खर्च घट्न पर्यो र पूँजिगत खर्चमा बृद्धि गर्नुपर्यो।आजको अवस्था हामीले हेर्ने हो भने अहिलेको अवस्था कस्तो छ यि सवै विषयमा हेरौंत हामी कहाँ छौं न हाम्रो पूँजिगत खर्च बृद्धि भएको छ न आन्तरिक राजश्व वृद्धि भएको छ न हामीले त्यो खालको काम गर्न सकिरहेका छौं।हामि काम गरिरहेका छौं के मात्र पूँजीगत खर्चलाई न्यूनीकरण गरेर चालुगत खर्च अत्याधिक रुपमा बृद्धि गरेका छौं।त्यसकारणले गर्दा खेरी यो संरचना धानिराख्नु पर्छ यही अवस्थामा हामी धानिरहनु पर्छ भन्ने लहडबाट सवै दललाई माथी उठ्नको निमित्त मैले अनुरोध गर्न चाहन्छु हामीले बारबार यो रोष्टमबाट यही कुराहरु हामीले यहाँहरुलाई अवगत गराइरहेका छौं । नीति तथा योजना आयोग देखाउने दाँत मात्रै बनाइएको छ।यो आजको मात्र समस्या होइन।हिजो देखिनै बिकृति सँग जुधिरहेको छ ।आज गोजीबाट योजनाहरु आउँछन् भने योजना आयोग किन बनाइन्छ। आज जति पनि प्राकृतिक बितण्डा बाढी पहिरोबाट आजित बनेका छन जो गोजीबाट दर्ता गरेको योजनाहरु वातावरणिय प्रभाव मूल्याङ्कन विना नै जाने हुँदा हरेक वर्ष यसैकारणले गर्दाखेरी ठूलो जन धनको क्षति भएको छ।त्यसकारण नीति तथा योजना आयोग देखाउने दाँत मात्रै नभएर चपाउने दाँतमा रुपान्तरण गर्नका निमित्त आवश्यक काम गर्नका निमित्त मैले अनुरोध गर्न चाहन्छु।२०६ मा व्यवस्थित शहर हामी सवैको रहर भन्ने एउटा अत्यन्तै राम्रो स्लोगन राखिएको छ र ग्रमिण क्षेत्रमा बार्‍हैं महिना सडक सँजाल पुग्न सकेको छैन। यो बिषयले प्राथामिकता पाउनु पर्ने थियो र शहर र ग्रामिण क्षेत्रको सन्तुलित विकास गण्डकी प्रदेशको विकास हो भन्ने विषय सवैको प्राथामिकता भित्र पर्नु पर्ने हो। शहर र ग्रमिण क्षेत्रको अन्तर सम्वन्ध मजवुत बनाउने नीति कार्यक्रमलाई प्राथामिकता दिन सुझाब दिन चाहन्छु।ग्रामिण क्षेत्रको सम्मुनत विकास आजको निकास हो किनकी ग्रामीण क्षेत्रको विकास हुँदा धेरै जनसंख्याको बसोवास ग्रामीण क्षेत्रमा छ।त्यसकारणले सवैभन्दा धेरै जनसंख्या ओगट्ने ग्रामिण क्षेत्रको विकास विना हामीले शहर मात्रको विकास गरेर हामीले यो गण्डकी प्रदेशलाई समुन्नत विकासमा अगाडी बढाँउछौ भन्ने जुन सपना देख्छौ त्यो सपना साकार हुन सक्दैन त्यसकारणले गर्दा खेरी यी विषयलाई पनि म ध्यान दिन अनुरोध गर्न चाहन्छु। बुँदानं १६२, २२१, २०२,२०८ र १११ यी सबै कार्यक्रमहरु हिजो देखि लगभग ४

बर्ष सम्म हामीले यहि घोकिरहेका छौं यहि पढिरहेका छौं।मैले यति मात्रै अनुरोध गर्न चाहान्छु। यो महत्वाकांक्षी योजनाहरु कार्यान्वयन हुन नसकेका कार्यक्रमहरुलाई पाना मात्रै भर्ने अथवा यसलाई संख्या मात्रै बढाउनको लागि मात्रै हो भने यस्ता कार्यक्रमहरु हामीले ड्रपआउट पनि गर्न सक्छौं। हामी ड्रपआउट गरिरहेका छौं। त्यसकारणले गर्दाखेरी मैले के अनुरोध हो भने यस्ता कार्यक्रमहरु  नराखौं हामीले कार्यन्वयन गर्न सक्दैनौ भने त्यो देखाउनका लागि मात्रै सस्तो लोकप्रियताको लागि मात्रै त्यसता कार्यक्रम नराख्नका निमित्त अनुरोध गर्न चाहन्छु।यर्थातमा यी महत्वाकांक्षी योजनाहरु साँच्चीकै भन्ने हो भने गण्डकी प्रदेशको दीर्घकालीन  योजनाहरु हुन।यसलाई पुरा गर्नका निमित्त एउटा चाँसो दिनको निमित्त र यसलाई कार्यान्वयन गर्नका निमित्त मैले अनुरोध गर्न चाहान्छु। शिक्षा क्षेत्रको जुन कुरा  छ।  शिक्षा प्रणालीमा रुपान्तरण आवश्यक छ। घोकन्ते विद्या जीवन पर्यन्त हुन सक्दै सक्दैन। जवर्जस्ती शिक्षालाई नीजिकरणको  चंगोलमा राज्यले धकेलिदिएको छ। देशको आवश्यकता अनुरुपको शिक्षा प्रणाली लागु हुन सकेको छैन र त्यहि अनुरुपको पाठ्यक्रम निर्धारण हुन सकेका छैनन। शिक्षा  प्रणालीमा सुधार लर्निङ वाइ डुइङ प्रकृयालाई जिवन्त बनाउने अहिलेको प्रणालीलाई बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउने त्यसलाई जीवन पर्यन्त वनाउने नीति आवश्यक छ तर अहिलेको शिक्षाको बजेट भन्ने हो भने ठोस  रुपमा आएको छैन यो अमुर्त रुपमा आएको छ।त्यसकारणले गर्दाखेरी यसलाइ ठोस रुपमा लैजानका निमित्त मैले अनुरोध गर्न चाहन्छु । अर्को स्वास्थ्यको क्षेत्रमा पनि त्यस्तै खालको बजेटहरु छ।  त्यसकारणले गर्दा शिक्षा र स्वास्थ्य  निशुल्क हुनुपर्छ। शिक्षा र स्वास्थ्यलाई राज्यले निशुल्क रुपमा अगाडि बढाउनु  पर्छ। त्यो दिशामा उन्मुख हुनको लागि यसले के देखाउँछ भने समाजवाद उन्मुख अर्थतन्त्रको संविधानले परिकल्पना गरेको छ त्यसलाई आत्मसात गर्ने हुँदा त्यसकारणले गर्दाखेरी ति विषयहरुलाई शिक्षा र स्वास्थ्यलाई राज्यले लिएर निःशुल्क  गराउने कुरामा विशेष  ध्यान दिन पनि म अनुरोध गर्न  चाहन्छु । आज  शिक्षामा पहुँच कस्को छ, आज स्वास्थ्यमा पहुँच कस्को छ। आज बजारमा पहुँच कस्को छ। हाम्रो बजारमा नेपालको बजारमा पहुँच कस्को छ। खुला बजार  अर्थनीतिका कारणले गर्दाखेरी हाम्रो उत्पादनहरु बजारमा विक्री हुन सक्दैनन। हामीले उत्पादन गरेका साधनहरुलाई त्यो बजार सम्म पुर्याउन सक्दैनौं। त्यसकारणले गर्दा त्यो बजारमा विदेशी बस्तु तथा सेवाको विगविगी छ कम्तीमा  पनि आयत गर्ने बस्तुहरुको लिष्टमा कृषि उपज हुनुहुँदैनथ्यो । दिनदिनै  नेपालीहरुलाई अल्छी

बनाउँदै गइरहेको छ। यसकारणले गर्दाखेरी नेपालीहरुलाई अल्छी बनाउँदै गईरहेको छ। यो सवै पूँजिवाद अर्थतन्त्रको गम्भिर विशाक्त हो। दिनदिनै उर्जाशिल, श्रमशील जनशक्ति विदेश पलायन भैरहेको छ। यो पनि एक प्रकारको मुद्रा स्फ्रिति हो । देशमा वर्षेनि पचास हजार भन्दा धेरै तयार हुने श्रमशक्ति खपत हुन सकेको छैन । कृषि उत्पादन बृद्धि गराउने विषयमा सरकारको ध्यान पुग्न सकेको छैन । छ त मात्रै स-साना टिपान टापन प्रकारका कार्यक्रमहरु यसले कृषि अर्थतन्त्रमा आमुल परिवर्तन गर्न सक्दैन। सभामुख महोदय, त्यसकारण आयात गर्ने बस्तु अन्तर्गत रहेको कृषि उपजको नाम लिष्ट हटाइदिउँ। नेपालको उत्पादन बृद्धि गर्ने र यसको सरकारले गम्भिर ध्यान दिन जरुरी छ। यसकारण बढ्दो बेरोजगारी,गरिवि तथा बढ्दो खाद्य संकटको समुल नष्ट गर्नका लागि यस विषयमा तिनै तहको सरकार गम्भिर रुपमा लाग्न जरुरी छ । यसका लागि आवश्यक कार्यक्रमलाई विशेष कार्यक्रमको रुपमा राख्न फेरी यसलाई अमूर्त राख्ने होइन। मूर्त रुपमा नराखिकन सिंचाइ, कृषि सडक बिउ बिजन मल यान्त्रिक स्यालो ट्युववेल डिप ट्यूववेल बजारमा बजारीकरणको व्यवस्था सवैलाई समष्ठिगत रुपमा राखेर वृहत कार्यक्रम राख्नको निम्ति मैले सुझाव दिन चाहन्छु। पर्यटनको कुरा आएको छ। मौलिकतालाई विशेष रुपमा ध्यान दिनु पर्छ। गगनचुम्वि महल हेर्नको निमित्त विदेशी पर्यटक नेपाल आउँदैनन। प्राकृतिक अनुपमको यसको सौन्दर्यकरण नेपाल आउने पर्यटकहरुको विशेष रोजाईका बिषय हुन। हामी प्राकृतिक छटाकृतलाई नासेर कृत्रीम बनावटी त्यो पनि कम गुणस्तरिय बनाँउछौं भने त्यो पर्यटकको रोजाई हुन सक्दैन । त्यसकारणले पदयात्रा डाँडाकाडा, खोलानाला बाताबरणलाई स्वच्छ राख्ने नेपालीहरुको अतिथि सत्कारको संस्कारलाई पैषा कमाउनकै लागि मात्र होइन। पैसा कमाउनको लागि मात्र हैन। संस्कृति पहिचानलाई विश्व सामु परिचित गराउनको निमित्त आदर्श समाजको निर्माणको निमित्त आजको महत्वपूर्ण नीति पर्यटन विषयमा आउनु पर्थ्यो त्यो आएको छैन र यसलाई समावेश गर्नका निमित्त म अनुरोध गर्न चाहन्छु । १७३ मा एकातिर आदर्श समाज बनाउने नैतिक शिक्षा प्रदान गर्ने सरकारले नीति लिएको अत्यन्तै राम्रो छ तर अर्कोतिर भन्ने हो भने कोदोको रक्सी, गाँजा जस्तो नशाजन्य पदार्थको विक्रि वितरण र उत्पादनमा सरकारले विशेष चाँसो दिएको छ होला। त्यसकारणले गर्दा होला राजश्वको कर दायरा यसबाट अशुल गर्न सक्ला तर यस्ता पदार्थहरु समाज र आदर्श समाजको विकृति रुप हुन। यसकारण सरकारले यस्ता विवादास्पद कार्यक्रमहरु नल्याउँदा नै राम्रो हुन्छ भन्ने

कुरा पनि मैले यहाँ सुझाव दिन चाहन्छु र अन्त्यमा यो नीति कार्यक्रमको अन्तिममा यो नीति तथा कार्यक्रममा  हाम्रो पार्टी राष्ट्रिय जनमोर्चाको तर्फबाट समर्थन रहेको यी कुराहरु आलोचनात्मक समर्थन अर्थात हामीले यी कुराहरुमा आलोचना गर्यौं यस्ता कुराहरु कतिपय सच्याउनु  पर्ने  छन् ती सच्याउने कुराहरु, कतिपय कुराहरु थप्नु पर्ने छन ति थप्ने कुराहरुलाई पनि हामीले आलोचनाको रुपमा रचनात्मक सुझाब दिदै यो नीति तथा कार्यक्रमलाई आलोचनात्मक समर्थन रहेको जानकारी गराउँदै मेरो आफ्नो छोटो  भनाई अन्त्य गर्न  चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :-**

माननीय सदस्य श्री हरि बहादुर चुमानलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय हरि बहादुर चुमान**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश  सरकारको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम माथिको छलफल करिव करिव अन्तिम चरणमा पुगेको छ।यसै सिलसिलामा आफ्नो दलको नेपाल कम्युनिष्ट पार्टि माओवादी केन्द्र संसदीय दलको आफ्नो धारणा संक्षिप्तमा राख्नको निम्ति म उभिएको छु । यहाँ विभिन्न ढंगले प्रश्न उठे, अब यो गठवन्धनमा नेपाल कम्युनिष्ट पार्टि माओवादी केन्द्र पनि छ हिजो पनि सरकारमा थियो, अहिले पनि गठवन्धन सरकारमा छ र हिजो माओवादी केन्द्रै हुँदा राम्रो नीति कार्यक्रम  बन्ने र अहिले के बनाएको यस्तो भन्ने तरिकाबाट प्रश्नहरु पनि उठे त्यसकारण मैले आफ्नो  दलको धारणा अझै स्पष्ट पार्न पर्छ भन्ने लागेको छ।हिजोको नीति कार्यक्रम अघिल्लो सरकारको नीति कार्यक्रम बनाउदा होस अहिलेको नीति कार्यक्रम बनाउदा होस,  हाम्रा सैद्धान्तिक प्रतिवद्धता हाम्रो बुझाई बारेमा हामी स्पष्ट छौं र त्योबाट दायाँ बायाँ हामी गरेका छैनौं । मुख्य कुरा यो सरकार बनेको अर्थात यो सरकारलाई डोर्याउने कुरा संविधान हो । संविधानमा उल्लेख भएको गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता,समानुपातिक-समावेशी प्रतिनिधित्व, सामाजिक  न्याय सहितको समृद्धी यी  लगायतका विषयहरु हुन। यसबाट अघिल्लो सरकार पनि  डोरिएको थियो, डोरिन पर्थ्यो। यो  सरकार पनि त्यो बाट विचलित भएको छैन । यसको कारण के हो भन्दा यसको कारण नियाँलेर हेर्ने  हो  भने देखिन्छ, भन्न त कति राजनैतिक दलहरुलाई आफ्नो कुरा माथि पार्नको निम्ति यसलाई अनदेखा पनि गरिए होला तर पनि किन यो भैराखेको छ त भन्दाखेरी यहाँ माओवादी केन्द्र छ। अर्थात माओवादी पार्टि छ। यसकारण म फेरी पनि यहाँ उभिएर यो गणतन्त्र,संघीयता,धर्म

निरपेक्षता लगायतका संविधानका मुलभुत कुराहरु मुख्य विषयहरु जसले हामीहरुलाई समाजबाद उन्मुख अर्थतन्त्र निर्माण गर्नको निम्ति घचघचाइ रहेको छ। अभिप्रेरित गरिराखेको छ। त्यो दिशामा निरन्तर अगाडि बढ्नको निम्ति हामी प्रतिवद्ध छौं र यो बाटोबाट हामी संलग्न सरकार नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र संलग्न सरकार दाँया बाँया हुन सक्दैन भन्ने कुरा पनि म स्पष्ट गर्न चाहान्छु र त्यही रुपमा यो आएको छ । अब यसकारण हामीले यतिबेला के जोड दिईराखेका छौं भन्दाखेरी उत्पादन र उत्पादकत्व बढाउनु पर्छ। त्यो क्षेत्रमा बजेट पनि बजेट विन्यास पनि अलि ठूलै मात्रामा हुनुपर्छ भनेर गइराखेका छौं जुन संघ सरकारले पनि त्यसरी नै गइराखेको छ र प्रदेश सरकारले पनि त्यो बाटोमा अगाडि बढ्नु पर्छ र शिक्षा स्वास्थ्यमा जुन राज्यले जुन खालको दायित्व निर्वाह गर्दै आएको थियो। त्यो अपुग थियो त्यसको दायरा बढाउनु पर्छ भनेर अहिले पनि चाहे त्यो संघ सरकार होस् चाहे प्रदेश सरकार त्यही रुपमा अगाडि आएको छ। नीति कार्यक्रममा त्यही कुरा बोलेको छ हो यसमा अब यसले यो नीति कार्यक्रमले अलि धेरै कुराहरु ओगटेको छ भन्ने कुरा यहाँहरुले राख्नु भएको छ मलाई के लाग्छ भने थुप्रै बिषयहरु छुट्या थिए ति विषयलाई समेट्नु जरुरी थियो र ति क्षेत्रमा प्रदेश सरकारको भूमिका अझ विस्तार गर्न जरुरी थियो जति जति हामी प्रदेश सरकारले अथवा जुन सरकारले पनि आफ्नो भुमिका विस्तार गर्दै जान्छ। त्यति त्यति त्यसले ठूलो क्षेत्र ओगट्दै जान्छ। त्यसकारण यसको भूमिका बिस्तार भएको हो। भुमिका बिस्तार हुनै पर्थ्यो अब मैले त्यो रुपले मैले बुझेको छु। यहि हिसाबले अगाडि बढ्नु पर्छ भन्ने मलाई लागिरहेको छ । म के मानेमा खुसी छु भन्दा यहाँ आर्थिक वृद्धिदरको कुरा पनि उठे । आर्थिक वृद्धिदरको कुरामा त धन्न भन्नुपर्छ हामि सबैले। धन्न हामी यो अवस्थामा छौं। हामीले कोभिडको महामारी चलिरहँदा के बिष्लेषण गरेका थियौं भन्दाखेरी अब हाम्रो अर्थतन्त्र माइनसतिर प्लसमा होइन माइनसतिर जाने भयो अब हाम्रो स्थिति डावाँडोल हुने भयो अब त्यो अवस्थामा सरकारको स्थिति के रहला राज्यको स्थिति के रहला भनेर बडो चिन्ता थियो तर कोभिड महामारीबाट हामी मुक्त भयौं र अहिले अर्थतन्त्र लयमा फर्केकोमा हामी सबै सहमत छौं। त्यसकारण हामी त्यसतेरी डराउन जरुरी छैन, त्यसरी आतंकित हुनु जरुरी छैन भन्ने कुरा पनि राख्न चाहन्छु। त्यसैले हामी अहिले गर्वका साथ यो गर्छौं र त्यो गर्छौं भन्ने एउटा स्थिति कायमै छ यसमा हामी सबै खुशी हुनुपर्छ भन्ने लागेको छ । यहाँ कुराहरु त उठे अब यो कुनै पनि सरकारले महिना गनियो यि

आदी कुनै पनि सरकारले आफ्नो नीति कार्यक्रम बनाँउदा योजना बनाउँदा दीर्घकालीन ढंगले सोच्छ र यो सरकारले पनि त्यसरी सोच्नु स्वभाविकै छ।अगाडि नै माननीयज्यूहरुले यो विषय राखिसक्नुभएको छ यो सरकारले ६ महिनाको लागि मात्र नसोच्नु स्वभाविकै हो किन त भन्दाखेरी एउटा स्थिति त बन्यो देशमा कि यो गठवन्धन अझ अर्को ५ बर्षसम्म जानै पर्ने बनिराखेको छ।सवै परिस्थितिले जानै पर्ने बनिराखेको छ। त्यसकारण कम्तिमा ५ वर्ष सोचेको त यसले ल्याउने भयो। आफ्नो नीति कार्यक्रम, त्यसकारण पनि यो ढंगले अगाडि आएको छ भन्ने कुरा पनि म स्पष्ट गर्न चाहान्छु।अब यति कुरा गरिरहँदा यहाँ आइरहेको कुरा जनता निराश छन् जनता निराश छन यो अर्को ढंगले भनिएको छ, मलाई अलि सिधै भन्न मन लाग्दैन । आफ्नो कुरा लुकाएर अर्काको कुरो देखाएर भनेर यसरी नजाऔं । कुरा के हो त भन्दा जनता निराश त्यतिवेला थिए अहिले त्यति निराश छैनन। किनभने ट्र्याकमा आयो देश यो देशको राजनिति ट्र्याकमा आयो भनेर त्यति आतंकित छैनन अहिले।कतिवेला निरास थिए त जब संसद २-२ पल्ट विघटन भयो केन्द्रको प्रतिनिधि सभा त्यतिबेला निराश थिए । अब कता जाने हो देश, देश नै कता जाने हो देशको राजनीति नै कता जाने भन्ने अवस्थामा त निराश थिए त अहिले त ट्र्याकमा आयो।ट्र्याकमा आएको अवस्थामा त्यति धेरै जनता निराश छैनन् तर पनि जुन रुपमा उत्साहित गर्नुपर्ने हो प्रदेश सरकारले आफ्नो भुमिका त्यसलाई उत्साहित गर्नु पर्यो।भुमिका निर्वाह गर्नुपर्छ संघ सरकारले पनि गर्नपर्छ।त्यस विषयमा हामी अब प्रतिवद्ध नै छौं र प्रतिवद्ध हुनै पर्छ । अब धेरै कुराहरु यहाँ आए, र मैले अघि नै भनिसके यहाँ थुप्रै तथ्यहरु, तथ्यांकहरु, खोजियो। दिशा खोजियो अब यि सवै कुरा यो प्रष्टै छ।कुरा के हो त भन्दाखेरी मैले अघि नै भनिसके यो सरकार यो ६ महिनाको लागि मात्रै चल्दैन यो सरकार देशको परिस्थितिले धेरै अगाडिसम्म जाने ढंगले सोच्न थाल्यो ।हिजो हामीले अघिल्लो सरकारमा रहँदा नीति कार्यक्रम बनाइरहँदा हामी के सोच्या थियौं कम यो ५ वर्षसम्म त ढुक्कसँग सरकार चलाइयो ।यसमा त कुनै समस्या नै छैन। आगामी विस पच्चीस बर्ष पनि हामी सरकार चलाउँछौ, हाम्रो पार्टीको सरकार बन्छ भनेर ढुक्क भएर बनाएको नीति कार्यक्रम त्यसले अलि दिर्घकालिन ढंगले सोच्नु स्वाभाविक हो।अहिले त्यति लामो त्यति परसम्म सोचेर बन्या छैन यो। यहाँ भनियो २०-२५ वर्षसम्म पनि पुरा नहुने कुरा ल्याइयो भन्ने कुरा पनि आयो। त्यति धेरै पर गएको छैन है।त्यसकारण अब यही ढंगले यसलाई बुझ्न जरुरी छ भन्ने लाग्छ त्यसकारण अब तथ्य पनि मैले भनि

हाले अब तथ्य पनि तथ्यांक खोज्नु परेन, तथ्य यहि हो। तथ्य के हो त भन्दा खेरी यो देश अहिले यो देशलाई नै, संघीय सरकारलाई अझै पाँच बर्ष गठवन्धनले हाक्नु पर्छ भन्ने तथ्यका साथ यो नीति कार्यक्रम आएको हो। यसकारण म हाम्रो दलको तर्फबाट यो नीति कार्यक्रमलाई समर्थन गर्न चाहन्छु । अब रहयो यसमा केही छुट हुन पुगेका छन। आलि सुझाबको रुपमा केहि राख्न चाहान्छु। यो सहिद परिवारलाई परिचयपत्र उपलव्ध गराउने अर्थात शहिद परिवारलाई बेपत्ताका परिवारलाई परिचयपत्र उपलब्ध गराउनै पर्छ भन्ने कुरा अघि पनि थियो कार्यान्वयन नै भएन र अहिले त झन नीति कार्यक्रममै छुटेछ। यसलाई थपिनु पर्छ । अर्को राम्रो कुरा आएछ यो सीप प्रमाणीकरण भन्ने कुरा सिटिभिटीले सीप प्रमाणीकरण त गर्दिन्छ तर जहाँ सिटीभिटी छ त्यहाँ जानुपर्छ । गाँउमा हाम्रा घरघरै छन सिकर्मी डकर्मीहरु उहाँहरुको सीप प्रमाणीकरण परिचय पत्र उहाँहरुसँग छैन अर्थात सिप प्रमाणिकरण भएको छैन। त्यसकारण प्रदेश सरकारले पालिका पालिकामा गएर अथवा पालिकामा यो बिषयलाई सपोट गरेर हुन्छ वा पालिका पालिकामा पुगेर हुन्छ यो सीप प्रमाणीकरण गर्दिने कुरा गर्दिदा अब ति मजदुरहरुले ती श्रमिकहरुले सामूहिक रुपमा काम गर्न पाउँथे । अहिले पनि हाम्रो गाँउघरमा कतिपय गाँउ देखिन्छ ति सिंङ्गो गाँउ नै अब भवन निर्माणको काममा अर्थात घर निर्माणको काममा खटिरहेछन। तर उसित सीप प्रमाणीकरण छैन अब सरकारले त खोज्छ, राज्यले त खोज्छ त्यसकारणले यो बिषयलाई अझ व्यवस्थित रुपले तल सम्म लैजानुपर्छ भन्ने म सुझाब दिन चाहान्छु र यति भन्दै अब यो नीति तथा कार्यक्रमलाई बजेटले पनि राम्रै गरी पछ्याउने छ त्यो विश्वास समेत प्रकट गर्दै विदा हुन्छु हस, धन्यवाद।

**माननीय सभामुख :-**

माननीय सदस्यहरु, विपक्षी दलका नेता तथा गण्डकी प्रदेशका संस्थापक मूख्यमन्त्री माननीय श्री पृथ्वीसुव्वा गुरुङले सभाले सम्वोधन गर्न विशेष समय माग गर्नु भएकोले सम्वोधन गर्न समय दिन्छु ।

**माननीय सदस्य विपक्षी दलका नेता तथा गण्डकी प्रदेशका संस्थापक मूख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङ**

माननीय सभामुख महोदय, हामी गण्डकी प्रदेश सरकारद्वारा माननीय प्रदेश प्रमुख पृथ्वीमान गुरुङ मार्फत प्रस्तुत भएको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम माथीको छलफलको अन्तिम चरणमा छौं । आलोचना गर्नु पर्ने माननीयहरु सवैले आलोचना

गरिसक्नुभएको छ। अन्ध समर्थन या समर्थन गर्नपर्ने माननीयहरुले गरिसक्नु भएको छ।धेरै कुरा मैले राखु पर्ने छैन होला तर यो नीति कार्यक्रमको बारेमा छलफल चलिरहँदाखेरी मेरो यहाँहरु समक्ष ध्यानाकर्षण के छ भने नीति कार्यक्रमले यही आ.व. मा ल्याउने हाम्रो बजेट निर्धारण गर्ने होला । त्यही नीति कार्यक्रम अनुसार बजेट आउने होला तर हामी अहिले अलि व्यर्थ व्यर्थको छलफलमा छौं कि जस्तो लागिरहेछ मलाई । माननीयज्यूहरु जसले बोल्नु भएको छ।नीति र कार्यक्रममा जे जे हामी यो काम गर्छौं भनेर कार्यक्रमको प्रतिवद्धता जाहेर गरेको छ यो सरकारले। ५,५ करोड माननीयहरुको पकेटमा चुनाव खर्च दिएको यो बजेट त्यहाँ बन्दैछ। कोराला हाल्दैछ त्यहाँ १ गतेको दिनमा त्यो बजेट फुत्त निस्केला बाहिर अण्डाबाट हैन। हामी यहाँ बेकारमा यो नीति कार्यक्रममा यस्तो उस्तो भनेर छलफल चलाईरहेछौं। नीति कार्यक्रम एउटा आँउछ बजेट अर्को आँउछ भन्ने थाहा छँदैछ।यो अन्ध समर्थन गर्ने माननीयहरुको बाध्यता के छ भने ५ करोड त पकेटमा परिसक्यो।एक अर्व पचपन्न करोड त हातमा आइसक्यो।चुनाव प्रचारलाई पर्याप्त हुन्छ त्यो।यो ल्याइदिएका छौं त्यो ल्याइदिएका छौं भन्न पाइयो।प्रतिपक्षको माननीयहरुले विरोध गर्न पाउने आलोचना गर्ने पाउने कुरा एउटै हो।यसकारणले मैले के यो छलफलको क्रममा सुन्दा सुन्दै गर्दा के कुराको अनुभुति भयो भने लेनिनले भन्नु भएको थियो एकपटक जारकालिन रुसमा रुसको संसद थियो दुमा भन्ने त्यो दुमामा जहिले पनि जारका मान्छेहरु जाने सारा गर्ने सारा गर्ने एउटा कुरा भन्छ हैन।दुमामा छलफल नीति कार्यक्रममा एउटा ल्याउने अनि बजेट अर्को ल्याउने जनताका सुधारका कुरा गर्ने मजदुरका हितका कुराकानी गर्ने तर जारको सेवा गर्ने बजेट मात्र ल्याउने गर्थ्यो त्यसलाई लेनिनले के भन्नु भएको थियो भने संसद बुर्जुवाहरुको गफ गर्ने अखडा हो।त्यो संसद भनेको त्यतिवेलाको दुमाको कुरा गरेको अर्थात जहाँ बुर्जुवाहरुको संसद हुन्छ बुर्जुवाहरुको संसद जनताको गफ गर्ने अखडा मात्र हो बुर्जुवाहरुको किनभने त्यहाँ खसिको टाउको देखाएर कुकुरको मासु बेच्ने गरिन्छ भन्ने जनताको राम्रो राम्रो कुरा गरोस कल्याणको कुरा गरोस हितको कुरा गरोस सुरक्षाको कुराकानी गरोस अनि जनतालाई मार हान्ने पुँजिवादलाई पोस्ने कार्यक्रमहरु ल्याउथे, बजेटहरु ल्याउँथे त्यो सरकारले त्यसकारण आज पनि मलाई के अनुभुति भैरहेछ भने हामी नीति कार्यक्रम माथी छलफल गरिरहेका छौं यो नीति कार्यक्रम यो सरकारको देखाउने दाँत मात्रै हो।यो नीति कार्यक्रमको चपाउने दाँत बजेट त आँउदैछ अर्को पटक।त्यसकारणले यो नीति कार्यक्रम प्रति यस

अर्थमा यसले शुरुमा आफ्नो लिक छोडेको कारणले आफ्नो सिद्धान्त छोडेको कारणले अस्ति यो सिद्धान्त र प्राथामिकता निर्धारण गर्ने बेलामा के भनेको थियो अर्थमन्त्रालयले ।आज यो सिद्धान्त र प्राथामिकताको आधारमा यो नीति तथा कार्यक्रम आएको छ। कंहि तालमेल देखिदैन।यात भन्न पर्यो अर्थमन्त्रालय र मुख्यमन्त्रीको कार्यालय विच झगडा छ भन्न पर्यो।यात माओवादी केन्द्र र नेपाली काँग्रेसको बिचमा झगडा छ।असहमति छ भन्न पर्यो।त्यसकारणले यो संसद म सम्मानका साथ भन्छु म यो बुर्जुवा संसद होइन। यो ठूलो आन्दोलन गरेर नेपाली काँग्रेसका माननीय ज्यूहरु हुनुहुन्छ, नेकपा एमालेका माननीयहरु हामी छौं।नेकपा माओवादी केन्द्रका माननीयहरु हुनुहुन्छ, राष्ट्रिय जनमोर्चाको या संघीय जनता समाजबादीको पार्टिको सबै पार्टिको हामी माननीयहरु एउटा संघर्षबाट जनताको लागि लडेर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेर आएका हुनाले हामी सवै गणतन्त्रबादीहरु यहि छौं।हामी संघीयताबादीहरु यहि छौं ।सबै लोकतन्त्रवादी यहि छौं।त्यसकारणले यो संसदलाई बुर्जुवा संसद भनिहाल्न  नमिल्ने होला तर यसले बुर्जुवा संसदकै ढाँचामा काम गर्न खोज्यो त्यसमा हाम्रो गम्भिर विरोध छ।त्यसकारणले मैले यहि भन्न खोजेको हाम्रो गण्डकी प्रदेश सरकार जान कहाँ खोजेको हो? अस्ति एउटा तथ्याङ्क विभागले, युएनडिपिले एउटा प्रक्षेपण गर्यो आर्थिक विकासको । वाग्मति प्रदेशले यो चलिरहेको आर्थिक बर्षमा ६.७ प्रतिशत आर्थिक बृद्धिदर हाँसिल गर्यो भनेको छ।गण्डकी प्रदेशले ६.१७ प्रतिशत हाँसिल गरेको कुरा भनेको छ।त्यसपछि कर्णाली प्रदेश तेस्रोमा, त्यसपछि प्रदेश नं१, त्यसपछाडि प्रदेश नं५ लुम्विनि प्रदेश,त्यसपछाडि  छैठै नंमा सुदुपश्चिम प्रदेश, त्यसपछाडि मधेश प्रदेश ७औं नंमा।बाग्मति प्रदेशले त्यत्रो आर्थिक बृद्धिदर हाँसिल भएको कुरामा कसैले अनौठो मान्न पर्दैन किनभने सरकारको केन्द्रिय सरकारको सवै आर्थिक गतिविधि सवै बाग्मति प्रदेशमा हुन्छ भैराखेकै छ अहिले पनि मुलुकमा संघीयता आए पनि हेटौंडा औद्यगिक क्षेत्र त्यहि छ।पाटन औद्योगिक क्षेत्र त्यहि छ बालाजु औद्योगिक क्षेत्र त्यहि छ। भक्तपुर औद्योगिक क्षेत्र त्यहि छ।चार चार वटा औद्योगिक क्षेत्रहरु त्यहि छन। ठूला ठूला अन्तराष्ट्रिय बहुराष्ट्रिय कम्पनिको कारखानाहरु त्यहि क्षेत्रमा छन काठमाण्डौ भ्याली भित्रै छ। ठूलो व्यापारिक केन्द्र त्यहि हो र ठूलो वाणिज्य केन्द्र त्यहि हो। अन्तराष्ट्रिय विमानस्थल त्यहि छ।हुँदाहुँदा दुइटै नाकाहरु तातोपानी र रसुवाको नाका पनि त्यहि पर्छ। त्यसकारण त्यसले यो ६.७ प्रतिशतको दरले आर्थिक बृद्धिदर हाँसिल गर्यो भन्ने कुरामा कुनै आश्चर्य मान्न पर्दैन।त्यो बाग्मति प्रदेश सरकारको परिश्रमले,उसको

मेहनतले प्राप्त गरेको नै होइन केहि न केहि यसको हिस्सेदारी त होला तर हामी गण्डकी प्रदेशवासीले जे सफलता हाँसिल गरेका छौं।सारा हिसावले भन्दा खेरी गण्डकी प्रदेश सरकार पहिलो नम्वरमा हो आर्थिक बृद्धिदर हाँसिल गर्ने कुरामा। यो अहिलेको सरकारको पालामा यो आर्थिक बृद्धिदर हाँसिल भयो यो सरकारलाई म धन्यबाद बधाई दिन चाहन्छु तर यसमा  पहिला विगतको सरकारले पुर्वाधारमा जे लगानी गर्यो खास गरिकन मुर्दा अवस्थामा रहेको कोमामा पुगिसकेको हाम्रो अर्थतन्त्र कोभिड महामारीको कारणले त्यसलाई व्युँताउने काम हामीले खेलकुदका माध्यमबाट व्यवसायिक जिवन रक्षा कोषका माध्यमबाट। यो कुनै प्रदेशले गरेको थिएन यो हामीले मात्रै गरेका थियौं त्यहाँबाट रिस्चार्ज भयो हाम्रो सुतेको अर्थतन्त्र।अहिले त्यहि तथ्याङ्क निकाल्नेले भन्यो।पुर्वाधारमा गरेको गण्डकी प्रदेशको लगानी यो व्यवसायिक जिवन रक्षा कोषको नयाँ तरिका र खेलकुदको माध्यमबाट, खेलकुद पर्यटनको माध्यमबाट कोभिडले थलिएको अर्थतन्त्रलाई माथी उकास्ने काम जसरी गर्यो यसको प्रतिफल हो भनेर भन्यो। यो कुरालाई हामीले पुन निरन्तरता दिनु पर्यो हाम्रो उद्देश्य के थियो भने पाँचौ वर्षसम्म पुग्दा पनि हाम्रो आर्थिक बृद्धिदर १०.२ प्रतिशत पुर्याउने थियो हाम्रो।नेपाल सरकारको ९.५ हुन्छ। गण्डकी प्रदेश सरकारको १०.२ प्रतिशत हुन्छ आर्थिक बृद्धिदर भनेर प्रक्षेपण गरेको हो। देशमा महामारीले सवै कुरा सपनाहरु तुह्यो।त्यतिखेरको सरकारले यो सवै काम गरेको त्यसकारणले मैले के भन्न अनुरोध गर्न चाहान्छु भने हाम्रो गण्डकी प्रदेश सरकार ठिक लिकमा हिड्ने हो भने सम्वृद्ध गण्डकी प्रदेश सुखि नागरिक बनाउने हो भने हाम्रो आफ्नो दिर्घकालिन सोच होनि त हाम्रो दिर्घकालिन सोच सम्वृद्ध गण्डकी प्रदेश सुखि नागरिक गण्डकी प्रदेश वासी हाम्रो यो दिर्घकालिन सोच हो। हाम्रो उद्देश्य के थियो भने उत्साह उत्पादन र उत्पादकत्व बृद्धि गर्दै समाजवाद उन्मुख हाम्रो लक्ष्य के थियो? हाम्रो लक्ष्य के थियो भने उच्च उत्पादन, मर्यादित जीवन, समावेशि सभ्य,शुसासनयुक्त आधुनिक समाज भएको सम्वृद्ध प्रदेश हाम्रो लक्ष्य थियो।त्यो लक्ष्य प्राप्त गर्नलाई तिनवटा उद्देश्यहरु थिए ति ३ तिन वटा उद्देश्यहरु के थिए।पहिलो उद्देश्य उत्पादन र उत्पादकत्व बृद्धि गर्दै समाजवाद उन्मुख आत्म निर्भर स्वाधिन अर्थतन्त्रको निर्माण गर्ने एउटा पहिलो उद्देश्य दोस्रो उद्देश्य पर्यटन, उर्जा, उद्योग, पुर्वाधार, मानव संसाधनको विकास गरेर त्यसको पूर्ण विकास र दिगो समतामुलक र फराकिलो उच्च आर्थिक बृद्धिदर हाँसिल गर्दै सम्वृद्ध प्रदेशको सम्वृद्धिको लागि आधारसिला निर्माण गर्ने दस्रो उद्देश्य थियो हाम्रो। एउटा उद्देश्य

आर्थिक क्षेत्रको थियो, आर्थिक बृद्धिदरको थियो। अर्को उद्देश्य यो सवै निर्माणका सवै क्षेत्रमा विकास गर्ने कुरा थियो। उच्च आर्थिक बृद्धिदर हाँसिल गर्ने थियो यि क्षेत्रमा।तेस्रो कुरा के थियो भने स्वच्छ, गुणस्तरिय स्वास्थ्य र शिक्षाको प्रवन्ध गरेर । खानेपानी सरसफाईको व्यवस्था गरेर स्वच्छ वातावरण निर्माण गरेर। सामाजिक एकता र सुरक्षामा सवै जनताको पहुँच पुरयाएर शुसासनयुक्त शुसासनको अनुभुति प्रदेशका सवै जनताले गर्ने सम्वृद्ध प्रदेशको एउटा उद्देश्य हाम्रो थियो। मैले यो तिनवटा हाम्रो दिर्घकालिन सोचको कुरा हाम्रो लक्ष्यको कुरा हाम्रो उद्देश्यको कुरा किन राखेको हो भन्देखि यो उद्देश्य यो लक्ष्य त कसैको कुनै एउटा पार्टिको पेवा होईन। यो त सिङ्गो गण्डकी प्रदेशको सिङ्गो गण्डकी प्रदेश सरकारको सिङ्गो यो गण्डकी प्रदेश सभाको हो।त्यसकारण यो लक्ष्यबाट यि उद्देश्यहरुबाट विचलित भएर दाँया वाँया भएर आफ्नो पार्टिगत स्वार्थमा हाम्रो सांसदहरुको दवावमा या गठवन्दन सत्तासिन पार्टिको दवावमा दाँया वाँया गर्न थालियो भने हामी यो सम्वृद्ध गण्डकी प्रदेश सुखि गण्डकी प्रदेशवासी बनाउने कामबाट विचलित हुन्छौं भन्ने चिन्ता यो प्रमुख प्रतिपक्ष दल नेकपा एमाले संसदिय दलको नेताको हिसाबले त्यो चिन्ता यहाँहरु समक्ष जाहेर गरेको मैले। अहिलेको नीति र कार्यक्रम एउटा उखान छ नी म मास्टर हुँदाखेरी एकजना म नाम लिन्न उहाँको एकजना जिल्ला शिक्षा अधिकारी आउनु भयो भर्खरै निर्दलकी बहुदलको चुनावको बेला थियो छत्तिस सालमा मास्टरका समस्या धेरै थिए । हामीहरु आन्दोलनमा थियौं।त्यतिखेर कँग्रेसको कम्युनिष्टको छुट्टा छुट्टै कुनै संगठन थिएन।नेपाल राष्ट्रिय शिक्षक संघ एउटै संगठन थियौं हामी ।त्यसै भित्र गोलबन्द भएर हामी लडाइ लड्दैथियौं तानाशाहि व्यवस्थाको विरुद्धमा अनि हाम्रा धेरै समस्याहरु थिए जिल्ला शिक्षा अधिकारी कहाँ जान्थ्यौ हामी वेला वेलामा हैन।जिशिअ ज्यू यो काम गर्दिन पर्यो हुन्छ बुझे तपांइको कुरा वुझे भइहाल्छ गरिहाल्छु भन्ने हुदैन केहि नभन्ने बुझेन केहि नभन्ने बुझे, गरिहाल्छु भैहाल्छ भन्ने। कस्तो कायदाको जिल्ला शिक्षा अधिकारी आएछ भन्ने हामीलाई जहिले पनि गाली गर्ने, तिमीहरु अराष्ट्रिय तत्व, तिमीहरु विदेशी दलाल।यस्तो यस्तो भनेर गालि गर्ने जिशिअहरु आँउथे तर अहिलेको जिशिअ त कायदाको आएछ।यो पनि हुन्छ है भन्ने गर्छु है भन्ने।हाम्रो समस्या बुझे भन्छ भन्या त तिन चार महिना पछि त थाहा भयो जे पनि सजिलै सँग गर्छु भन्नेले गर्दै गर्दो रहिन्छ केहि पनि । जे पनि बुझे भन्नेले वुझेकै हुदो रहेनछ केहि पनि । हाम्रो यो पूलिन्दा पनि त्यस्तै हो।सवै कुरा गर्छु। एभरिथिङ इज नथिङ।सवै चिज सजिलै सँग गर्छु जसले भन्छ त्यसले

एउटा पनि गर्दैन। किनभने उसको प्राइरोटिको क्षेत्र केहि पनि छैन। उसले अर्जुनदृष्टि लगाउने क्षेत्र कुनै पनि छैन। यो काम जसरी पनि गर्नुपर्छ भन्ने केहि काम छैन सवै गर्ने हुन्छ भन्ने वुझे भन्ने गरिन्छ भन्ने केहि पनि नगर्ने। एभरिथिङ इज नथिङ भन्ने एउटा सिद्धान्त छ त्यहि सिद्धान्त अनुसार ल्याएको बजेट हो यो। नीति कार्यक्रम हो। त्यसकारणले यो नीति कार्यक्रमबाट धेरै के हुन्छ यो सरकारको अवधि कति छ। बढि भयो भने असोज सम्म। मंसिरमा चुनाव भयो भने त मंसिरको ९ गते या त मंसिरको २० गते त चुनाव हुनपर्यो। एक डेढ महिना अगाडि देखि केरे आचार संहिता लागु हुन्छ। अघि पो हाम्रो माननीय ज्यूले त भन्नुभयो हामी त अब जुगौं जुग सम्म जाने भयौं भन्नु भयो त्यसकारणले यो ल्याएको हो भन्नु भयो। राजनितिमा यस्तो कुरा झुटो गफ हुन्छ। झुटो गफ गर्न सुहाँउदैन तपाइहरुलाई। जनताले कसलाई चिनाउँछ कसलाई चिनाँउदैन थाहा छैन। कुनै वेला सवैभन्दा ठूलो दल भनेको पार्टि आज  कहाँ छ त्यसकारणले राजनितिमा सम्भावनाको सवै खेल हुन्छ। सवै कुराको सम्भावना हुन्छ जबसम्म राजनितिमा जनताको इमान्दारिता देशको लागि काम गर्छौं जनताको लागि काम गर्छौं त्यो फर्केर आउँछ त्यो पार्टि त्यो शक्ति फर्केर आउँछ। त्यो शक्ति एउटा शक्ति भनेको नेकपा एमाले हो त्यो कुरा यहाँहरुले बुझ्नुपर्छ त्यसकारणले भ के भन्न चाहान्छु भने अहिले नै हामी कुनै सरकारको भविष्यवाणी गरेर हामी हो सवै हामीले गर्ने हो भनेर। तपांइले त तपाइंको पकेटमा परेको पाँच करोड पनि बाँड्न पाउनु हुन्न त्यो कारणमा जाँदैन के फाइदा हुन्छ भने चुनावमा जाँदाखेरी पाँच करोड यो खानेपानी ल्याइयो। सामुदायिक भवन बनाइयो, फुटवल मैदान बनाइयो भन्ने अवसर  दिइएको हो। भोट मागने अवसर दिइएको हो। त्यो सत्ताको बजेटको दुरुपयोग हो। अहिले नै चुनाव अगाडि बजेट बनाउन पाईदैन। लोकतन्त्रमा त्यस्तो हुदैन। आ-आफ्नो सिद्धान्त नीतिको आधारमा चुनाव लड्ने हो। त्यसकारणले त्यसमा हाम्रो गम्भिर असहमति भएर म यहाँ उभिएको हो। हामीले भनेका थियौं हाम्रो सम्वृद्धिको सातवटा आयमहरु छन। पहिलो हामीले के भन्यौं उर्जा कि पर्यटन पनि गर्यौं पर्यटन अलि भिजीवल हुन्छ धेरै कुरा गर्न सक्छौं हामीले। थोरै लगानीले धेरै उपलब्धि गर्न सकिने ठाँउ हो त्यो। धेरै नै सरकारले नीजी क्षेत्रले गर्न सक्ने ठाँउ हो। त्यसकारणले पर्यटन भनेको पहिलो आधार हो। हुनसक्छ फर्स की डाइभरस सेभेन कि डाइभर्स अफ डेभलप प्रस्परटि भनेको सातवटा सम्वृद्धिका संवाहक भनेकोमा पर्यटनलाई हामीले पहिलो मानेको हो। त्यसपछि उर्जालाइ दोस्रो मानेको कृषिलाई तेस्रो मानेको उद्योगलाई चौथो मानेको पूर्वाधारलाइ पाँचौ

मानेको किनकी सवै काममा पूर्वाधारको काम भइरहन्छ भनेर पूर्वाधारलाइ पहिलो मानेको पूर्वाधार पहिलो मान्नपर्छ भन्ने पनि थियो। त्यसबाट हामीले मानविय संसाधन विना जनशक्ति विना त हुँदोरहेनछनी केहि पनि। आखिर बजेट कार्यन्वयन गर्ने त त्यसैले हो। नीति र कार्यक्रम गर्ने त्यसैले हो। शासन प्रशासन चलाउने त्यहि शक्तिले हो। त्यसकारण मानविय संसाधन जनशक्तिको विकास भएन भने हुदोरहेनछ सिंगापुरबाट हामीले सिक्नुपर्छ हामीले मलेशियाबाट सिक्नुपर्ने होला हामीले अमेरिकाबाट सिक्नुपर्ने भन्ने होला अहिले चाइनाबाट सिक्नुपर्ने होला। यो सवै कुरा बढो राम्रो नीति कार्यक्रम राखेर सिद्धान्त राखेर उद्देश्य राखेर लक्ष्य राखेर पनि त्यो मूलुकमा भ्रषटाचार नियन्त्रण हुन सकेन भने लोकतन्त्रको मुलभुत सिद्धान्त मुताविक पारदर्षि ढंगले यो सरकार चलेन भने यो  सरकारको नीति निर्णय गर्ने ठाँउमा धेरै भन्दा धेरै जनताको सहाभागितालाई ग्यारेन्टि गरिएन भने सरकार पारदर्शि ढंगले चलेन भने र ढिला सुस्तिलाइ अन्त्य गरिएन भने फजुल खर्चलाइ अन्त्य गरिएन भने वेरुजु अन्त्य गरिएन भने वेरुजु अन्त्य गरिने कुरालाई जोड दिइएन भने हाम्रा यि सवै कुरा हावादारी गफ हुन्छ त्यसकारणले शुसासन पनि महत्वपूर्ण पाटो हो भनेर हामीले सातौं नम्वरमा शुसासन राखेको हो।तपाइले यसमा  मध्यावधि गरेर या मूल्याङ्कन गरेर या समिक्षा गरेर हाम्रो यो सातवटा प्राथामिकताका क्षेत्रहरुमा हेरफेर गर्न सक्नुहुन्छ तर यसमा सातवटामा आठवटा थप्न सक्नुहुन्छ तर यसमा हेरफेर गर्ने कुरा हो भने हाम्रो गण्डकी प्रदेशमा सम्बृद्धि नचाहाने को रहेछ प्रष्ट झल्किन्छ।त्यसमा हाम्रो कम्पलिमेन्ट कहाँनेर छ। तपांइको नीति कार्यक्रम पढ्दाखेरी पर्यटनमा तपाइले जे जे कुराकानी गर्नु भएको छ। रिडीदेखि गुल्मि जिल्ला देखि लिएर स्याङ्जा जिल्ला अनि कास्की लमजुङ देखि लिएर लिगलिग कोट सम्म पुर्याएर त्यो ट्रेकिङ रुटले हामीलाई हाम्रो कति पर्यटक आँउछ। पर्यटन क्षेत्रको त्यसको डाइभरीफेकेसन गर्दाखेरी पर्यटन क्षेत्र धेरै त्यसका धेरै आयमहरु छन।धेरै डायमेन्सनहरु छन।ताजा हाम्रो प्रदेशमा धेरै चलेको आन्तरिक पर्यटनमा टेवा दिएको हाम्रो यहि पोखराको जुन सुन्दरता छ यहाँको जुन साँस्कृतिक सुन्दरता विविधता छ र हाम्रो मुक्तिनाथ र मनकामना अरु केहि धार्मिक स्थल जे छ धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन या  मनोरञ्जनात्मक पर्यटन या कहिलेकाँहि हामी खेलकुद पर्यटन पनि भनौला हामी या ट्रेकिङ रुट  ट्रेकिङ त नेपालमा दश लाख  पर्यटक आए भने पचास साठि हजार आउने हो ट्रेकिङमा त्यहि पनि विदेशी पर्यटक आँउदा हुने हो स्वदेशि पर्यटक र इन्डियनहरु ट्रेकिङमा आँउदै आँउदैन।त्यस हुनाले प्राथामिकता

केलाइ दिएको ट्रेकिङमा दिएको कि अर्कोलाइ दिएको। ट्रेकिङमा दिएको हो भने त्यो भइरहेको संसारको नामुद ट्रेकिङ रुटहरु र हाम्रो अन्नपूर्णलाइ किन व्यवस्थापन नगर्नु भएको। त्यसमा हाम्रो प्रायरोटि किन नतोकिएको केहि पनि देखिदैन। मैले एउटा उदाहरण मात्र भनेको यस्तो धेरै क्षेत्रमा छ। हाम्रो पर्यटन गण्डकी प्रदेशले पर्यटनबाट धेरै विकास गर्यो पर्यटनमा जुन खालको आर्थिक बृद्धिदरमा गर्यो त्यस हुनाले यो पर्यटन क्षेत्रको धेरै महत्वपूर्ण भुमिका छ। हामी सँधै यो पूर्व मुख्यमन्त्रीले संधै भनिराखेको भएर यो पृथ्विसुब्बा गुरुङले संधै भनिराखेको भनेर मेरो ब्रेन चाइल्ड जस्तो संधै भनिराख्ने भएको हुनाले भन्ने पर्वाग्राह राखेर कहिले काँहि भन्नुहुन्छ। घरवास कार्यक्रमलाइ व्यवस्थित गर्न पर्छ। घरवास कार्यक्रम त्यस्तो होइन तर आज घरवास कार्यक्रमले ग्रामिण गरिवि निवारणमा महत्वपूर्ण योगदान दिएको छ भन्ने कुरा तपाइले तथ्याङ्कबाट थाहा पाउनुहुन्छ। स्वरोजगार र रोजगार सृजना गर्ने कुरामा महत्वपूर्ण योगदान दिएको छ भन्ने कुरा थाहा पाउनुहुन्छ। गण्डकी प्रदेशको आर्थिक विकासमा त्यसले महत्वपूर्ण योगदान दिएको छ। रैखाने वालीको खेतिको उत्पादन उत्पादक बढाएछ बढेछ छ भन्ने कुराको तपाइले ध्यान दिनु पर्छ। कृषि उत्पादन त्यसले बढाएको छ। वातावरण संरक्षणमा त्यसले योगदान दिएकै छ। पुर्वाधार निर्माणमा त्यसले महत्वपूर्ण योगदान छ। स्वरोजगार रोजगार सृजना गर्ने कुरामा अझ भन्दाखेरी समाजमा महिला र पुरुष विचमा जे विभेद छ। आर्थिक श्रोतमा सवै पुरुषहरुको हैकम चल्ने जे प्रणाली छ। हाम्रो घरवासले घरका मालिकनीलाई आफ्नो मालिक बनाउँछ। आफ्नो घरवास सञ्चालक बनाउँछ। महिलाको थैली भर्ने काम गर्छ। पुरुषको पर्स होईन त्यसकारणले यो सामाजिक न्यायको हिसाबले घरवासमा धेरै महत्वपूर्ण कार्यक्रम थियो। यसलाइ अझै व्यवस्थित रुपमा चलाऔं। व्यवस्थित रुपले चलाउँ भन्ने देखिएन। यसले महत्वपूर्ण काम गरेकै छ। पर्यटनको कुराकानी गर्दा त पोखराको ऐतिहाँसिक एउटा काम पहिला पहिला २०१८ सालमा राजा महेन्द्र आउँदा खेरी के भनेछ तिजको याममा आएछ। यता चौरासी विरुवातिर पोखरामा त्यतिखेर पाटनै पाट्न चौर नै चौर थियो सबै ठाँउमा । खोलियो बैदामे ताल बाँझो रहयो चौरासी विरुवा भनेर गित गाउँदै महिलाहरु नाच्थे तिजमा के भन्या यो। खोलियो बैदामे ताल बाँझो रहयो चौरासी विरुवा भनेर राजा महेन्द्रले सोधेछ। यहाँ जनताले झारा उठाएर बाँध बाद्थे बैदाम तालको यो बाँध ठूलो बाढी आएर भत्काइदियो यसबाट जनताले बाँध बाँधन सकेन। बैदामे ताल खोलियो जसलाइ हामी अहिले फेवा ताल पनि भन्छौं। बैदामे ताल खोलियो। त्यो बाँध खोलिएको हुनाले चौरासी

विरुवा त्यो तल तलको बैदामे फाँट बाँझो रहयो।त्यसकारणले यहाँ नहर बनाउनु पर्दो रहेछ भनेर राजा महेन्द्रले बुझेर राजा महेन्द्रले बाँध बाँधेको अठार सालमा। त्यो एउटा ऐतिहाँसिक काम राजा महेन्द्रले बाँधेको बाँध पछाडी भत्कियो। पच्चीस सालतिर भत्केर पछि त्यसलाइ फेरी मर्मत गरेर पञ्चायत कालमा भयो।यो फेवाताललाइ त्यो बेलामा राजा महेन्द्रले बाहेक अरु कसैले हेरेन। बहुदल आयो शासन फेरियो कंग्रेस आयो एमाले आयो के आयो के आयो।सवै सरकारमा आयो कसैले केहि गरेन।हाम्रो गण्डकी प्रदेश सरकारको पहलमा नेपाल सरकारले यो फेवातालको पहिलो पटक सिमांङ्कन गर्ने काम गर्यो। त्यसको पूर्वाधार निर्माण गर्ने काम गर्यो र त्यो पुर्वाधारलाइ तोक्ने काम महानगरपालिकाले अस्ति भर्खरै गर्यो।१८ सालको राजा महेन्द्रको ऐतिहाँसिक काम यो पटक हामीले गरेका थियौं।किनकी पोखराको भविष्य गण्डकी प्रदेशको पर्यटनको भविष्य त्यहि फेवातालसँग जोडिएको छ। किन बैदाममा मात्रै पर्यटक आँउछ।किन रुपातालको छेउछाउमा एकजना पर्यटक पनि जाँदैन। संसारको तेह्र तालहरु मध्ये आकर्षक तालहरु मध्ये तेह्रौ ताल हो यो फेवाताल। त्यो फेवातालको संरक्षण सवभन्दा महत्वपूर्ण कुरा थियो।फेवातालको संरक्षण नगरिकन तपांइले सौन्दर्यकरणको कुरा गर्नुभएछ संरक्षण नगरिकन कसरी सौन्दर्यकरण गर्नुहुन्छ। कसरी त्यसको व्युटिफिकेसन गर्नुहुन्छ।त्यसलाई संरक्षण नगरिकन संरक्षण गरेर मात्र त्यसको विकास गर्न सकिन्छ। विकास गरेर मात्र त्यसको सौन्दर्यकरण गर्न सकिन्छ।त्यसको सौन्दर्यकरणले मात्र यसको यो पोखरामा हामी धेरै पर्यटक लाखौं पर्यटक हामी आकर्षण गर्न सक्छौं। यो काममा यो नीति तथा कार्यक्रममा कतै पनि एक शब्द बोलेको छैन,बोल्नु पर्दैन। फेवाताललाई माउ बनाएर बेगनास ताल रुपाताल हाम्रो उताका सातवटा ताललाई जोडनुपर्यो।कनेकटिभीटिको कुरा गर्नभएको छ तर ति तालहरुको मापदण्ड निर्धारण गरेर ति तालहरुको संरक्षण गर्ने कुरा पहिले गर्नु पर्यो। ति तालहरु संरक्षण गरेर आर्थिक उत्पादन संग जोड्नुपर्यो।हाम्रो सम्वृद्धिको अभियान सँग जोड्नु पर्यो।रोजगारीको सृजना गर्ने काममा जोड्न पर्यो।इको टुरिजमको कुरा गर्नु भएको छ, इको टुरिजमले के के ल्याँउछ भनेर भन्नु पर्यो त्यसमा खर्च गर्नुपर्यो। त्यसकारणले हामी खर्च गर्छौं हामी बजेट ल्याउँछौ भन्नु पर्यो।केहि पनि भनेको छैन त्यो। गण्डकी प्रदेशको पर्यटन भन्ने वित्तिकै त्यसको नाभिमा फेवाताल छ।पोखरा छ पोखराको नाभिमा फेवाताल छ भन्ने कुरा बुझ्नुपर्छ।त्यसकारणले यो सवै काम हामीले गरेका छैनौं। गण्डकी प्रदेशको फेवाताल, तिलिचो ताल आज एउटा महत्वपूर्ण गन्तव्य बनिरहेको छ

पर्यटकहरुको। त्य सको संरक्षणको कुरा हामीले गरेका छैनौं। गोसाईकुण्ड अर्को ठूलो डेस्टिनेसन हुन सक्छ। त्यस्तै अरु तालहरु पनि हुन सक्छन। हामीले भन्नुपर्छ होला सायद भारतको पनि ठूलो संघीय शासन प्रणालीको त्यसका प्रान्तिय राजधानिहरु यस्तो छैन। गण्डकी प्रदेशका अरु छ वटा प्रदेशको यस्तो प्राकृतिक सुन्दरता छैन। संसारका धेरै प्रान्तिय राजधानीहरु होलान। हाम्रो गण्डकी प्रदेशको राजधानि पोखरा भए जस्तै यहाँ सात वटा ताल भएको यस्तो सवै खालको जलवायु पाइने सवै खालको डेस्टिनेशन एडभेन्चरियस डेस्टिनेसन वरिपरि भएको राजधानी सँग तपाईको फास्ट ट्र्याक बन्यो भने दुई घण्टा तिन घण्टामा आउन सक्ने ठाँउमा भएको दक्षिणबाट हामी दुई घण्टा तिन घण्टामा आउन सक्ने ठाँउ भएको अन्तराष्ट्रिय विमानस्थल वनिसकेको यस्तो स्थितिमा पोखरा नेपालको आर्थिक विकासको एउटा केन्द्र हुन सक्छ भनेर हाम्रो नीति तथा कार्यक्रममा कंहि उल्लेख छैन। यहाँहरु सबैले बुझ्नुपर्छ, यो फास्ट ट्र्याक बनाउँदै गर्छौं हामी अहिले मुग्लिन पोखरा फास्ट ट्र्याक बनिरहेछ। एडिवी सँग सायद सम्झौता पनि भइसकेछ बुटवलबाट यहाँसम्म आउने त्यो बाटो बन्यो भने हाम्रो महत्वपूर्ण चितवन नेस्नल पार्कमा पुग्न सक्छौं। लुम्विनी हामी सजिलै सँग पुग्न सक्छौं। त्यहीबाट यहाँ आउने हो, त्यहीबाट यहि आउने हो। काठमाण्डौबाट यहाँ आउने हो। यसलाई हामीले पर्यटनको नाभि बनाउने हो भने यो सवै महत्वपूर्ण विषय होइन। हामी सवैले बुझ्नपर्छ पोखरामा सक्रिय रिङरोडको अवधारणा किन भुलेको तपांईहरुले किनभने अबको पोखरा दश बर्षपछि धेरै साँघुरो हुन्छ अब यहाँ रिङरोड बनाएन भने के हुन्छ। आजको काठमाण्डौले जे भोगेको छ त्यहि भोग्नुपर्छ भोलि पोखराले। पोखरा हाम्रो आर्थिक सम्वृद्धिको केन्द्र हो। हामीले भनेका थियौं हाम्रो प्रथम पञ्चबर्षिय आयोजनामा दिर्घकालिन योजनामा हामीले भनेका थियौं के भन्याथियौं भने विकासका केन्द्रहरु छन हाम्रा, उत्पादनका केन्द्रहरु छन, व्यापारका केन्द्रहरु छन। हाम्रा वार्ड कार्यालयहरु हाम्रा प्रारामि्भक केन्द्र हो, प्रारम्भिक विकासको विन्दु हो। त्यसपछि पालिकाको सदरमुकाम विकासको केन्द्र हो। पालिका स्तरको केन्द्र हो। जिल्लाको सदरमुकाम जिल्लास्तरको केन्द्रहरु हुन। प्रादेशिक सदरमुकामहरु प्रदेशको विकासको केन्द्र हो र नेपाल भरिको केन्द्र काठमाण्डौ हो भन्ने कुरा बुझिहालियो हामीले। अहिले नेपालमा चारवटा इन्टरनेशनल एयरपोर्ट बन्दैछ नेपालमा। तिनवटा त बनिसक्यो एउटा बन्दैछ। सर्वोच्चले रोके पनि त्यो रोकिदैन होला। किनभने सरकारले काम अगाडि बढाएकै छ। पैसाको इशारामा गरिदियो सरकारले।

वातावरण बनाउने भनेर विकास रोक्ने भनेर गरिदियो। निजगड एयरपोर्ट, काठमाण्डौ एयरपोर्ट,भैरहवा एयरपोर्ट र पोखरा एयरपोर्ट एउटा ट्रेंगुलर भित्र जुन बाँधिन खोजेको छ। यो ट्रयाङगुलर भित्र फास्ट ट्रयाकलाई जोडियो भने निजगड र हामी या काठमाण्डौ र भैरहवा नेपालको एउटा विकासको रेक्टुङलर भित्र बसेको यो पोखरा आँफैमा धेरै महत्वपूर्ण छ भन्ने बुझ्नुपर्यो र पोखराको रिङरोडको बारेमा  यो नीति कार्यक्रममा उल्लेख नगर्नु दुखद कुरा हो। म गम्भिर आलोचना गर्न चाहान्छु सरकारको आगामी बजेटमा यो सम्वोधन हुनुपर्छ। अनि पोखरासँग जोडिएका हाम्रा सेटलाइट सिटिहरु छन। सेटलाइट सिटिको बसांइसराइ कार्यक्रम रोक्न सकिएन भने व्यापारको केन्द्र विस्तार गर्न सकिएन भने पोखरा धेरै साँघुरो हुनेछ पछि पच्चिस तिस वर्ष भित्र। त्यसहिसाबले ति सेटलाइट सिटिको बारेमा कुरा त उल्लेख गरेको छ तर त्यसमा बजेट कसरी आउँछ हेर्नुपर्ने हुन्छ। त्यसलाई व्यवसायिक रुपले अगाडि बढाउनु पर्ने देख्छु मैले पर्यटनको क्षेत्रमा पर्यटनको कुरा मैले यति मात्रै भने। अब हामी शिक्षाको कुरा कानी गरिरहेछौं हामीले बुझेको कुरा के थियो हामीले सरकारमा आँउदा खेरी भर्खर हामीले योजना बनाइराख्दा खेरी कुरा के थियो भने हाम्रो गण्डकी प्रदेशको शिक्षा या नेपाल भरिको शिक्षाको स्थिति के थियो भने बजारले मागेको होइन बजारले मागेको जनशक्ति उत्पादन नगर्ने साधारण शिक्षामा जोड दिएर बेरोजगारहरु उत्पादन गर्ने प्रणाली छ हाम्रो। हामीले शिक्षामा विकास गर्दाखेरी  हाम्रो ट्रनिङ पोइन्ट कहाँनेर हुनु पर्यो हाम्रो डेस्टिनेशन हाम्रो ट्रयाक कहाँ हुनुपर्यो हाम्रो सोचाइ कहाँ पुग्नुपर्यो हाम्रो सोच कहाँ हुनुपर्यो भन्देखि हाम्रो लक्ष्य के निर्धारण गर्नुपर्यो भन्देखि अब यो बजारमा बजारले खोजेको जनशक्ति उत्पादन गर्नेतिर ध्यान दिनुपर्यो। साधारण शिक्षामा होइन अब प्राविधिक शिक्षामा या व्यवसायिक शिक्षामा जोड दिनु पर्यो। त्यसका लागि हामिले आँफै जिआइटिसि स्थापना गरेका छौं। त्यसका लागि हामी आँफैले उच्च शिक्षा र प्राविधिक र व्यवसायिक शिक्षा साधारण जनताको पहुँच भित्र पुग्नुपर्यो। त्यस हुनाले गण्डकी प्रदेशले आफ्नो विश्वविद्यालय खोलेको हो। विकास र रिसर्च  डेभलपमेन्ट र विकास सँगसँगै जानपर्ने विषय हो जहाँ जहाँ रिसर्च बिनाको विकास भएको छ त्यो विकास तवा भएको छ। पञ्चायत कालको विकास के भएको छ। खरबौं रुपैयाँ नोक्सान भयो आज। हिजो बनेका हेल्पोष्टहरु सवै खारेज भए। हिजो बनेका स्कुलहरु सवै खारेज भए अहिले। यो पन्ध्र विस वर्षको माइग्रेसनको ट्रेन्ड यस्तो हुन्छ भनेर कसैले अध्ययन गरेन स्टडी विनाको रिसर्च विनाको विकासको अवधारणा थियो त्यो। त्यसले एक

प्रकारले माध्यामिक विद्यालयहरु सव अहिले खण्डहर भैरहेछ। अब सामुदायिक क्याम्पसहरु खण्डहर हुने वेला आइसक्यो। यो तथाकथित व्यक्ति व्यक्तिले आफ्नो इज्जत जोगाउनलाइ आफ्नो साख जोगाउनलाई गरिएको विकासको अवधारणा थियो। यसकारणले हामीले जोड दिएका छौं कि डेभलपमेन्ट जहाँ गर्ने हो त्यहाँ रिसर्च हुनुपर्छ डेभलपमेन्ट अगाडि हामीले रिसर्चमा अध्ययनमा जोड दिन पर्यो हामीले। के गर्नुपर्छ अबको पचास वर्ष भित्र यो कसरी जान्छ यो डेभलपमेन्टको ट्रेन्डबाट गरेनौ भने फेरी हाम्रो खरबौं रुपैयाँ नोक्सान भयो, शिक्षा स्वास्थ्यको क्षेत्रमा।लगानी भएको सवै नोक्सान भयो। अहिले हामीले अर्को ठाउँमा स्कुल बनाउन पर्दैछ, अर्को ठाँउमा अस्पताल बनाउन पर्दैछ।खरबौं रुपैयाँ नोक्सान भयो त्यसकारणले रिसर्च एण्ड डेभलपमेन्ट सँगसँगै जानुपर्छ। यसमा कहिं पनि केहि देखिएन। त्यो रिसर्च एण्ड डेभलपमेन्ट सँग जान विज्ञान तथा प्रविधि प्रतिष्ठानको अवधारणा ल्याएको हामीले।व्यक्तिको हकमा मैले भन्दैछु जर्मनिको युनिभर्सिटिमा पढाइरहेको एउटा व्यक्ति ढाकारामलाई धेरै पटक फोन गरेर तपाई यहि आउनुहोस भनेर मेरै प्रदेशमा सेवा गर्छु भनेर उहाँ फर्कनु भयो।आज थाल खाउँकि भात खाँउको स्थितिमा हुनुहुन्छ। चढ्नी गाडि पनि मिलिरहेछैन काम गर्ने कार्य पनि मिलिरहेछैन। रिसर्चमा हामीले जोड दिन पर्यो। हामीले स्थापना गरेका कार्यक्रमको विशेष उद्देश्य छ। त्यसलाई जोड दिनुपर्यो।हाम्रो आफ्नो संरचना भएन भने हाम्रो आफ्नो प्रहरी र प्रशासन भएन भने आफ्नो जनशक्ति भएन भने अर्काको जनशक्तिले विकास गर्दैन हामीले भोगेका छौं नी तिन चार वर्ष। संघीय सरकारको कर्मचारी आएर प्रदेशको विकास त गर्दैन नी कुन दिन जाने भनेर संघको मुख ताकेर बस्ने परिस्थिति बन्दो रहेछ हामीले त्यो काम गरेको हो त्यसकारणले यो रिसर्चमा पनि हाम्रो ध्यान जान पर्यो। अब उद्योगको कुराकानी गर्दाखेरी धेरै धेरै कुराकानी गरेका छौं हाम्रो दुइटा औद्योगिक क्षेत्र बनाउने भनेको त्यो हाम्रो चौपट भइहाल्यो हैन।अहिले सम्म कुन चरणमा पुगेको छ थाहाछैन। हामीले धेरैपटक माथिल्लो उद्योग मन्त्रालय सँग कुराकानी गरेको हो। अब त कमसेकम स्विकृत भएर आउनपर्ने हो भन्ने लाग्छ। पुर्वाधारका काम हामीले निर्माण गर्दिन पर्यो त्यहाँ विजुली पुर्याइदिनुपर्ने होला बाटो बनाइदिनुपर्ने होला।तारवार घेरवार गर्नुपर्ने होला या त्यहाँ आउने मान्छेलाई त्यहाँ आकर्षित गर्न पर्ने होला। नीजि क्षेत्रबाट त्यहाँ आकर्षित गर्नुपर्ने होला।यहाँ फरामासियल इन्ड्रष्टियल आउने सम्भावना पनि त्यतिकै थिए। हामीले के भनेका थियौ भने उद्योगको कुराकानी गर्नुपर्दाखेरी हाम्रो गण्डकी प्रदेशमा साना र लगुउद्यम घरेलु उद्योगहरु

मात्र रहेछ त्यसको त हजारौ संख्यामा छ तर एउटा मझौला उद्योग यहाँ देखिदैन। एउटा ठूलो उद्योग त देखिदै देखिदैन। त्यसकारणले हाम्रो कनसन ट्रान्सफरम कहाँबाट कहाँ सिफ्ट गर्ने भन्दाखेरी यो बिद्यमान उद्योगको परिस्थिति छ।यो उद्योगलाई यसलाइ व्यवस्थापन गरेर अब  कृषि जन्य प्रशोधन ठूलो ठूलो उद्योगहरु अब खनिज र खनिज जन्य उद्योगहरुको प्रशोधन त्यसो भन्दाखेरी यहाँ सिमेन्ट कारखानाहरु धेरै धेरै हुन सक्छ।ठुला ठूला उद्योगहरु हुन सक्छ। ठूला ठूला फ्याक्ट्रिहरु हुन सक्छ।त्यतातिर सिफ्ट गर्ने हाम्रो एसेम्वली इन्ट्रेस्ट चल्ने धेरै सम्भावना छैन भनेर भनेको त्यसबारे पनि यो नीति कार्यक्रमले धेरै बोलेकै छैन। हामी यो तिर जान्छौ सिफ्ट गर्छौं भन्ने कुरा हाम्रो आवधिक योजना बनाउँदाखेरी यो कुरामा ध्यान दिउँ कहाँ सिफ्ट गर्ने हामी कहाँ छौ भनेर भनेको हो र उद्योगको क्षेत्रमा हामीले त्यतिखेर भनेको पहिलो सरकारको पहिलो बजेटले के भनेको नीति कार्यक्रमले के भन्यो। सवै पालिकामा एक एक वटा उद्योग ग्राम खोल्छौं। औद्योगिकरणको ढोका हामी गाउँबाट खोल्छौं, त्यहाँ त्यसो भयो भने के भयो कुटिर उद्योगहरु, घरेलु उद्योगहरु, कृषिजन्य उद्योगहरु या वनजन्य उद्योगहरु सवै त्यहाँ उत्पादन हुन्छ स्याउ उद्योगहरु त्यहाँ हुन सक्तछ।पालिका पालिकाको एउटा औद्योगिक ग्राम बनायो भने त्यसले मूलूकको औद्योगिकरणमा महत्वपूर्ण योगदान दिन्छ। औद्योगिकरण नभइकन मुलुकमा गरिवि निवारण हुन कठिन हुन्छ। किसानको कृषि क्षेत्रको मात्र विकास गरेर भनेर बुझेर हामीले औद्योगिकरण भएर मात्र मुलुकले सम्वृद्धिको बाटो समात्छ भनेर हामीले औद्योगिकरणको त्यो ढोका खोलेको तर हामीले अध्ययन गर्यौं अध्ययन गर्दा के भयो पचासीवटा पालिका मध्ये सोह्र पालिकामा  पन्ध्र वर्षसम्म पनि उद्योग ग्राम खोल्ने सम्भावना नै छैन।अरु त्यस्तै सत्रवटा पालिकामा पोखरा बाहेक सत्रवटा पालिकामा अब दश बर्षसम्म केहि दश बर्ष भित्र सम्भावना हुन सक्छ। अहिले सम्म सम्भावना छैन भन्यो खालि एकाउन्न पालिकामा मात्र उद्योगहरु खोल्न सक्ने सम्भावना छ भनेर रिपोट पेश गर्यो हाम्रो अध्ययनले। अध्ययनका आधारमा गण्डकी प्रदेशका एकाउन्न वटा पालिकामा उद्योग ग्राम खोल्न सक्ने सम्भावना भएको हुनाले उद्योग ग्राम खोल्नका लागि जग्गा प्रासीका लागि यी यी काम गरेर हामीलाइ सिफारिस गर्नुहोला भनेर भने। नेपालमा पहिलो चोटी एक्काइस वटा उद्योग ग्राम घोषणा भयो। एघार वटा गण्डकी प्रदेश सरकारको पर्या थियो। अरु छ वटा सरकारको जम्मा लुम्विनि प्रदेश सरकारको २ वटा अरु पन्ध्र वटा गर्दा होला पछि अहिले चौविसवटा हामीले बनाइसकेका छौ। चालिस पचास वटा नेपाल भरि होला।अरु

प्रदेशको के काम छ हामीले बुझ्नुपर्छ। त्यो काम तपाइले यो संसदबाट अनुमोदन गरेको हो। प्रदेश सरकारले अगाडि बढाएको हो। प्रदेश सरकार त प्रोफेशनल इन्सटिचियुट हो त्यो। त्यो स्थायी एउटा संस्था हो। हिजो पृथ्वी सुव्वा गुरुङ थियो, आज कृष्णचन्द्र नेपाली पोखरेल भोलि अर्को कोहि हुन सक्छ तर त्यो स्थायी सरकार भएको हुनाले राज्य स्थायी भएको हुनाले त्यसले स्थायी प्रकारको कामहरु त निरन्तर अगाडि बढाउन पर्छ नी। हामीले भनेको यो निरन्तर देखिदैन आज त्यो हुँदा हाम्रो सम्वृद्धिको यो बाटो साँघुरो बन्न थालेको छ। हाम्रो यो अभियान तपाइको शुसासनको अभियान साघुरो हुन थाल्यो फराकिलो बनाऔ साँघुरो नबनाऔं भन्न खोजेको मैले।उद्योग ग्राम खोल्दाखेरी आज ति खोलेको उद्योग ग्राममा पनि समस्या छ।पुर्वाधारलाई हामीले सहयोग गर्नुपर्ने छ।भनी हालौ न हामी समपुरकबाट हामी यति हाल्छौं फिप्टि प्रतिशत हामी हाल्छौ फिप्टि प्रतिशत तपांइहरु हाल्नुहोस भन्नु पर्यो।उद्योगको क्षेत्रमा त्यहि गर्नु पर्ने होइन र ? अरु धेरै के छ र उद्योगको क्षेत्रमा हामीले गर्नपर्ने।यस्तो कुरा नीति कार्यक्रममा धेरै बोल्या छैन कुरा धेरै गरेको छ।यसो हेरे व्याकरणले लेख्न लागेको हो कि भयङ्कर व्याकरण जान्ने मान्छेले लेखेको हो क्या।कुरा विस ठाँउमा दोहोरिएको छ चालिस ठाँउमा दोहोरिएको छ।वैयाकरण जस्तो भाषा पनि छैन।कुनै विज्ञहरुले लेखेको हुन्छ नी कहिलेकाँहि टेक्नीकल मान्छेहरुले टेक्निकल कर्मचारीले लेखेको जस्तो देखिन्छ अलि अलि। हुँदा नहुँदाका कथाहरु हालेर जो कुरा सँग व्यवहार कहि तालमेल खाँदैन।यो हाम्रो सिद्धान्त सँग तालमेल खाँदैन हाम्रो सिद्धान्त हेर्नु पर्दैन लक्ष्य हेर्नुपर्दैन उद्देश्य हेर्नुपर्दैन।त्यो सँग धेरै तालमेल नखाने देखिन्छन। त्यस कारणले गर्दाखेरी उद्योगमा त्यहि कुरा गरेको छ। उर्जामा हाम्रो के भनेर सिफ्ट गर्ने भनेका थियौं हामीले।उर्जामा के सिफ्ट गरेका थियौ अहिले सम्म हाम्रो जलविद्युतको विकासको ट्रेन्ड कस्तो भयो भने जुनसुकै मन्त्रि आएपनि रन अफ रिभर प्रोजेक्ट मात्र बनाउने बाँध बनायो र निकाल्ने कुदिरहेको नदीमा बाँध बनाउने विजुली निकाल्ने अनि के हुन्छ उदाहरणका लागि भन्छु मैले मध्य मरसाङ्दी जलविद्युत आयोजनामा उननसत्तरि मे.वा. विजुली उत्पादन भयो तिनवटा टरवाइन २३,२३ मे.वा.को बर्षा याममा सिक्सटि नाइन मे.वा.उत्पादन हुन्छ। सुख्खा याममा पानीको अभाव भएर २३ मे.वा. मात्र उत्पादन हुन्छ। अनि तपाइको घरमा १८ घण्टा बिजुली बलेको छ भने १२ घण्टा अन्त्य हुनुपरेन अब । हाम्रो यहि कारणले गर्दाखेरी घरको कुरा मात्र होइन एउटा कारखानामा २४ घण्टा बिजुली पाएन भने त्यो कारखानाको हालत के होला? एउटा औद्योगिक क्षेत्रमा

२४ घण्टा पाएन भने के हुन्छ। सरकारको कारखानामा २४ घण्टा बिजुली पाएन भने त्यो कारखानाको हालत के हुन्छ। सरकारको काम चौविसै घण्टा विजुली पाएन हरेक क्षेत्रमा भने के हुन्छ। शिक्षा होला स्वास्थ्य होला अस्पतालमा २४ घण्टा बिजुली पुगेन भने के हुन्छ। कति धेरै कुरा प्रभावित गर्छ त्यसकारणले हाम्रो यो सिस्टम गलत छ भनेर जलाशय युक्त प्रोजेक्टमा मात्र ध्यान दिउँ अब। अब जलाशय युक्त प्रोजेक्टमा ध्यान दिउँ रन अफ रिभरमा होइन भनेर भन्या हामीले। धेरै विजुलीको अन्तर हुन्छ।हिउँदमा बर्खामा फलाफल हुने प्रयोग नहुने फालाफाल हुने हिउँदमा अन्यत्रबाट विजुली किन्नु पर्ने यो स्थिति हुन्छ। हाम्रो विकाशको ट्रेन्डले त्यहाँ लग्यो हामीलाई त्यसबाट सिफ्ट हुनुपर्यो अर्को ठाँउमा सर्नु पर्यो भनेको हामीले। वजुलीमा पावर उर्जा उत्पादनमा भएको यो धेरै ड्राइभर्सन घटाउन के ले मद्यत गर्छ। सौर्य इनर्जिले काम गर्छ। त्यसकारणले सोलर इनर्जि उत्पादन गर्ने कुरामा ध्यान दिँउ भनेको हामीले। सौर्य इनर्जि के भयो। दिनभर उत्पादन गरेर जेनेरेट गरेर स्टोरेज भएर बस्या हुन्छ। राति जहाँ अभाव हुन्छ त्यहाँ हामीले सप्लाई गर्न सक्छौं। त्यसकारणले यो लोडसेडिङ यो पावरको इमब्यालेन्स, अस्थिरता या क्वालिटी हिनको अन्त्य गर्ने हो भने पावरमा यो ठिक उर्जामा यो काम गर्नुपर्छ भनेको हो नी हामीले। त्यसमा गण्डकी प्रदेश सरकारले आफ्नो हैसियत अनुसार हामीलाई तपाइको हाइड्रो प्रोजेक्टको वर्गिकरण गर्देउ कति सम्म हामीले गर्न पाउने कति तललाइ गर्न दिने कति माथीकोले गर्ने लामो लडाईपछि हामीले भनेको।पच्चीस मे.वा. सम्म हो क्या कि पचास मे.वा.सम्म हामीले गर्न पाउने भनेर। त्यो आँफै पनि थालौंन।कुनै नीजि क्षेत्र सँग थालौं।कुनै इन्डिभीजुयल सँग थालौं।अर्को प्रदेश सँग हामी मिलेर पनि गर्न सकिन्छ।नेपाल सरकारले र हामीले गर्न सकिन्छ।सरकार सरकार संयुक्त उपक्रममा पनि गर्न सकिन्छ। नीजि क्षेत्र र हामीले संयुक्त उपक्रममा पनि गर्न सकिन्छ। अहिले त कम्युनिटी लेभलमा सहकारीसँग धेरै पैसा छ।सहकारीको तिस प्रतिशत रकम उत्पादनको क्षेत्रमा लगानी गर्नुपर्यो खाली व्याज खाएर तपाइको मनोरञ्जन गरेर पर्यटन गरेर पर्यटन उद्योग त फैलाएको छ सहकारीले जहाँ पनि गाडी लिएर जाने कुरा छ। त्यसरी चलेको बाग्लूङ त्यसरी चलेको हाम्रो तातोपानी त्यसरी चलेको हाम्रो घले गाँउ त्यसरी चलेको हाम्रो सिरुवारी तर त्यो पर्यटन मात्र गरेर घुमेर मात्र व्याज खाएर बस्ने त होइन।सहकारीले उत्पादनमा भाग लिन पर्यो उत्पादनमा भाग नलिइ बेरोजगारी अन्त्य हुदैन हाम्रो आर्थिक बृद्धि दर हाँसील हुदैन। हाम्रो सम्वृद्धिमा योगदान दिन सक्दैन भन्ने आधारमा हामी त्यो भनेका छौं।

त्यसलाइ पनि त्यहि भनेका थियौ हामीले।त्यसकारणले यो तपाइको उर्जा क्षेत्रमा हामीले त्यो भन्यौं।शीक्षा क्षेत्रको कुराकानी मैले गरे।स्वास्थ्य क्षेत्रमा कस्तो थियो बेहाल त्यो हामी सवैलाई थाहा छ। नाम मात्रको। हाम्रो जिल्ला अस्पतालहरु सोडामिल र सिटामोल बाँडने ठाँउमा थिए। एउटा विशेषज्ञ डाक्टर छैन।आँखा दुख्यो भने अर्काको क्लिनिकमा जानु पर्छ।दाँत फुक्ल्यो भने पनि त्यहाँ उपचार हुदैन।नाक कान घाँटि सम्वन्धी समस्या भयो भने त्यहाँ उपचार हुदैन। रुखबाट लडेर हाँत भाचियो भने त्यहाँ पलास्टर हुदैन।त्यस्तो अवस्थामा थिएन हाम्रो जिल्ला अस्पताल।त्यसकारण आधुनिक जे खालको रोगहरुको नयाँ संरचनाहरु रोगहरु देखा पर्यो त्यहि अनुसारको स्वास्थ्यमा गुणस्तर वृद्धि गर्नुपर्यो।जिल्ला अस्पतालको सुदृढिकरण गर्नुपर्यो।खास गरेर सुदृढिकरणको कुरा गर्दाखेरी हामीले त्यहाँ केहि पनि बोल्या छैन जील्ला अस्पतालको सुदृढिकरण भन्दाखेरी हामीले के भनेका थियौं। मनाङ र मुस्ताङमा पच्चीस वेडको पच्चीस वेड भन्दा माथी दुइसय वेड सम्म हामी गर्न सक्छौं त्यसको रेखदेख पनि हामीले गर्ने हो।नीजि क्षेत्रको पनि अनि पन्ध्र शैया सम्मको स्थानीय तहले गर्ने हो।यो कुरालाई हामीले आत्मासाथ गरेर मनाङ र मुस्ताङमा पच्चीस वेडको किनकि जनसंख्या थोरै छ।अरु जिल्ला अस्पताल मिनिमम पचास वेडको बनाउने त्यसमा आइसियु वेडहरु राख्ने।त्यसमा सवै प्रकारको हाड जोर्नि देखि लिएर सामान्य प्रसुतिको कुरा देखि लिएर सवै सवै खालको रोगहरुको उपचार गर्ने एउटालाइ स्टान्डर मानौं न भनेका थियौं हामीले त्यो काम गर्नु होला।हामीले गर्न भ्याएनौं।स्टायान्डर केलाइ मान्ने एशियाली मापदण्डलाइ मान्ने कि जापानको मापदण्डलाइ मान्ने कि मलेशियाको मापदण्डलाइ एशियाको मापदण्डलाई मान्ने कि इन्डियाको डब्लु. एच. ओ.को हामीले मान्न ससकिने धेरै हाइ लेभलको करडौं अरबौं रुपैयाँ लाग्ने रहेछ। त्यसकारणले एउटालाइ मानौं पचास वेडको अस्पतालमा कति जना बिशेषज्ञ डाक्टर राख्न पाउने कति जना डाक्टरहरु पन्ध्र जना नर्सहरु त पैचालिस जना त हुनैपर्यो। त्यो काम हामीले गर्नपर्यो।पूर्वाधारको निर्माण जनशक्तिको व्यवस्थापन पूर्वाधारको निर्माण र विस्तार भनेका छौं हामीले। त्यसपछ्याडी गुणस्तरको औषधि चौविसै घण्टा पाउने परिस्थितिको निर्माण होस भनेका छौ आधुनिक इक्वोपमेन्टको व्यवस्थापन गर्ने भनेका छौ हामीले। यति चार पाँचवटा कुरामा विकास गरियो भने हाम्रो जिल्ला अस्पतालले एउटा योगदान दिन सक्छ भनेको हो। अनि हाम्रो स्वास्थ्य विमा अन्तरगतको सेवा त्यहि जिल्लामा पाउने परिस्थिति निर्माण गरौं भनेको हामीले। त्यसै भनेका छौं हामीले तर एकदम हाँस्याहास्पद कति हल्का

कुरा छ। त्यो माननीयले पढ्नु भयो कि भएन त्यो थाहा छैन। एक विद्यालय एक नर्स भन्या छ हामीले आफ्नो सरुवा अस्पतालमा चाहिने नर्स दिन सक्या छैन। हाम्रो बाग्लुङ उपप्रदेशिक अस्पताल छ त्यहाँ चाहिने नर्स हामीले उपलब्ध गराउन सकेका छैनौ। डाक्टरको त परै कुरा भयो। हाम्रो बिद्यालयको कुरा गर्दा कति रहेछ विद्यालय थाहा छ। दश हजार छ सय चौविस विद्यालय छ गण्डकी प्रदेशमा पूर्व प्राथामिक विद्यालय चारहजार छसय छपन्न आधारभुत विद्यालय १देखि ८ सम्मको ४६०७ र माद्यामिक विद्यालयहरु १३६१ रहेछ। माद्यामिक विद्यालयहरुलाई मात्र भनेको भए पनि १३६१ जना नर्स चाहियो हामीलाई। त्यो नर्सको काम के हुन्छ। यसो फुटवल खेल्दाखेरी घाइते भयो भने टेप लगाइदिने काम हुन्छ। जबकि हामी आफ्नो अस्पतालमा नर्सहरु उपलब्ध गराउन सकेका छैनौं। १३६१ नर्सहरु हामीले हाम्रो जिल्ला अस्पतालमा डिपोर्ट गर्दियो भने जिल्ला अस्पताल त धेरै न स्विटर हुन्छ। एक विद्यालय एक नर्स भनेको छ। त्यो भन्दाखेरी त पुर्व प्राथामिक भनेको हो कि आधारभुत भनेको हो कि माद्यामिक भनेको हो त्यो थाहा छैन। १०६२४ वटा नर्सहरु राखेर के गर्न खोजेको हो। जस्तालाई पनि नर्सको ट्याग लगाएर पठाउने भनेको हो कि यो दश हजार छ सय चौविस वटा नर्सको अहिलेको नर्सहरु अनमि भनेको होइन। अनमि भनेको भए त अनमि भनिहाल्छनी। नर्स भनेको खरिदार सरहको हो। खरिदार सरहको तलब कति हुन्छ होला अहिले ३५०००/- पुगिसक्यो त्यस्तै होला हैन। १०६२४ इन्टु त्यति गर्नुहोस त उति कति अरब लाग्छ। अनि शिक्षाको त्यसको उद्देश्य के हो। जनस्वास्थ्यमा त्यसको भुमिका के हुन्छ। अलि अलि विद्यालयमा चोटपटक केहि होला। स्याहार सुसार गर्ने काम केहि न केहि होला तर अहिलेको प्रायोरिटि त्यो होइन हाम्रो। हामी कस्तो ठाँउमा छौं त्यो स्वास्थ्य मन्त्रालयले त्यो पहिचान नै गरेन। हामीले धेरै पटक जिल्ला अस्पतालको स्वास्थ्य कार्यालयको गोष्ठिमा धेरै पटक भनेको छु। १३००० टिविका रोगिहरु छन यहाँ गम्भिर प्रकारका तर अहिले सम्म २००० ले मात्र उपचार पाइरहेछन भन्ने छ हाम्रो रेकर्डमा। त्यो १३००० को टिविका रोगिलाई उपचार गराउनु पर्दैन। हेपटाइटिसको रोग बढेकै छ। हात्तिपाइले रोग हाम्रो गण्डकी प्रदेशमा छदैछ त्यहि पनि दादुराको रोग यहाँबाट हटेको छैन। ठेउला यहाँबाट हटेको छैन। ति सवै सरूवा रोगको उपचार कसरी गरेका छौं हामीले। हामीले गरेका छौं त्यसमा हाम्रो ध्यान गएको छैन। कहि उपचार नै छैन के हुन्छ। अनि कुन प्रदेशले एक विद्यालय एक नर्स भनेको छ त्यसैमा दौडिनु भएको छ हाम्रो मन्त्री ज्यू। अनि सरकारले त्यहि नीति

र कार्यक्रममा त्यहि राखिदिनु भयो। यस्तो उडन्ते हावा कुरा तपाइको जनतालाई नचाहिने कुरा तपाइको अनावश्यक खर्च हुने कुराहरु र त्यसले उद्देश्य लक्ष्यमा केहि योगदान नदिने कुराहरु नगरौं हामीहरु। यसमा मैले गम्भिर ध्यानाकर्षण गर्न खोजे। स्वास्थ्यको क्षेत्रको कुरा। हामीले शिक्षा क्षेत्रको कुरामा सवै अनावश्यक रुपमा खोलिएका विना अध्ययन खोलिएका अनि सवै ठाँउमा शिक्षाको पढाइ हुने क्याम्पसहरु खोलेर आज जसरी नारायण पोखरेलले धेरै गर्नुभयो नारायण पोखरेलले दुइ चार दिन यज्ञ लगाइदिएपछि दुइ चार करोड उठिहाल्ने क्याम्पस खोलि हाल्ने। त्यसबाट कसरी चल्छ चलाउने भन्ने अध्ययन नै छैन। अनि कुन विषय पढाउने भन्ने छैन। शिक्षा पढाउन सवभन्दा सजिलो भयो। त्यहि मा.वि.मा पढाएको एमए पास गरेको मास्टरले पढाएपछि भैहाल्यो दश हजार थपिदिएपछि भैहाल्यो। सजिलोको लागि आफ्नो मानको लागि कलेज खोलेको कि उच्च स्तरको जनशक्तिको विकासको लागि हो कलेज खोलेको। त्यस्ता कलेजको भार हाम्रो गण्डकी युनिभर्सिटीले लिनु हुदैन। त्यहाँ तपाइको त्यहि आशय देखिन्छ। हामी भन्न सक्छौं बरु गण्डकी युनिभर्सिटी अन्तरगत राम्रा राम्रा चलेका जो सामुदायिक अस्पताल छन त्यसलाई साधारण शिक्षा भन्दा पनि प्राविधिक, व्यवसायिक शिक्षा तिर डाइभर्ट गरे सिफ्ट गरेर एउटा त्यसैलाई एफिलिएसन दिएर त्यसको छाता मुनि ल्याएर क्वालिटि एजुकेशनको बिकास गर्न सक्छौं। त्यसकारण त्यसमा मैले त्यहि कुरा गरे शिक्षाको। अब पूर्वाधरको कुरा गर्दाखेरी पूर्वाधार मन्त्रि पनि हुनुहुन्न कोराल्ने कोठामा हुनुहुन्छ उहाँ म के देख्छु भने हामीले साँच्चै नै यो भन्दा यहाँ सवै माननीयहरुले खास गरिकन त्यहि निर्वाचन क्षेत्रका माननीयहरुले जहाँ जहाँ भन्यो त्यहि एउटा निर्वाचन एउटा सडक हाल्यो भने एउटा रणनितिक कुरा थियो। त्यो निर्वाचन क्षेत्रको समानुपातिक विकासको अबधारणा थियो। हाम्रो छत्तिस वटा निर्वाचन क्षेत्रमा सवै ठाँउमा सडक गयो भने कसैलाइ अन्याय भयो भन्न त पाइएन नि। समानुपातिक समावेसशि विकासको अवधारणा हो नेपालको अनि हामीले भनेका छौ हाम्रो प्रदेशको सवै पालिका प्रदेश अन्तरगतका पालिकाहरुको ति प्रदेश अन्तरगतका पालिकाको सदरमुकाम भनेको आर्थिक केन्द्र पनि हो प्रशासनिक केन्द्र पनि हो। राजनैतिक केन्द्र पनि हो। निर्माणको केन्द्र पनि हो ति ठाँउहरुमा बाटो पुर्याउनु पर्छ गण्डकी प्रदेशको राजधानीबाट भनेर हामीले भनेको हो यो कुनै पार्टिगत उद्देश्यले कसै प्रति लक्षित गर्दै ल्याइएको थिएन। यो प्रदेशको विकास कसरी गर्न सकिन्छ। प्रशासनिक सुगमता कसरी कायम गर्न सकिन्छ। शुसासन कसरी कायम गर्न सकिन्छ। उत्पादनको कामलाइ कसरी बढावा दिन सकिन्छ। त्यो

आधारमा ल्याइएको थियो। ति कुराहरु अहिले सवै अब दश करोड लाग्ने ठाँउमा एक करोड दिए पछि के हुन्छ। गर्या छ त भन्ने तर हाम्रो प्लानिङ के थियो भने यो पाँच बर्षको कार्यअवधि भित्र यो प्रदेश सरकारको पहिलो कार्यकाल भित्र सरकारको नेतृत्व जसले गरेपनि त्यसको एउटा द्देश्य के थियो भने। हामी ०७५/०७६मा शुरु गरेको ०७८/०७९ मा सक्ने भनेका थियौं हामी। सक्ने प्लानिङ थियो हामीको केहि केहि सडकहरु पुलहरु त्यसरी सक्ने खानेपानी आयोजना त्यसरी सक्ने सिंचाई आयोजना त्यसरी सक्ने ०७६/७७ मा शुरु भएको हामी पाँचौ बर्षमा सक्ने ०७७/०७८ मा शुरु भएको हामी पाँचौ बर्षसम्म पुग्न कोशिस गर्ने अनि चौथो बर्षमा शुरु बहुबर्षमा हालेकाहरु हामीले पाँचौमा जाँदा खेरीको काम अर्को सरकारको पहिलो दोस्रो बर्षमा सक्ने जाने एउटा हाम्रो बजेटको कन्सटेन्ट थियो। यो प्लानिङ गर्दा खेरी हाम्रो कुल ग्राहस्थ उत्पादन कति योगदान हुनपर्छ यसको लागि यति बेरोजगारी समस्या एघारबाट चारमा झर्दाखेरी नौ बाट चारमा झर्दाखेरी त्यसको बजेटमा कति कति कहाँ कहाँ खर्च गर्नुपर्छ हैन। परकपिटा इनकम हाम्रो हजार त्रिचालीस देखि उनासी छपन्न सम्म अमेरिकि डलर पुर्याँउदा खेरी कुन कुन क्षेत्रमा कसरी रकम बिनियोजन गर्नुपर्छ भन्ने हाम्रो त प्लानिङ थियो नी। त्यो प्लानिङको आधारमा भनेको हामीले। गत बर्ष त्यो प्लानिङ अनुसार काम भएको थिएन। हामीले छोड्ने छोड्ने बेलामा हामीलाई त्यतिखेर चाहिन्थ्यो। करिब अठतिस अरब चाहिन्थ्यो हामीलाई। अठतिस अरवको अनुदान चाहिन्थ्यो वयालिस अरव जतिको पैसा चाहिन्थ्यो। नपुगेर अठतिस अरब हामीले तिस अरब जति आयो पाँच अरव जति हामीले अरु कुराबाट म्यानेज गरेर पैतिस अरब जतिको बजेट बनायो हामीले। माथिल्लो सरकारले पनि सहयोग गरेको कुरा आयो। यसकारणले हामीले त्यो सवै परिस्थिति हेरेर के भनिरहेको भन्दा यो बजेटको व्यवस्थापन गर्दाखेरी या उद्योगको निर्माणको काम गर्दाखेरी यो सवै हिसाब किताब गरेर हाम्रो तिस अरब पैतिस अरब भन्दा धेरै दिदैन भन्ने आधारमा यहि बर्ष भित्र यो काम सक्छौं भनेर हाम्रो प्लानिङ थियो। त्यो प्लानिङमा तपाइहरुले गतबर्ष अलिकति बालुवा छर्कनु भयो। पानी छर्केको भए त राम्रै हुन्थ्यो । जति जुन रुपमा गर्नुपर्थ्यो सरकारको काम हो नी त्यो। सरकार भनेको कृष्णचन्द्र नेपाली पृथ्विसुव्वा गुरुङको होइन गण्डकी प्रदेशको हो। गण्डकी प्रदेश सभाले निर्माण गरेको हो। सरकार त एउटा स्थायी संस्था हो। त्यसले त्यो काम सक्नुपर्यो। अहिले हामी अर्को ठाँउमा सिफ्ट गर्न सक्थ्यौं नयाँ नयाँ योजनाहरु ल्याउन सक्थ्यौं हामी नयाँ नयाँ योजनाहरु भन्छौं। कति कामहरु भएको छैन सालबसाली

हाम्रा कति सडकहरु थिए त्यसलाई गर्न सकेनौं। म यहाँहरुलाई के निवेदन गर्न चाहान्छु भने हाम्रा यि कामहरु यो  एउटा हिजोको मुख्यमन्त्री दोष आजको मुख्यमन्त्रीको साखिलेको कुरा थिएन। जसको कुरा थिएन। प्रदेश सभाले जे खालको ऐनहरु पारित गर्यो यहाँ बजेट पारित गर्यौं हामीले। प्रदेश सरकारले जे खालको प्लानिङ गर्यो जसरी यहाँ अनुमोदन गर्यो यो सवैको स्वामित्वको कुरा हो। प्रदेशका सवै साँसदहरुको स्वामित्वको कुरा हो त्यो। सवै मन्त्रीको सरकारको सभामुख देखि लिएर सवैको स्वामित्वको कुरा थियो। प्रदेशको एउटा गौरवको कुरा थियो त्यसकारणले गर्दाखेरी हामीले के भनेका थियौ भने त्यो सवै काम गर्दाखेरी हामीले दुइवटा कुराहरु र केहि केहि रणनैतिक महत्वको कुराहरु जस्तो वेस्सरी टुरिजमको बिकास हुने ठाँउ छ भने त्यहाँ किन नपठाउने मनकामना जस्तो ठाँउमा त्यहाँ किन नपुरयाउने यस्ता केहि ठाँउहरुमा थप केहि सडकहरु हालेको थियौं हामीले। बाँकि अरु ठाँउमा हामीले खालि साल वसाली मात्र गरेको। ति साल वसाली योजनाहरु पञ्चायतकालिन समयमा लागु भएका योजनाहरु थिए। बहुदलकाल देखि धेरै पटक शुरु भएका योजनाहरु थिए। तिनीहरु  अहिले वेवारिसि बनेका छन अहिले। अब नयाँ योजनाहरु तिनीहरु हालियो भने सवै पार्टिको साँसदले सञ्चालन गरेको सवै पार्टिहरु सँग जोडिएका बिषयहरु छन त्यहाँ। एउटा हामीले नेपाल सरकारलाई पनि गाइड गरेको बिषय थियो । नेपाल सरकारलाई हामीले पचहत्तर छियत्तरमा गरेको सतहत्तर अठहत्तरमा आएर नेपाल सरकारले भन्यो हामीले छत्तिसवटा निर्वाचन क्षेत्रमा एउटा निर्वाचन क्षेत्र एउटा सडक भन्यौं नेपाल सरकारले पनि एकसय पैंसठ्ठि वटा निर्वाचन क्षेत्रमा एक सडक भन्यौं दुइ बर्षपछि गण्डकी प्रदेश सरकारको फ्लो गर्यो नेपाल सरकारले। एउटा निर्वाचन क्षेत्र एउटा सडक पालिकाको सवै राजधानिमा सडक पुर्याउछु भन्यो गण्डकीले । अरु छ वटा प्रदेशले त भनेको थिएन। नेपाल सरकारले त्यहि भन्यो। खानेपानीमा हामीले के भन्यौं। म सवै घर-घरमा  हामीले डेटा हेर्दाखेरी त्यतिखेर हाम्रो पोजिशन हेर्दाखेरी के थियो भन्दाखेरी स्टाटिक पोजिशन के थियो भने करिव नौ प्रतिशत घर धुरिमा पानी पुगेको छैन। ९.१ होला १० प्रतिशत घरधुरीमा। १० प्रतिशत घरधुरी भनेको कति हो हाम्रो पाँचलाख अन्ठाउन्न हजार घरधुरी हो। अठहत्तर हजार घरधुरी हो। पाँचलाख अठहत्तर हजार घरधुरी करिव करिव १० प्रतिशत भनेको अन्ठाउन्न हजार घरधुरीमा पानी पुगेको थिएन गण्डकीमा हामी आँउदाखेरी। हामीलाई लाग्यो दुई बर्षभित्रमा सकिन्छ भन्ने तर एक बर्ष त्यतिकै वित्यो हाम्रो। तथ्याङ्क आएन कुन ठाँउमा छ भन्ने कुरा। यहि एउटा बर्ष त्यतिकै वित्यो हाम्रो। दोस्रो

बर्ष शुरु गर्दा हामीले शुरु के गर्न थालेका थियौं। अब हामीले दोस्रो तेस्रो बर्षमा सकिन्छ होला भनेको कोभिड आइहाल्यो। हामी त्यतिकै समाप्त गर्यौं र त्यो काम हामीले आधारभुत खानेपानीको प्रबन्ध खासगरी तनँहुका तल्लो बेल्टका नवलपरासीका हुप्सेकोट, वुम्दिकाली र वुलिङटार तिर र मनाङ,मुस्ताङका केहि ठाँउहरु। यस्ता कुना कुनाहरुमा केहि केहि ठाँउमा रहेछ।१२६ वटा होला सायद ३० वटा थियो शुरुमा। त्यस्तै खानेपानीको कुराहरुमा आधारभुत खानेपानीको प्रबन्ध गर्ने अब कोहि गण्डकी प्रदेशको जनताले कुवामा इनारमा खोलाको पानी उभाएर खाँदैन भन्ने कुरा स्थापित भयो। दोस्रो चरणमा हाम्रो के थियो यो सँग अर्को कार्यक्रम एक घर एक धारा अभियान सञ्चालन गर्ने सम्भवत यो पाँच बर्षभित्रमा सक्दैनौ भन्ने थियो हाम्रो बजेटको कन्सर्नको कारणले। हाम्रो कर्मचारीको कन्सर्नको कारणले। त्यतिखेर हाम्रो अफिस जम्मा चारवटा जिल्लामा मात्रै थियो खानेपानीको अफिस। पछि हामीले यहि कुरालाई मध्यनजर राखेर घरघरमा खानेपानी पुर्याउने भन्छ जील्ला जील्लामा खानेपानीको कार्यलयहरु छैन त्यसकारणले हामीले खानेपानीको कार्यलयहरु पनि सवै ठाँउमा स्थापना गर्ने काम गर्यौं। आफ्नो संरचना नभइ आफ्नो कर्मचारी नभइ पूँजिगत खर्चको कुरा हुँदै हुँदोरहेनछ त। तेलाई व्यावस्थापन गर्ने कुरा हामीले गरेका थियौं त्यो काम पनि हामीले अहिले भन्न त मैले निरन्तरता त भनिराख्नु भएकै छ तर अब यो छोरालाई म पाल्छु भनेर मात्र भएन पर्याप्त खानपानको व्यवस्था गर्नुपर्यो त्यसलाई। त्यसलाई चाहिने बजेट दिनुपर्यो। प्लानिङका साथ भन्नुपर्यो अहिलेको सरकार पनि त हो नी एक घर एक धारा पुर्याउने। अहिलेको सरकारले अब सक्दैन होला। अब दुई बर्ष भित्र पुर्याउने प्लानिङ त गर्नुपर्यो नी। भोली अर्को साल त्यहि काम गर्छ। त्यो काममा हामीले त्यो कुरा र यो आधारभुत खानेपानीको कुरा एक घर एक धाराको कुरा पनि नेपाल सरकारको पोलिसी थिएन। एक घर एक धारा कुनै कुनै एनजिओले ब्रिटीसहरुले काम गरेको ठाँउमा केहि केहि एनजिओले गरेको थियो। नेपालमा त्यतिवेला पोलिसी थिएन। गण्डकी प्रदेश सरकारले गाइड गर्यो नेपाल सरकारलाई संघीय सरकारलाइ। खानेपानीको यो दुइवटा क्षेत्रमा। यस्तो महत्वपूर्ण हाम्रो सम्वृद्धिको अभियानमा महत्वपूर्ण योगदान दिने यतातिर हामीले भनेका छौं सफा पानी पिउन पायौ भने हाम्रो औषत आयु पनि बढ्न थाल्छ। रोगहरु घट्न थाल्छ। संक्रमण रोगहरु घट्न थाल्छ। नेपालको साढे उननसत्तरी वर्ष हाम्रो गण्डकी प्रदेशको बहत्तर बर्ष थियो। एकहत्तर समथिङ बहत्तर बर्षै भनेका थियौं हामीले। पाँच बर्ष भित्र त्यसलाइ सतहत्तर बर्ष पुर्याउने

भनेका छौं त्यसलाई औषत आयु। नेपाल सरकारले बहत्तर बर्षबाट उनसत्तरीमा त्रिहत्तरमा पर्याउने भन्यो। हामीले सतहत्तरमा पुर्याउने योजना बनायौं। त्यो भित्र यो सफा खानेपानीको कुरा पनि हो तेस्रो चरणमा क्लिन एण्ड सेफ ड्रिकिङ वाटरको व्यवस्था गर्ने सवै पानीको योजनामा फिल्टरको व्यवस्था गर्ने केमिकलको व्यवस्था गरे  सवै ठाँउमा मिनरल वाटर खाए जस्तो  बनाउने भनेर हाम्रो अभियान हो नी। यो के अघिल्लो सरकारले गरेको हो भन्ने तपाइहरुको पनि त्यहि उद्देश्य होनी भनेपछि यसलाइ डिरेल गर्नुपर्ने यसलाई ओझेलमा पार्नुपर्ने कुनै कारण छैन। हाम्रो नीति कार्यक्रममा त्यो कुरालाई जोड दिएको देखिएन। खाली केहि केहि झिना मसिना कुराहरु मात्रै देखियो। खानेपानीमा यो कुरालाई ध्यान दिउँ जस्तो लाग्छ मलाई। त्यसै प्रकारले  अब हामीले मानव संसाधनको कुराकानी गर्दाखेरी हामी सवैलाई गर्व गर्नुपर्छ।  सातवटा प्रदेश मध्ये र केन्द्रिय सरकारको पनि स्थानीय  प्रतिष्ठान जुन छ।  स्टाफ कलेज जुन छ जावलाखेलको त्यसले पनि हाम्रो प्रदेशको प्रतिष्ठानले निर्माण गरेको कोर्ष नेपालमा लागु गर्यो। अरु छ वटा प्रदेशमा पनि यहि हाम्रो कोर्ष  लागु भयो। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालको सवभन्दा योग्य सवभन्दा राम्रो प्रतिष्ठानको रुपमा हेर्याछौ र हाम्रो कर्मचारीहरु हाम्रो जनप्रनिधिहरु धेरैलाई तालिम दिएका छौ। धेरै राम्रो काम गरेका छौं यसको भवन पनि बन्दैछ। त्यसलाई सुदृढिकरण गर्ने कुरा पिएलनजिपी सँग त्यसलाई जोडेर त्यसलाई काम गर्ने वातावरण बनाउने कुरा  हामीले ध्यान दिन पर्छ। केहि बोलेको छ। अझै जोड दिनुपर्छ त्यसकारणले शुसासनको कुरा के गर्छौं डिजीटाइज गण्डकी प्रदेश हाम्रो सपना थियो। डिजीटल गण्डकी प्रदेशको लागि इगभरमेन्सको जरुरी थियो। इगभरमेन्सको गुरुयोजना लागु गर्न पाएनौं।  अहिले इगभरमेन्स लागु गर्ने कुरामा इसेवाको बिस्तार गर्ने कुरामा डिजीटाइज गण्डकी प्रदेश बनाउने कुरामा त्यहाँ केहि न केहि भनेको छ तर यसको प्रायरोटि देखिदैन। यो नीति र कार्यक्रममा नदेखिनुको कारण यो बजेटमा त्यो कुरा धेरै आउदैन होला त्यसमा पनि हाम्रो ध्यान जान पर्छ भन्ने लाग्छ मलाई। त्यसकारणले यो सवै कुराहरु हेर्दाखेरी  हाम्रो जे अवधारणा थियो त्यो अवधारणा अनुसार  काम नभएको बजेट पढदै जाने बजेटको कुरा खोज्दै जाने हो भने त धेरै यहाँ हाँसो लाग्दो कुराहरु देखिन्छ। एउटा कुरा तपाइले ध्यान दिनु होला भन्दाखेरी  स्वास्थ्यको कुरा गर्छु मैले स्पाइनल इन्जुरी भएका व्यक्तिहरुको लागि  यहाँ एउटा संस्था छ। त्यो संस्थालाई हामीले मान्यता दिएर त्यसैलाई स्थापना गर्यौं भनेको त्यो धेरै खर्च पनि छैन। त्यसो गर्दाखेरी भिरवाट लडेका,रुखबाट लडेका कुनै कारणले स्पाइनल

इन्जुरी भएका व्यक्तिहरुको पक्षघातबाट जोगाउनको लागि रिहाब गर्नको लागि रिहाब केन्द्रहरु छन यहाँ त्यसलाइ हामीले व्यवस्थापन गरेर त्यसको बारेमा धेरै बोलेको देखिदैन। त्यसकारण त्यसको बारेमा गइयो भने हाम्रो स्वास्थ्यमा  धेरै परिवर्तन आउन सक्छ। धेरै यो  पचास बेडको हट बनाउँछु। गण्डकी अस्पताल सँग किड्नी ट्रान्सफरको सेन्टर बनाउँछु भन्ने कुरा कतिको सम्भव छ। गण्डकी अस्पतालको भाँति हामीले धेरै बुझेका छौं। उनीहरुको असहयोगी भावनाको धेरै कुरा हामीले बुझेका छौ। अहिले हामीले के ध्यान दिनु पर्यो भने बरु अब यो बर्ष हामीले गण्डकी युनिभर्सिटि अन्तरगत एउटा ३५० बाट शुरु गरौं न। ३५० बेडको गण्डकी युनिभर्सिटि टिचिङ हस्पिटल स्थापना गर्ने हामीले भन्दै आएको जे कुराहरु हामीले ल्याउन सकेनौ पोखरा युनसभर्सिटिले लगिसक्यो। हाम्रो बेलचौताराको जग्गा त्यो जग्गा धेरै उपयुक्त थियो हामीलाई। गिरिजा प्रसाद कोइराला श्वास प्रश्वास उपचार केन्द्र थियो त्यसलाइ हामीले एउटा ब्लक बनाएर हामीले लान सक्नेथियौं तर हामीलाई माथिबाट सहयोग भएन। त्यो पोखरा युनिभर्सिटिले ल्यायो भन्ने सुन्छु मैले। त्यहाँ त्यसो गर्यो भने त्यहि ३५० भित्र हामी के गर्न सक्छौ अहिले तत्काललाई पछि पाँचसयको बन्ने बाँकी  त्यो डेडसय भित्र पचास बेडको तपाइले भनेको हट हस्पिटल पचास बेडको यो किड्नी ट्रान्सपर्टको हस्पिटल पचास बेडको नसा सम्वन्धि या न्युरोसिस या प्रसुति सम्वन्धि स्पेसिफिक अस्पताल त्यहि बनाउन सक्छौ हामी। जनरल वार्डको रुपमा   ३५० को अस्पताल सञ्चालन गर्न सक्छौं हामी अहिले तत्कालको लागि हामीले गण्डकी युनिर्भसिटि सँग पनि हामी समझदारि बनाएर टिचीङ अस्पतालको रुपमा त्यसलाइ प्राक्टिकलको लागि गर्न सक्छौं र सरुवा अस्पताल बन्दै गरेको हुनाले त्यो सरुवा अस्पताल बनिसक्यो भने मिनीमम युनिभर्सिटिले कलेज खोल्नको लागि पचास बेडको अस्पताल चाहिन्छ हैन।  हाम्रो सरुवा अस्पताल आँफै पचास वेडको बन्न सक्छ। भवन बन्दैछ नी तल हाम्रो साठी बेडको छ माथी पचास बेडको बनीहाल्छ।  सय बेडको  टिचीङ हस्पिटल हाम्रो सरुवा अस्पताल नै बनाएर गण्डकी युनिभर्सिटि अन्तरगतको टिचिङ हस्पिटल खोल्न सकिन्छ। यसवारेमा नीति तथा कार्यक्रममा ठोस उल्लेख नभएकोले गर्ने त्यो भनेको छ तर त्यो  आलटालको कुरा के होला के होला भने झै भएको हुनाले त्यसमा  ठोस रुपमा आफ्नो सुझाव राख्न चाहेको। यो स्वास्थ्य क्षेत्रमा धेरै हाँसो लाग्दो कुरा हेरनुहोस हरेक स्थानिय तहमा  अल्ट्रा साउण्ड राख्छ भनेछ। अल्ट्रा साउण्ड भनेको बुझ्नु भएको छ। अल्ट्रा साउण्ड राखेर मात्र हुने हो कि त्यसको लागि डक्टर चाहिन्छ। अनमिले त

चलाउँदैन होला त्यो। त्यसको लागि स्पेशल डक्टर चाहिन्छ होला। अनि हामीले पचासीवटा अल्ट्रा साउण्ड राख्दाखेरी अल्ट्रा साउण्ड त राख्न सकौला हामी। धेरै महगो कुरा होइन त्यो। तर अल्ट्रा साउण्ड चलाउन पचासी जना डक्टर चाहिन्छ। हामीले बरु गरौन हाम्रो जिल्ला अस्पतालमा भयो भने त्यो संयन्त्र राखौ त्यो चलाउने कर्मचारी राखौं। मेशिन ल्याउने कुरा ठूलो छैन के उपकरण ल्याउने कुरा ठुलो छैन उपकरण चलाउने बिज्ञ ल्याउने कुरा महत्वपूर्ण बिषय हो खर्च त्यहानेर बढी हुन्छ सिटी सक्यान चलाउने सिटी स्कायन त डेड करोडमा आँउछ। डेड करोड त के ठूलो कुरा हो र प्रदेश सरकारलाई। सिटी स्काइन चलाउने डक्टर चाहियो। एमराइ चलाउने डक्टर चाहियो दुइ तिन जना चाहियो। अल्ट्रनेटिभ चाहियो विरामी हुन सक्छ कहिले कहिले यस्तो कुरामा ध्यान नदिएर हचुवाको भरमा के के लेखेको छ के के। कहिले एक विद्यालय एक नर्स भनेको छ कहिले हरेक पालिकामा अल्ट्रा साउण्ड रे भनेर हुने कुरा भए त सवै ठाँउमा भए त राम्रो हुन्थ्यो नी के यो कुरा सम्भव छ। युवा खेलकुदमा हामीले ध्यान दिनुपर्ने छ। हामीले एक स्थानिय तह एक विद्यालय एक खेल मैदान भनेका थियौं तर त्यो धेरै ठाँउमा अझै बाँकि होला। तर हामीले के भनेका थियौं भन्देखिन यहाँ तपाईहरुको नीति कार्यक्रममा एकदमै कहिं पनि उच्चारण नभएको एकदमै संघीय सरकार सँग धेरै पटक लडेर हामीले इन्टनेशनल क्रिकेट मैदानको लागि जग्गा लीएका छौं वार्डनं ३३ मा होला सायद। त्यसको संरक्षणमा त्यहाँ निर्माण गर्ने कुरा हामीले गर्न सक्छौं सक्दैनौं। हाम्रो उसले वोलेन। हामीले धेरै ठाँउमा अहिलेको स्टेडियममा फ्रड लाइट राख्ने कुरा गरेका छौं। १२ करोड १३ करोड १४ करोडको कुरा होला त्यो पनि हुन्छ। यो त संघ सरकारले गर्ने कुरा हो। संघ सरकारको स्टेडियममा हामीले भन्यो भने दिन्छ। त्यो कुरा गर्न सकिएला। एउटा क्रिकेट मैदान त्यहि पनि छ। त्यसमा बनाउन सक्ने भयौं तर अर्को क्रिकेट मैदान इन्टनेशनल स्टायन्डरको क्रिकेट मैदानको लागि हामीले जग्गा प्राप्त गरेका छौं। त्यो जग्गा प्राप्त गरेको ठाँउमा क्रिकेट मैदान बनाउने कुरा कहिनेर उल्लेख छैन। हरेक जिल्लामा एक एक वटा रङ्गशाला बनाउन पर्छ होला अब। हाम्रो कन्सेप्ट त्यहि थियो। हामीले बजेट अभावमा शुरु गर्न पाएका थिएनौं। त्यसरी मात्र हाम्रो खेलको बिश्वास हुन सक्छ होला। प्रदेश खेलकुद परिषदको उल्लेख कहि पनि छैन। खेलकुद परिषदलाई खारेज गर्न खोजेको खारेज गर्न सक्नुपर्यो। कम्वल मुनि मुडकी देखाउन भएन। उदाङ्ग पार्न पर्यो। सकिन्छ सकिदैन यो गर्दैन भन्न पर्यो। होइन गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने हो भने गण्डकी खेलकुद

परिषदको आवश्यकता छ। त्यसको जरुरी छ। त्यसका माध्यमबाट धेरै प्रतयोगिताहरु आयोजना गर्ने मन्त्रालयको एउटा ठूलो हिस्साको रुपमा त्यसले काम गर्न सक्छ हैन। त्यसकारण त्यसलाइ कसरी सुदृढिकरण कसरी गर्ने त्यसको संरचना कसरी निर्माण गर्ने व्यवस्थित गर्ने त्यसलाइ काम गर्ने मान्छे कसरी दिने। बजेट कसरी व्यवस्थापन गर्ने यो सवै सवै काम हामीले गर्नुपर्ने छ त्यसमा धेरै कुरा देखिएन। यसकारणले भ के भन्न चाहान्छु भने हामीले धेरै काल्पनिक कुरा गरेका छौं। एउटा सडकको नाम भन्छु म मुग्लिङ नयाँपुल दुधपोखरी मर्स्याङ्दी करिडोर कहाँबाट होला मर्स्याङ्दी तिर हिड्ने मान्छे कसैले भन्दिनुहोला कहाँ भनेको हो त्यो? त्यो नयाँपुल भनेको कहाँ छ? मुग्लिङ भनेको कहाँ छ त्यो कहाँ कहाँ लान खोजेको हो। मर्स्याङ्दी करिडोर भनेको मर्स्याङ्दीको तिरै तिर मनाङ पुग्ने होला लमजुङ हुदै। दुधपोखरी भनेको एउटा लमजुङ तिर छ एउटा मर्स्याङ्दी नदीको मुहान। अर्को चेपेको मुहान दुधपोखरी त्यहाँ पनि छ। गोर्खा र लमजुङको बिचमा। दुधपोखरी तिर जाने हो भने मर्स्याङ्दी करिडोर हुदैन। मुग्लिङ देखि नयाँपुल भनेको नयाँपुल त मैले देखेको यहाँ माथी थियो अर्को नयाँपुल भनेको चुहने पहरा तिर पनि छ। त्यहँबाट चुहुने पहराबाट चयाङ्ली हुदै तार्कुघाट हुदै अनि भोटेओडार बेशिशहर हुदै मर्स्याङ्दी करिडोर बन्ला त। चेपेतिर दौडेर चेपे करिडोर भन्नुपर्यो नी किन मर्स्याङ्दी करिडोर भनेको। अन्धा धुन्धा के राखेको त्यो? कोले भनेको त्यो। यो नीति कार्यक्रम भनेको ख्याल ठट्टाको बिषय हो। खेलाचिको बिषय हो र। बच्चाले गुच्चा खेले जस्तो हो। होइन होलानी। बेनीघाट मुग्लिङ सम्म त्रिशुली करिडोरले हाम्रो प्राथामिकता हो कि होइन त्यो। आफ्नो पालिकाको केन्द्र सम्म जाने सडक बनाउन सकेको छैन। एउटा निर्वाचन क्षेत्र एउटा सडक बनाउन सकेको छैन। आफ्नो सेटलाइट सिटिमा आन्तरिक सडकहरु बनाइदिन सकेका छैनौ हामीले। उ एकदमै महत्वपूर्ण कुरा पोखरा देखि डेडगाँउ हुदै झ्यालवास हुदै दुम्किवास हुदै त्रिवेणी जाने बाटो अझसम्म बनाउन सकेका छैनौ हामीले। अनि हामी लाचार छौं तर हामीले चाइनिजहरुको चक्रमा म फसेको त्यतिखेर के भन्दा १.७ किलो मिटरमा पुग्न सकिन्छ भनेपछि त १८ कि.मी. घटछ भनेपछि त। त्यहाँ लोभ लाग्यो दुइ तिन पटक हेर्न पनि गयौ डेडगाँउ तिर तर कोभिड लाग्यो कोभिड लागेपछि चाइनिजहरु हराए कता गए कता। हामी बिचल्लीमा पर्यौं नेपालमा टनेल टेक्नोलोजि नै थिएन। हामीले शुरु गरेपछि बल्ल यहाँ पढाइ भयो। त्यसकारणले त्यसमा पनि हामीले पर्यत्न गरौं। टनेल गर्नको लागि हैन यहाँ के भनेको छ फेरी यो करिडोर तपाइको

दूइबर्षमा सम्पन्न गर्छौं भनेर थुप्रै ठाँउमा लेखेको छ। अहिले सम्म शुरु नै नभएको कहाँ सम्पन्न हुने होला। अर्को बर्ष त्यहाँ शुरुङ मार्ग बनाउने कि के बनाउने अध्ययन गर्ने पनि भनेको छ। हेर्नुहोला नीति कार्यक्रममा। यो सम्मानीत सदनमा पेश हुने नीति कार्यक्रम जे मन लाग्यो तेहि लेख्न पाइन्छ। हुन्छ हुदैन होला नी। हाम्रो गम्भिरता खोइ? हाम्रो संवेदनशिलता खोइ? कहि पनि देखिएन यो  तपाइको त्यसकारणले हामी अर्को छ फेरी तपाइहरुले मुक्ति प्राप्त गर्नुहुन्छ सत्ता पक्षका साँसदहरुले। तपाइले मुक्ति प्राप्त गरेकोमा बधाई छ। अग्रिम बधाई। प्रतिपक्ष दलको नेताको हैसियतले। सवै माननीय ज्यूहरु एकतिस जना माननीयहरुलाई अग्रिम बधाई छ। नेकपा एमाले संसदिय दलको तर्फबाट। तपाइले लुम्विनिबाट मुक्तिनाथ पुगेपछि मुक्ति प्राप्त हुन्छ। लुम्विनिबाट मुक्तिनाथ सम्म जोड्ने मुक्तिमार्ग सम्म पुग्ने कहाँ त्यसको एलाइमेन्ट। कहाँबाट शुरु हुन्छ कहाँ कहाँ के के ठाँउ हुदै आउँछ। कसले बनाइदिन्छ लुम्विनिबाट यहाँसम्म आउने। नेपाल सरकारले बनाउने कि गण्डकी प्रदेश सरकारले बनाउने कि होइन भने लुम्विनिबाट मुक्तिनाथ सम्म जोड्ने काली गण्डकी करिडोर। त्यो करिडोरको पछि कतिपय पार्ट सिद्धार्थ राजमार्ग त्यहि हुन्छ हामी तलबाट ल्याउने भन्दा देवघाटबाट हामीले करिडोर बनाउँदैछौं। के सपना बाँडेको सपना पनि एउटा हुन्छ के सपनामा बरबराएको हो कि सपनामा बरबराएकै जस्तो लाग्यो मुक्ति मार्ग मुक्ति मार्ग भनेर सपना देखे जस्तो लाग्यो। कसले भनेको छ मुक्तिमार्ग भनेको एउटा मुक्तिमार्ग भनेको हेर्नुहोस त। अनि मुक्तिमार्ग देखे। मुक्तिनाथ लुम्विनि जोड्ने सडक मुक्तिमार्ग निर्माण प्रारम्भ गरिनेछ। बुँदानं २०५ मा भनेको छ। यो असम्भव कुरा। यो संसदलाई ढाँटने कुरा गर्नु हुदैन त्यो  नगरौं। धेरै ठाँउमा हेरे अघिनै भने मैले एउटा कुरा सोच्नपर्छ हामीले। हामी भावनामा म पनि डुब्न खोजेको हो। यो आफ्नै प्रदेशको गोरखाको लघु जलविद्युत सञ्चालन गरौंन भनेर गए त्यहाँ पनि। त्यहाँका मजदुरहरुले भन्छन नी बनाउनु पर्यो मुख्यमन्त्री ज्यू बनाउनुपर्यो। हाम्रो माननीय कृष्णचन्द्र नेपाली ज्यू म जस्तै सोझो सोझो मान्छे हो। बहकिने होइन ल गर्ने गर्ने भन्ने। गर्ने भनेर म गए थाहा छ त्यसको टेक्नोलोजि के छ? रबर टायर बनाउने  त्यसको कच्चा पदार्थ कहाँबाट आउँछ। जवसम्म चाइनिजहरुले आएर बनाइदिए। त्यो एक खालको इण्डियाको कम्पिटिसनमा। इण्डियाको टायर नेपालमा खपत नहोस। नेपालीहरु आँफै इन्डेपेनडन बनुन भनेर बनाइदिए चाइनिजहरुले। बनाउदा बनाउदा वाक्क भएर चाइनिजहरुले छोडेर हिंडेको हो। अब त्यो कच्चा पदार्थ इन्डियाबाट ल्याउन पर्छ। इन्डियाले तपाइलाइ कच्चा पदार्थ दिने कुरामा के

गर्दछ। आफ्नो त्यत्रो टायर जोगाउन हाम्रो त्यो कारखानाले टोलेट गर्नै सक्दैन। यस्तो कुरामा नफस्नुहोला। नेपाल सरकारले चलायो भने आँट गर्यो भने एउटा कुरा हो गण्डकी प्रदेश सरकारले सक्दैन प्रभु। यो नगर्नुहोस भनेको छ। त्यसैले यो पनि त्यसरी हात नहालुँकी भन्छु मैले। आफ्नै प्रदेशको उद्योग खोल्ने कुरा त राम्रो कुरा हो। यो त एउटा राष्ट्रवादी कुरा हो भन्छु मैले। एउटा राष्ट्रवादी हुनुको नाताले गण्डकी प्रदेशमा जहाँ संघीय शासन प्रणाली हुन्छ। सव नेस्लालिजमको विकाश हुन्छ,हामी प्रदेशमा काम गर्नेहरु त्यो सवनेस्लाजिमले कहिले काँहि मलाई पनि सताएको छ। कहिलेकाँहि तपाईलाइ सताएको छ। सवनेस्लाजिमको कुराबाट बहकिएर हामीले यो अस्म्भव हुने कुरा गर्नाले हामीले दुख पाँउछौं। यसवाट प्राप्त गर्ने उपलब्धि केहि पनि गर्न सक्तैनौं। त्यसकारणले यो पनि हामीले यो पनि यहाँ उल्लेख गरेको देखेको हुनाले मैले यो बुझे। हरेक सार्वजनिक नीजि साझेदारी मोडेलमा उद्योग स्थापना गर्ने र सञ्चालनको लागि सिड मनि दिने भन्याछ। हामी सँग त्यस्तो ठूलो ठूलो उद्योग हुने होला। मझौला उद्योग ठूलो उद्योगहरुको सिड मनी दिने यहाँ के केपासिटी हुन्छ यहाँ। हामी त साना साना विस लाख दश लाख तिस लाख चालिस लाख साठी लाख सम्मको हामीले सिड मनी हालिदिने होला। त्यसकारणले यस्ता असम्भव कुराहरुको सपना बाँडेर मान्छेलाई पागल बनाउन हुदैन। मान्छे डिप्रेसनमा पर्छ ए त्यो भनेर आँउछन केहि पनि पाँउदैन। नपाएपछि रन्थनिदै हिंड्छ। अनि मानव आश्रम सेवा समाजको होमनाथ तिमिल्सेनाले मैले गुहारन पर्यो भने के हुन्छ माननीयज्यूहरु। माननीय सभामुख ज्यू यस्ता सवै कुरा हामी ख्याल गरौं। लगानी सम्मेलन कसले कहिले गर्ने कसरी गर्ने लगानी सम्मेलन गर्न हामीले गर्न खोजेको पहिलो बर्ष। किन नगरेको लगानी सम्मेलन लगानी गर्ने सम्मेलन गर्न धेरै कुरा न्छ। चाइनिजहरु हो चाइनिजहरुले २०० मे.वा.को मुस्ताङमा सोलर इनर्जि बनाइदिन्छु भनेको थियो। बनाउन उनिहरु आएका थिए। म हैनान जाँदा त्यहाँको गर्भनर सँग कुरा पनि गरेको थिए। त्यहिबाट सिधै फोन गरेर यहाँ पोखरा आइ पुग्दा नपुग्दै यहाँ उसको उपगर्भनर आँउदाखेरी ति चाइनिज इन्जिनियरहरु आएर बेइजिङबाट आएर मुस्ताङमा त्यहाँका माननीयले लिएर जानु भयो थियो। मुस्ताङमा ६००० मे.वा.को इन्टिग्रेट गर्यौं भने सिन्क्रोनाइज गर्यौं भने सोलार इनर्जि को सिन्कोरनाइज गर्यो भने ६००० मे.वा. विजुली उत्पादन हुन्छ यो मुस्ताङमा। उहाँहरु लोमान्थाङ सम्म पुग्नु भएको छ तर अहिले हामीले २०० मे.वा. उत्पादन गर्छौं भनेका थियौं तर पछि उहाँहरु गएपछि प्रश्न गर्नुभयो बेइजिङबाट मलाई

मन्त्रीज्यू त्यहाँबाट हामीले विजुली ल्याउँछौं। विजुली ल्याउँदा त त्यहाँ ट्रन्समिसन लाइन थिएन त्यहाँबाट पोखरामा उत्पादन भएको विजुली कसरी ल्याउँछौं। ट्रान्समिसन लाइन तपाईले बनाउनु पर्छ कि हामीले बनाउने भन्यौं म सँग उत्तर थिएन। मैले बनाउँछु भनेर म सँग हैसियत थिएन। नेपाल सरकारले बनाइदिएकै थिएन एक कुरा दोस्रो कुरा त्यहाँ उत्पादन भएको बिजुली बिजुलीको भाउ कति हुन्छ। त्यो जग्गा प्राप्त जग्गा दिलाउन सक्नुहुन्छ सक्नुहुन्न। जग्गा पनि मैले दिलाउन सकिने कुरा थिएन। हामी सक्दैनौ तपाई पनि सक्नुहुन्न। सवै जग्गाको कुरा केन्द्रिय सरकारले सवै बन मन्त्रालयले लिएर बसेको छ। संघीय मन्त्रालय अन्तर्गत राखिया छ अहिले। हामी त्यो जग्गा पाउन यहाँ एउटा स्टेडियम बनाउँछु, एउटा अस्पताल बनाँउछु भन्दा जग्गा नदिने संघीय सरकार छ हाम्रो। अनि त्यहाँ त्यो सरकारले उत्पादन गर्न सोलरिङ बनाउन जग्गा देला? जनता दिन तयार छन। हाम्रो संघीय सरकार तयार हुदैन। तयार भयो भने हामीले एक बर्ष भनेको उसले दुई बर्ष लाइदिन्छ। बन मन्त्रालयको कर्मचारीले त्यति बुझ्नुपर्यो। त्यसकारणले हामीले पहिला जग्गाको स्टाटस के हुन्छ त्यसको उत्तर नदिईकन टेक्सेसन कसरी हुन्छ उसले गरेको उत्पानको टेक्स कति लाग्छ। त्यसको ग्यारेन्टि नगरिकन उसले लगानी गरेवापत जुन नाफा कमाउँछ त्यो यसको विदेशमा उसको देशमा डलरमा लान पाँउछ कि पाँउदैन। त्यसको ग्यारेन्टि हामी गर्न सक्छौं सक्तैनौ। यो सवै चिज गरेर मात्रै लगानी गर्न आउने प्राइभेट सेक्टरको मानिसहरुलाई यो सवै चिज जे जे चिज चाहिन्छ कर नीति के हुन्छ, वनको नीति के हुन्छ जग्गाको कुरा के हुन्छ अनि नाफा भएको चिज बाहिर लान पाँउछ पाँउदैन यो सारा सामान यहाँ ल्याउँदा खेरी हामीले सहुलियत के पाँउछौं। यी सारा कुराको सुविधा नलिइन्जेल सम्म सहुलियतको ग्यारेन्टि नगरुनजेल सम्म लगानी सम्मेलन बेकार केहि गर्न पर्दैन। त्यो कुरा नगरिकन मान्छे आँउदा पनि आउँदैन। आएपनि तयहाँ आएकोले केहि पनि गर्न सक्दैन। लगानी सम्मेलन हामीले हतारमा गर्ने होइन यो गर्ने हो। गर्नुहुन्छ भने चुनाव भन्दा अगाडी सवै कुराको तारताम्मे मिलाउनु होला। हैन भने यो कुरा असम्भव छ। यस्तो नाटकिय कुराहरु गर्नु हुदैन। त्यस्तो कुरा गरेर हामीलाई केहि नि फाईदा छैन। त्यसकारणले गर्दाखेरी अर्को हनिमुन टुरिजम भन्छ। राम्रो कुरा हो। टुरिजमको बिभिन्न सेक्टर हामीले पनि त्यति बेला भन्या हो। हनिमुनको लागि त्यहाँ जाने हो। त्यतिखेर मैले पनि भन्या हो। हनिमुन टुरिजम मैले नभने पनि भाषाणमा धेरै पटक भनेको छु त्यो राम्रो कुरा हो। मैले तपाइको फिल्म टुरिजम चलाउने पनि भनेको थिए। फल्म

टुरिजम चलाउने भन्दा नभन्दा मनाङ र मुस्ताङमा धेरै फिल्महरु सुटिङ गर्ने मान्छेहरु आए।सुटिङ गर्ने थलो हामीले तोकिदियौं।त्यहाँ पूर्वाधारहरु बनाइदिन पाए अझ राम्रो हुन्थ्यो होला।हनिमुन  कहँ हो त के हो त।हनिमुन हाम्रो माननीयहरु अस्ति भन्नुभयो।कि रिटायर्ड भएर बृद्ध भत्ता खाँदै हनीमुनमा जाने हो।कहाँ होत त्यो मनाङ हो कि मुस्ताङ हो कि।या उता चरिकोट सरिकोट भनेका छन।यहाँ हामीले घले गाँउ भन्ने हो कि या हाम्रो घान्द्रुक भन्ने हो कहाँ भन्ने हो त या बाग्लूङको पञ्चकोट भन्ने हो कि।कहि न कहि भन्ने हो यो ठाँउहरु हनिमुन टुरिजमको लागि हामीले यस्तो इन्फास्टकचर बनाँउछौं।बिजुली पुरयाइदिन्छौ, वाइफाइ पुर्याइदिन्छौं।शुद्ध पानीको व्यवस्था हुन्छ।सुरक्षाको व्यवस्था हुन्छ।सारा चिज आधुनिक सुविधाहरु पाँउछ।हनिमुन टोलिहरुको लागि आधुनिक सुविधा चिज चाइने होला त्यो कहाँ गर्छौं कहिले गर्छौं।त्यसबाट के लाभ हुन्छ।त्यो  यो संसदलाई त्यसको जानकारी पाउनु पर्यो।हैनभने यो हेर्दाखेरी आकर्षक लाग्ने तर समाउँदाखेरी केहि फेला नपर्ने बादल जस्तो भन्छ।धेरै राम्रो छ बादल धेरै ठाँउमा देखिन्छ समाउन गयो केहि पनि फेला पर्दैन।यो बादल जस्तो सपना नबाडनु होला।मैले अघिनै उसको कुरा भने अब यि सवै कुराहरु समस्याहरु राखेर म अन्तिममा के भन्न चाहान्छु भने हामीले अगाडी सारेको कृषि क्षेत्रको मुख्यमन्त्री जलवायु मैत्री गाँउ हो।त्यहाँ मैले अघि देखे के भनेदेखि त्यसै सँग जोडीएर एउटा के सँग मुख्यमन्त्री भनेर लेख्नु भयो।यसको बिकल्पमा ल्याएको भन्ने लाग्छ मलाई।यो कुरा भ्रममा नरहोस।मुख्यमन्त्री जलवायु मैत्री कृषि नमुना गाँउ भनेको त्यतिखेर पृथ्विसुव्वा मुख्यमन्त्री हुँदा ल्याएको पृथ्विसुव्वा जलवायु मैत्रि कृषि गाँउ होइन त्यो।गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री जो हुन्छ त्यसैको नाँउमा त्यसको डिगनिटी बढाउनको लागि त्यसको ग्राभिटि बढाउनको लागि त्यसको नाँउ मुख्यमन्त्री राखेको हो।मलाई त्यसको सिफारिस गर्ने साथीहरुले सुझाब दिने साथीहरुले भन्नुभयो।यो मुख्यमन्त्री सुख्यमन्त्री नराखौं कि भनेको मुख्यमन्त्री जलवायु राख्यौं भने यसको आकर्षण हुन्छ।यसको त हाम्रो बिदेशी सित पनि रिलेसन हुन्छ।युनडिपी सँग हाम्रो रिलेशन हुन्छ।त्यो प्राइरोटि दिएको हुन्छ सरकारले।त्यसकारणले मुख्यमन्त्री नाम राखेको हामीले।हाम्रा यस्ता धेरै समस्याहरु छन।त्यो परिचालन गर्ने हाम्रा कर्मचारीहरु भएनन।त्यसकारण जलवायु अनुकुलन  यसको जुन कार्यक्रम लागु गर्न खोजेको हामीले नेपाल सरकारले धेरै बर्षसम्म शुरु गरेको कार्यक्रम त्यो अनुकुलन अनुसार सञ्चालन गरौं।त्यो कार्यक्रमलाइ हामीले हिजो नमुना गाँउ भनेर भन्या हो नी।हाम्रो उद्देश्य त

गण्डकी प्रदेशमा भएको सवै गाँउमा पुर्याउने अभियान होनी त्यो। त्यसकारण त्यसलाइ त्यो रुपमा हेर्नुपर्छ पुनरावलोकन गर्ने होइन कि त्यसलाई  सुदृढ गर्नुपर्यो सम्बृद्ध बनाउनुपर्यो। समिक्षा गर्नुपर्यो त्यसमा  देखिएका समस्याहरु हटाएर अगाडी लानपर्यो। त्यसले धेरै ठाँउमा धेरै कुराहरु दिइरहेको छ तर कति ठाँउमा त्यो नमुना कृषि गाँउमा लगेर दुइ चारवटा भवनहरु मात्रै बनाएर केहि केहि टुलहरु लिने कामहरु मात्रै गर्यो। त्यसको पनि समिक्षा गरौं हैन। यसलाई व्यवस्थित रुपमा लान सकियो भने हाम्रो  कृषि क्षेत्रमा यसले आमुल परिवर्तन ल्याउन सक्छ भन्ने हो तर यसलाई त्यस रुपमा बुझिएन हामीले। त्यसकारण त्यसलाई त्यहि रुपमा बुझौं हामीले। यो चक्लाबन्दि र करार खेतिको ऐन  तुरुन्तै बनाउँ हामीले। करारमा खेतिपाती गर्ने कुरा पहिला पहिला हामी ठेक्कामा दिने गर्थ्यो नी। हैन पन्ध्र मुरी धान फल्ने ठाँउमा हामीले के भन्थयौं ल अब आठ मुरी मलाई देल अरु  जति हुन्छ हुन्छ। अरु मैले नौ मुरी उत्पादन गर्न सक्ने नौ मुरी नाफा हुन्छ भने ठेक्कामा काम गर्थे मान्छेले। हामीले पनि करार खेतिमा काम गर्ने अब जग्गा ठेक्कामा उत्पादन ठेक्कामा होइन। जग्गा ठेक्कामा भनेको मान्छे हङकङ छ युके छ। या कहाँ छ मै काठमाण्डौ छु। जग्गा तपाइको होला मेरो होला। गाँउमा त सवै जग्गा बाँझो म त्यो जग्गालाई लिजमा दिन पनि सक्थे नि मैले। सालमा पचास साठि हजार त आँउथ्यो होला। त्यो रकमले पनि उत्पादनमा योगदान हुन्छ। सम्वृद्धिमा योगदान हुन्छ। आफ्नो तिस वर्ष पच्चिस बर्ष पनि थोरै समय नराखौं।  अलि धेरै समय राखौं। त्यसो भयो भने हाम्रो उत्पादन बढ्छ। उत्पादन बढाउने कृषि उत्पादन बढाउन योगदान दिन सक्नेले कृषिका माध्यमबाट सम्वृद्धि हाँसिल गर्ने यो एउटा माध्यम हुन सक्छ। यो पनि अब चक्लाबन्दीमा जानु पर्यो। चक्लाबन्दीको पनि ऐन बनाउन पर्ने देखिएको छ। चक्लाबन्दी त्यो हाम्रो सानो कार्यविधिले हुदैन। त्यसको लागि ऐन कानून चाहिन्छ। ऐनमा व्यवस्थित गरेर मात्रै चक्लाबन्दीको माध्यमबाट कृषिमा लागत घट्ने भएको हुनाले किषानहरु सामुहिक रुपमा खेति पाति गर्न आकर्षित हुन्छन। कृषि सहाकारी त आकर्षित हुन्छ। उत्पादन बढ्न सक्छ। त्यो काम हाम्रो अनुभुतिले त्यो देखाएको। त्यसमा पनि तपाईहरुको ध्यान जाओस भन्ने लाग्छ मलाई। यति कुरा राखेर के  मात्र समझौ भने हामीले भनेका छौ बेरोजगारी समस्या अब पचहत्तरमा केन्द्रको छ प्रतिशत थियो। हामीले चार प्रतिशतमा झार्ने गरेका छौं हामी  सरकारमा जाँदा कति थियो नौं प्रतिशत थियो। तपाईको बेरोजगारी दर घटाउने हो भने हामीले के गर्नुपर्यो उत्पादन बढाउनु परेन। उद्योग चलाउनु पर्ने होला। व्यवसाय

चलाउने पर्ने होला उत्पादनमा भाग लिन पर्ने होला। विकास निर्माणको काम धेरै बढाउनु पर्ने होला। गरिविको रेखामुनि रहेका संख्या परकपिटा कति थियो हाम्रो जम्मा १४.२ प्रतिशत थियो। हामीलाइ लाग्या थियो। यो पाँच बर्ष भित्र ७.३ मा झार्ने भनेका छौं। नेपाल सरकारले साढे २८ प्रतिशत थियो। यसले १३ प्रतिशतमा झार्छु भन्यो। हामीले कम्पिलीटली झार्ने भनेको हाम्रो यो नीति तथा कार्यक्रमले जे बोल्छ। त्यसबारेमा बजेट कस्तो आँउछ। यी सवै राखेर कार्यक्रम प्रभावित हुने भएकोले यी कुरामा तपाइहरुको ध्यान दिनु होला। यो सम्बृद्धिको सात संवाहकमा ध्यान दिएर त्यसमा बजेट कन्सनट्रेसन गरेर हामीले सम्वृद्धि हाँसिल गर्न सक्छौं। साथै पाँच सहयोगी इनाबलेस्ट भन्या छौ। सेभेन कि ड्राइभर अफ प्रसपोरटि एउटा भनेका छौं। त्यो सातवटा भैहाल्यो अरु ५ कि इनाभेलेट अफ प्रस्परिटी भन्याछौं सम्वृद्धिका पाँच सहयोगी क्षेत्रहरु प्राकृतिक शौन्दर्यता..हो.....। त्यसकारणले पर्यटन तिर बढी आकर्षित हुने भयो। जैविक विविधता पनि त्यतिकै महत्वपूर्ण छ पर्यटनसँग जोडीएको विषय छ कृषि सँग बनसँग जोडीएकै विषय छ। सामाजिक विविधता बिच एकता हाम्रो आधार हो। साँस्कृतिक सम्पन्नता पहिचान हाम्रो अर्को सहयोगी कुरा छ। जनसंख्यायी लाभ के छ भने पन्ध्र देखि उननसाठी बर्ष उमेरका मानिसहरुको जनसंख्या हाम्रो त्यसमा सन्ताउन्न प्रतिशत छ। यो वर्क फोर्स एजमा भएको मान्छे धेरै हुनु भनेको बिकाशलाई महत्वपूर्ण विषय हो। कतिपय देशले १७० बर्ष १८० बर्ष पचास वर्ष साठी बर्ष कुर्नु पर्याछ यसको लागि हामीले त्यो कुर्नु परेन। तर हामीले अब बुझ्नुपर्छ अहिलेदेखि हामीले अस्तिको सेन्सेसले के देखायो। जनसंख्या बृद्धिदर हाम्रो पनि जिरोमा झर्न थालिसक्यो। जिरोमा झर्न थाल्यो भने अब पन्ध्र देखि उनसाठी बर्षको उमेरको बुढौलिको मेजोरोटी बढदै जान्छ। बुढौलिको मेजोरोटी बढ्दै गयो भने १५बर्षदेखि ५९ बर्षसम्मको जन्मनै कम जन्मेपछि के हुन्छ। कतिपय ठाँउमा मायनसमा जाने कारण बिकासमा अनि त्यसो भएपछि विकासमा समस्या हुन्छ। उत्पादनमा भाग लिने जनशक्ति हुदैन। साठी बर्ष उमेर पुगेपछि मानिसहरु उत्पादनमा भाग कम लिन्छन। पन्ध्र बर्षदेखि तलको सवै बालबालिका भईहाल्यो। उनिहरुलाई पालन पोषण भरण पोषण गर्नुपर्यो, शिक्षा दिक्षा लिनुपर्यो। उनिहरुले श्रममा भाग लिन पाँउदैन हामीले उनिहरुलाई श्रममा भाग लाउन पनि पाँउदैनौ हामीले। त्यसकारणले यो वर्क फोर्सको संख्या अलि धेरै भएको हाम्रो लागि सवभन्दा उपयुक्त हो। नट मोर देन टेन इयरस। यो दश बर्षभन्दा बढि टिक्दैन। यसलाइ प्रयोग कसरी गर्ने यो युवा यो शक्तिलाई कसरी स्वदेशमा राखेर उद्दमि कसरी बनाउने। कसरी

व्यवसायी बनाउने।कसरी उत्पादनमा भाग लिन लगाउने प्रोत्साहित गर्ने भन्ने कुरा हाम्रो नीति र कार्यक्रममा हुनुपर्थ्यो।यो देखिएन यो सवै कुरा राखेर अन्तिममा म के भन्न चाहान्छु भने फेरी पनि भने यो नीति र कार्यक्रम हात्तिको देखाउने दाँत नहोस।

नीति र कायक्रम विपरीत बजेट आयो भने हात्तिको चपाउने दाँत र देखाउने दाँत अर्कै रहेछ भन्ने हुन्छ यो खालको संकेत त हामीलाइ भइसक्यो एक कारण पचपन्न करोड भनेको त्यो हात्तिको चपाउने दाँत हो।अहिले हामी त समावेशी विकास गर्छौं भनेर भनेको छ अनि मागेको कुरा सवैले दिने भन्याछौं।यो हाम्रो बजेटको गम्भिर डिभीएशन हो लोकतन्त्रको मूलभुत मान्यताबाट विकासको अवधारणाबाट हामी डिभीएशन हुन खोजेको।यस्तो काम  नगरौं फेरी पनि म भन्छु।एकदम खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने काम नगरौं नगर्नुहोला सत्ता पक्षलाई मेरो यहि सुझाब छ।धन्यबाद।

**माननीय सभामुख :-**

माननीय सदस्यहरु अब म प्रदेश सभा अर्थ तथा विकास समितिका सभापति माननीय दिपक कोइरालालाई अर्थ तथा विकास समितिको आ.व. २०७७/७८ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

**प्रदेश सभा अर्थ तथा विकास समितिका सभापति माननीय दिपक कोइराला :-**

माननीय सभामुख महोदय,सर्वप्रथम सामन्ति निरंकुश केन्द्रिकृत एकात्मक राज्य व्यवस्थाको विरुद्ध संघिय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाको स्थापनार्थ भएका जनयुद्ध जनआन्दोलन लगायत विभिन्न संघर्षहरुमा आफ्नो प्राण आहुति दिने महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दछु।सोहि आन्दोलनका क्रममा तत्कालिन राज्य व्यवस्थाद्वारा वेपत्ता हुनुभएका बेपत्ता योद्धाहरु प्रति बिशेष सम्मान व्यक्त गर्दछु।साथै ति महान योद्धाहरु छिटै सार्वजनिक हुनेछन भनी अपेक्षा गर्दछु।एवंम घाइते अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।माननीय सभामुख महोदय संघीय शासन व्यवस्थाको पृष्ठभुमिमा नेपालले परिकल्पना गरेको शुखि नेपाल र सम्वृद्ध नेपालीको अबधारणालाई मूर्त रुप दिन मुलुकमा शुसासन आवश्यक हुन्छ। विकास र सम्वृद्धिले नै शुसासनलाइ प्रत्याभुत गर्दछ यस अर्थमा सार्वभौम जनताको प्रतिनिधी मुलक संस्था व्यवस्थापिका संसदमा मुलुकको सम्वृद्धिका लागि

वाच डकको रुपमा भुमिकामा काम गर्न बिभिन्न  विषयगत समितिहरु रहने व्यवस्था कुनै पनि लोकतान्त्रिक मुलुकको संविधानमा गरिएको हुन्छ नेपालको संविधानले सातै प्रदेशमा एक एक वटा प्रदेश सभा र सो अन्तर्गत बिभिन्न विषयगत समिति गठन गर्न सकिने व्यवस्था गरिएको छ। मिनी पार्लियामेन्टको रुपमा चिनिने संसदिय समितिको प्रभावकारिता कार्यकुशलता र सकृयताले प्रदेश सभाको गरिमा र मर्यादा कायम गर्न सहयोग पुर्याउनेछ र  समितिको प्रभावकारितामा सभाको प्रभावकारिता निर्भर रहने हुँदा समितिको कृयाशिलता जति शसक्त हुन्छ त्यतिनै सरकारलाई जनता प्रति उत्तरदायि जवाफदेहि बनाउन बल पुग्दछ। समितिले आफ्नो कार्यक्षेत्र भित्र रहेका सरकारी निकायहरुको योजना नीति कार्यक्रम बजेट परिचालन आदीका सम्वन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछ त्यस्तै आवश्यकता अनुसार स्थलगत अनुगमन तथा कार्य उपलब्धिको मूल्याङ्कन गरी कार्यन्वयनको शिलशिलामा उत्पन्न समस्याहरुको समाधानमा समेत सहयोग पुर्याउने गर्दछ। शुसासनको माध्यमबाट मुलुकमा स्थायित्व विकास र सम्वृद्धि हाँसिल गर्न समितिले खेल्ने भुमिका महत्वपूर्ण हुन्छ। संसदिय व्यवस्थामा समितिहरुले सभाको अधिवेशन नचलेको अवस्थामा आफ्ना काम कार्यबाहीहरु सूचारु रुपमा सञ्चालन गर्ने सरकारले गरेका विकास निर्माण अनुगमन गरी सुधारका लागि आवश्यक सुझाब दिने साथै प्रदेशको समसामयिक घटनाहरुको बारेमा पनि सुक्ष्म अध्ययन गरी छलफल गरी सरकारलाइ आवश्यक सुझाब र निर्देशन दिने गर्दछ।  माननीय सभामुख महोदय हामीले ठुलो त्याग र तपश्या र वलिदानका साथ ठूलो राजनैतिक परिवर्तन गर्यौ। एकात्मक निरकुश राज्य व्यवस्थाको स्थानमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको स्थापना गर्यौं। तर हाम्रो काम गर्ने कार्यशैलिहरुमा परिवर्तन गर्न सकिरहेका छैनौ। वजेट अन्तिम चौमासिकमा मात्र ठूलो खर्च गर्दछौं। काम गुणस्तरिय समयमा गर्न सक्दैनौ तुलनात्मक रुपमा सुधार आएपनि यसलाई जनअपेक्षा र आजको आवश्यकता अनुसार हाम्रो कार्यशैलिमा परिवर्तन गर्नुपर्ने र प्रदेश सरकारले आफ्नो आन्तरिक आयमा बृद्धि गर्दै राजश्वको दायरा बढाउदै लैजानुपर्ने र चालु खर्च घटाउँदै पूँजिगत खर्च समयमा नै गर्नुपर्ने आवश्यकता देखिन्छ यस तर्फ प्रदेश सरकार सम्वन्धित मन्त्रालयहरुको  विशेष ध्यान जानेछ भन्ने अपेक्षा गर्दछु सरकारको काम कार्यबाहिलाइ खालि औंला ठडयाउने कमि कमजोरीका बारेमा प्रश्न गर्ने मात्र होइन रचनात्मक र सृजनात्मक रुपले पनि सरकारका कामलाई सम्वन्धित मन्त्रालयलाइ कामलाइ व्यवस्थित गर्न सहयोग गर्न पनि समितिको कर्तव्य हुन आँउछ। म बिश्वास

दिलाउन चाहान्छु कि आगामी दिनमा समितिले सोहि अनुसार आफ्नो कार्यहरु अझै व्यवस्थित र क्रियाशिलताका साथ अघि बढाउने छ। साथै म अपेक्षा गर्दछु कि सरकार सम्वन्धित मन्त्रालयहरुलाइ समितिका राय सल्लाह सुझाब एवंम आवश्यक निर्देशनहरु अझ गम्भिरतापुर्वक लिइ समयमा नै कार्यन्वयन गर्ने छ। सरकार सदन समिति  अन्तत एउटै उद्देश्यमा केन्द्रित छन त्यो हो सम्वृद्ध प्रदेश सुखि नागरिकको  नारालाइ सार्थक बनाउनु यो महान अभियानमा हामी सवै  पक्षधरहरु एकताबद्ध भएर अघि बढौ भन्ने म बिशेष अपिल गर्न चाहन्छु। अन्त्यमा यो समितिलाइ अभिभावकत्व प्रदान गर्नु हुने माननीय सभामुख माननीय उपसभामुख समितिका माननीय सदस्यहरु प्रदेश सरकार सम्वन्धित मन्त्रालयहरु प्रदेश सभाका सचिव एवंम सचिवालयका सम्पूर्ण कर्मचारीहरु मर्यादापालक एवंम सुरक्षाकर्मिहरु समितिको काम कार्यबाहिलाइ आम नागरिक समक्ष पुर्याउनु हुने सम्पूर्ण संचारकर्मिहरु लगायत सवैलाइ समितिका तर्फबाट हार्दिक धन्यबाद दिदै प्रदेश सभा नियमावली २०७४ को नियम १५१ को उपनियम सात बमोजिम सम्मानित सभा समक्ष यो बार्षिक प्रतिवेदन पेश गर्दछु। धन्यबाद।

**माननीय सभामुख :-**

माननीय सदस्यहरु, अब म पर्यटन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्री माननीय मणिभद्र शर्मालाई मिति २०७९ जेष्ठ १२ गते गण्डकी प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको पर्यटन सम्वन्धि व्यवस्था गर्न बनेको बिधेयकमा बिचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु।

**पर्यटन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्री माननीय मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, माननीय सभामुख ज्यूको अनुमतिले सम्मानित सभामा २०७९ साल जेठ १२ गते प्रस्तुत भएको गण्डकी प्रदेशमा पर्यटन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथी विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्दछु।

**माननीय सभामुख :-**

माननीय सदस्यहरु, अब म उक्त विधेयक माथी विचार गरियोस भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस। हुन्न भन्ने आवाज सुनिएन

तसर्थ यो विधेयक माथी विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरु अब यो बैठक २०७९ साल जेठ ३० गते बिहान ११ बजे सम्मको लागि स्थगित हुन्छ।